# आर्थिक गतिविधि अध्ययन

(एकीकृत)

## अर्ध-वार्षिक प्रतिवेदन

(आ.व.२०७९/८०)





**नेपाल राष्ट्र बैंक**

आर्थिक अनुसन्धान विभाग

२०८० असार

# भूमिका

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा १२ बमोजिम बैंकले मूल्य स्थिरता, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको स्थिति, मुद्रा प्रदाय तथा विदेशी विनिमय जस्ता विषयमा अध्ययन गर्ने, तथ्याङ्क संकलन/प्रशोधन/विश्लेषण गर्ने र नीति निर्माण गर्ने काम गर्दछ। सोही ऐनको दफा १० को उपदफा ३ बमोजिम नेपाल सरकार, सार्वजनिक निकाय तथा निजी क्षेत्रले बैंकलाई आर्थिक तथा वित्तीय विषयमा आवश्यक सूचना उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ। वास्तविक क्षेत्रसँग सम्बन्धित तथ्याङ्कको नियमित संकलन तथा विश्लेषणमार्फत् मौद्रिक एवम् वित्तीय नीतिको तर्जुमा र कार्यान्वयन गर्नुपर्ने भएका कारण नेपाल राष्ट्र बैंकले नियमित रुपमा आर्थिक गतिविधि अध्ययन गरी सोको प्रतिवेदन प्रकाशन गर्दै आएको छ।

समयमै प्राप्त हुने विश्वसनीय तथ्याङ्क तथा सूचना नै आर्थिक गतिविधिको विश्लेषण तथा प्रक्षेपण गर्ने मूल आधार हो। आर्थिक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा सूचनाको विश्लेषणबाट मुलुकको आर्थिक विकासको अवस्थाको जानकारी भई आवश्यक नीति तथा कार्यक्रम तर्जुमा एवम् कार्यान्वयन गर्न सहयोग पुग्दछ। साथै, तथ्याङ्क तथा सूचनाले अर्थतन्त्रका विभिन्न क्षेत्रमा हुने परिवर्तनलाई समयमै पहिचान गरी उपयुक्त सुझावमार्फत् सरकारका नीति तथा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नमा नेपाल राष्ट्र बैंकले सहयोग पुऱ्याउँदछ।

देश संघीय संरचनामा गएपश्चात् प्रशासनिक विभाजनको स्वरुप समेत परिवर्तन भएको छ। संघीय संरचना अनुसार तीन तहको सरकार रहने संवैधानिक व्यवस्था बमोजिम प्रादेशिक संरचना अनुसार आर्थिक गतिविधि अध्ययन गरिएको छ। आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ मा भएको व्यवस्था अनुसार नेपाल राष्ट्र बैंकका प्रदेशस्थित कार्यालयबाट प्राप्त प्रतिवेदन, स्थलगत सर्वेक्षण, सरोकारवालासँगको अन्तरक्रिया र द्वितीय तथ्याङ्कका आधारमा देशका सबै जिल्लाहरु समेटी यो एकीकृत प्रतिवेदन तयार पारिएको छ। यो एकीकृत प्रतिवेदनसँगै प्रदेश अनुसार छुट्टाछुट्टै प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनहरु पनि तयार गरिएको छ। संघीय संरचनाको परिवेशमा अझैपनि अध्ययनका लागि आवश्यक पर्ने पर्याप्त तथ्याङ्कहरु उपलब्ध हुन नसकिरहेको स्थितिले अध्ययनलाई अझ खदिलो बनाउन सकिएको छैन।

यो प्रतिवेदन तयार पार्न सूचना तथा तथ्याङ्क उपलब्ध गराउनु हुने सरकारी तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरु तथा तथ्याङ्क संकलनमा समन्वय गर्न सहयोग पुऱ्याउनुहुने यस बैंकका प्रदेशस्थित कार्यालयप्रति आभार प्रकट गर्दछु। यो प्रतिवेदन तयार पार्न संयोजन गर्नुहुने निर्देशक श्री लक्ष्मी प्रसाद प्रसाईलाई विशेष धन्यवाद दिन चाहन्छु। यसैगरी, यो प्रतिवेदन तयार पार्न संलग्न हुनुहुने आर्थिक विकास महाशाखाका उप-निर्देशकहरु श्री सजना शिल्पकार, श्री प्रेम प्रसाद आचार्य र श्री जय नारायण प्रधान, सहायक निर्देशकहरु श्री सबिन थापा, श्री प्रतिभा थापा, श्री निरज घिमिरे, श्री कुशल ढकाल, श्री शीखा पोखेल र श्री राम कुमार थापालाई धन्यवाद दिन चाहन्छु।

**डा. प्रकाश कुमार श्रेष्ठ**
कार्यकारी निर्देशक

# विषय-सूची


| | | पेज नं. |
|---|---|---|
| **सारांश** | | |
| **परिच्छेद १ :** | **अध्ययन परिचय** | १ |
| **परिच्छेद २ :** | **अन्तर्राष्ट्रिय आर्थिक स्थिति** | ३ |
| **परिच्छेद ३ :** | **कृषि क्षेत्र** | ६–१६ |
| | ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र | ६ |
| | ३.२ कृषि उत्पादन | ७ |
| | ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन | ९ |
| | ३.४ सिँचाई | ११ |
| | ३.५ क्षेत्रगत कृषि कर्जा | १२ |
| | ३.६ सहुलियतपूर्ण कृषि कर्जा | १३ |
| | ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना | १४ |
| **परिच्छेद ४ :** | **उद्योग क्षेत्र** | १७–२४ |
| | ४.१ प्रदेश अनुसार उद्योगको विवरण | १७ |
| | ४.२ उद्योगको क्षमता उपयोग र उत्पादन | १७ |
| | ४.३ क्षेत्रगत औद्योगिक कर्जा | १८ |
| | ४.४ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना | २० |
| **परिच्छेद ५ :** | **सेवा क्षेत्र** | २५–३७ |
| | ५.१ पर्यटन | २५ |
| | ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट | २५ |
| | ५.३ वित्तीय सेवा | २७ |
| | ५.४ सेवा क्षेत्र कर्जा | २९ |
| | ५.५ यातायात | ३० |
| | ५.६ सहुलियतपूर्ण कर्जा | ३० |
| | ५.७ विपन्न वर्ग कर्जा | ३१ |
| | ५.८ पुनरकर्जा | ३१ |
| | ५.९ सहकारी क्षेत्र | ३२ |
| | ५.१० सेवा क्षेत्रका चुनौती र सम्भावना | ३२ |
| **परिच्छेद ६ :** | **पूर्वाधार क्षेत्र** | ३८–४७ |
| | ६.१ पूर्वाधार स्थिति | ३८ |
| | ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना | ४३ |
| **परिच्छेद ७ :** | **वाहय क्षेत्र र रोजगारी** | ४७–५२ |
| | ७.१ वैदेशिक व्यापार | ४७ |
| | ७.२ रोजगारी | ४९ |
| | ७.३ बाह्य क्षेत्रका चुनौती र सम्भावना | ५२ |
| **परिच्छेद ८ :** | **संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना** | ५३–५७ |
| | ८.१ कार्यक्रम तथा परियोजनाको कार्यान्वयन | ५३ |
| | ८.२ प्रदेशगत कार्यान्वयन भएका कार्यक्रमहरु | ५५ |
| **परिच्छेद ९ :** | **आर्थिक परिदृष्य** | ५८ |

# सारांश

आर्थिक वर्ष २०७९/८० को साउनदेखि पुससम्मको तथ्याङ्कमा आधारित अर्धवार्षिक आर्थिक गतिविधि अध्ययनको सारांश निम्नानुसार रहेको छ ।

## अन्तर्राष्ट्रिय स्थिति

१. अन्तर्राष्ट्रिय मुद्रा कोषको अप्रिल, २०२३ मा प्रकाशित तथ्याङ्क अनुसार सन् २०२२ मा विश्वको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर ३.४ प्रतिशत रहेको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०२२ मा विश्व अर्थतन्त्रको मूल्यवृद्धि दर ८.७ प्रतिशत रहेको छ ।

२. सन् २०२२ मा जि-७ अन्तर्गतका विकसित देशहरुको आर्थिक वृद्धिदर र बेरोजगारी दरमा सन् २०२१ को तुलनामा कम रहन गयो । उक्त मुलुकहरुमध्ये सन् २०२२ मा फ्रान्स र क्यानडाको बेरोजगारी दर ७ प्रतिशत माथि रहन गयो भने जापानको बेरोजगारी दर २.६ प्रतिशत कायम रहन गयो नेपालीहरुको प्रमुख श्रम गन्तव्य मुलुक साउदी अरब, मलेसिया र कुवेतको आर्थिक वृद्धिदर ८ प्रतिशत भन्दा बढी रह्यो । त्यस्तै, सन् २०२२ मा भारतको आर्थिक वृद्धिदर ६.८ प्रतिशत र चीनको आर्थिक वृद्धिदर ३.० प्रतिशत रह्यो ।

## कृषि

३. समीक्षा अवधिमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवं फलफूल तथा मसला) को उत्पादन ४.३ प्रतिशतले बढेको छ । यस्ता बालीले ढाकेको भू-क्षेत्र भने २.१ प्रतिशतले घटेको छ ।

४. खाद्य तथा अन्य बालीको उत्पादन ५.७ प्रतिशतले बढेको छ । तरकारी तथा बागबानीको उत्पादन ४.५ प्रतिशतले बढेको छ । फलफूल र मसलाको उत्पादनमा भने क्रमशः ५.२ प्रतिशत र ८.४ प्रतिशतले घटेको छ ।

५. पशुजन्य उत्पादन अन्तर्गत दूध उत्पादन १.४ प्रतिशत र मासु उत्पादन १.७ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा अण्डा उत्पादन २६.३ प्रतिशतले घटेको छ । वनजन्य उत्पादन अन्तर्गत काठ उत्पादन १६.२३ प्रतिशतले र औषधिजन्य वस्तुको उत्पादन ७.४ प्रतिशतले बढेको छ ।

## उद्योग

६. समीक्षा अवधिमा उद्योगको क्षमता उपयोग औसतमा ४२.४७ प्रतिशत रहेको छ ।

७. २०७९ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा औद्योगिक क्षेत्रमा प्रवाह भएको कर्जाको अंश २७.९ प्रतिशत रहेको छ ।

## सेवा

८. सन् २०२२ मा पर्यटक आगमन संख्या ६ लाख १४ हजार १४८ रहेको छ ।

९. घरजग्गा रजिष्ट्रेशन संख्या ५०.०३ प्रतिशतले घटी १ लाख ९६ हजार ५ सय ९५ कायम भएको छ । रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व रु.९ अर्ब ९० करोड पुगेको छ । घर भवन स्थायी नक्सा पास संख्या ३७.५ प्रतिशतले घटेको छ ।

१०. २०७८ पुस मसान्तको तुलनामा २०७९ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाको निक्षेप ९.१ प्रतिशतले र कर्जा प्रवाह ४.१ प्रतिशतले वृद्धि भएको छ ।

११. बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप र कर्जामा बागमती प्रदेशको अंश क्रमशः ६९.४ प्रतिशत र ५५.६ प्रतिशत रहेको छ। निक्षेप र कर्जामा कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (क्रमशः १.२ प्रतिशत र १.२ प्रतिशत) रहेको छ।

१२. २०७८ पुस मसान्तको तुलनामा २०७९ पुस मसान्तसम्ममा दर्ता भएका कुल सवारी साधनको संख्या ४.१ प्रतिशतले वृद्धि भएको छ।

१३. समीक्षा अवधिमा छनौटमा परेका कुल ७० सहकारी संस्थाहरूको कुल पुँजी १९.३९ प्रतिशतले बढेको छ। उक्त सहकारीहरुको कुल बचत र कर्जा सीमान्त दर (०.७५ प्रतिशत र ०.०८ प्रतिशत) ले घटेको छ।

## पूर्वाधार

१४. आर्थिक वर्ष २०७९/८० को पहिलो छ महिनासम्ममा ३४ हजार ७५ कि.मी. सडक निमार्ण भएको छ भने ३ हजार १८ पुल निर्माण भएका छन्।

१५. अन्तर्राष्ट्रिय उडानतर्फ ३ वटा नेपाली वायुसेवा र २९ वटा विदेशी वायुसेवा गरी ३२ वटा वायुसेवाले विभिन्न गन्तव्यमा उडान सञ्चालन गरिरहेका छन्। सबै मौसममा सञ्चालनमा रहने विमानस्थलको संख्या ३३ रहेको छ।

# परिच्छेद १
# अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंक, केन्द्रीय बैकको हैसियतले देशको आर्थिक गतिविधिसम्बन्धी अध्ययन गरी सोही बमोजिम समष्टिगत आर्थिक नीति निर्माण गर्ने र यस्ता अध्ययनबाट नेपाल सरकार लगायतका सरोकारवालाहरुलाई नीति निर्माण र आर्थिक निर्णयहरु गर्न सहयोग पुऱ्याउँदै आएको छ ।

नेपाल राष्ट्र बैङ्कले वि.सं.२०२५ देखि नै उपत्यका बाहिर रहेका शाखा तथा उपशाखा कार्यालयमा सम्वाददाता फाँटको व्यवस्था गरी आर्थिक गतिविधिसँग सम्बन्धित सूचना एवं तथ्याङ्क संकलन गर्ने गरेको थियो । उक्त फाँटले स्थानीय आर्थिक गतिविधिको जानकारी तोकिएको ढाँचामा समय-समयमा अनुसन्धान विभागमा पठाउने गर्दथ्यो । वि.सं.२०३२ मा कार्य निर्देशिका जारी गरी सम्वाददाता फाँटलाई क्षेत्रीय अनुसन्धान केन्द्रमा परिणत गरियो । क्षेत्रीय अनुसन्धान केन्द्रबाट आर्थिक गतिविधिसम्बन्धी अध्ययन हुने गरेकोमा वि.सं.२०४९ देखि उपत्यका बाहिरका कार्यालयमा बैंकिङ विकास तथा अनुसन्धान ईकाइको व्यवस्था गरी क्षेत्रीयस्तरमा सोही ईकाइ तथा आर्थिक अनुसन्धान विभाग, आर्थिक विकास महाशाखामार्फत् काठमाडौं उपत्यका एवम् आसपासका क्षेत्रका आर्थिक गतिविधिको अध्ययन कार्य नियमित रुपमा हुँदै आएको थियो ।

आर्थिक वर्ष २०६७/६८ देखि “नेपाल राष्ट्र बैङ्कका उपत्यका बाहिरका कार्यालयद्वारा सम्पादन गरिने अध्ययन-अनुसन्धान कार्यसम्बन्धी मार्गदर्शन, २०६७” अनुरुप देशका ४१ जिल्ला समेटी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरिएको थियो । आर्थिक वर्ष २०७०/७१ देखि देशका ४७ जिल्ला समेटी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्न थालियो । आर्थिक वर्ष २०७३/७४ देखि १० जिल्ला थप गरी ५७ जिल्लाको आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पार्ने गरिएको थियो ।

देश संघीय संरचनामा गएपश्चात् आर्थिक गतिविधि अध्ययन प्रतिवेदनलाई संघीय संरचना अनुरुप प्रकाशन गर्ने उद्देश्यले आर्थिक वर्ष २०७६/७७ देखि देशका ७ वटै प्रदेशका ७७ जिल्लालाई समावेश गरी एकीकृत र प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनहरु तयार गर्ने गरिएको छ । यसै सन्दर्भमा आर्थिक वर्ष २०७९/८० को साउनदेखि पुस मसान्तसम्म (अर्ध-वार्षिक) को तथ्याङ्कमा आधारित भई यो आर्थिक गतिविधि अध्ययन (एकीकृत) तयार पारिएको छ ।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य संघीय संरचना अनुसार तीन तहको सरकार रहने संवैधानिक व्यवस्था बमोजिम प्रादेशिक संरचना अनुसार आर्थिक गतिविधि अध्ययन/विश्लेषण गर्ने रहेको छ । साथै, विभिन्न आर्थिक क्षेत्रहरुको स्थिति र यसमा भइरहेको परिवर्तनहरुलाई विश्लेषण गर्ने समेत यस अध्ययनको उद्देश्य रहेको छ ।

## १.३ अध्ययन विधि

आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्नका लागि आवश्यक पर्ने तथ्याङ्क तथा सूचना स्थलगत भ्रमण गरी संकलन गरिएको छ । कृषिसम्बन्धी तथ्याङ्क संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्रादेशिक भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय एवम् मातहतका निर्देशनालय, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट संकलन गरिएको छ । उद्योगको तथ्याङ्क नमुना छनौटमा परेका उद्योगहरुबाट स्थलगत भ्रमण तथा विद्युतीय माध्यमबाट, बैंकिङतथ्याङ्क बैंक तथा वित्तीय संस्थाबाट संकलन गरिएको छ ।

साथै, पर्यटनसँग सम्बन्धित तथ्याङ्क पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड, होटल व्यवसायी संघबाट, घरजग्गा नक्सापाससम्बन्धी तथ्याङ्क नगरपालिकाहरुबाट, पूर्वाधारसम्बन्धी तथ्याङ्क आर्थिक पूर्वाधार कार्यालय, राष्ट्रिय योजना आयोग, अर्थमन्त्रालयबाट संकलन गरिएको छ । स्थानीय सरकार, बैंक तथा वित्तीय संस्था एवम् अन्य निजी/सार्वजनिक निकायबाट द्वितीय तथ्याङ्क संकलन गरिएको छ । तथ्याङ्क तथा सूचना संकलनको लागि इमेल, वेवसाइट तथा टेलिफोन लगायतका विद्युतीय माध्यमको प्रयोग गरिएको छ। पूर्वाधार, संघीय आयोजना, परियोजना तथा कार्यक्रम लगायतका तथ्याङ्क आर्थिक सर्वेक्षणबाट समेत लिइएको छ ।

समीक्षा अवधि, गत अवधि र दुई वर्ष अघिको तथ्याङ्क संकलन गरी समीक्षा अवधि र गत अवधिको प्रतिशत परिवर्तनको आधारमा तथ्याङ्क विश्लेषण गरिएको छ ।

## १.४ अध्ययनको सीमा

अधिकांश जिल्लाहरुबाट तथ्याङ्क स्थलगत सर्वेक्षणका क्रममा सम्बन्धित निकायमा सम्पर्क गरी संकलन गरिएको र त्यसैका आधारमा एकीकृत गरिएकोले कृषि उत्पादन, सिँचाई, पूर्वाधारलगायतका तथ्याङ्क देशको समग्र तथ्याङ्कसँग केही फरक पर्न गएका छन् । देश संघीय संरचनामा गएपश्चात् कृषि, पूर्वाधार लगायतका तथ्याङ्कलाई व्यवस्थित गर्ने कार्य जारी रहेकाले यससम्वन्धी तथ्याङ्क पूर्णरुपमा संकलन गर्न कठिनाई भएको स्थिति छ । यसर्थ, तीनै तहका सरकारी कार्यालयहरुले तथ्याङ्क संकलन र व्यवस्थापनलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता छ। कतिपय निजी उद्योग तथा प्रतिष्ठानहरुले पनि तथ्याङ्क उपलव्ध गराउन हिच्किचाउने, समयमा नै उपलव्ध नगराउने र अपूर्ण तथ्याङ्क उपलब्ध गराउने प्रवृत्ति रहेको कारण यथार्थ आर्थिक अवस्थाको बारेमा समयमा नै उजागर गर्न कठिनाई हुने गरेको स्थिति छ ।

## १.५ अध्ययन प्रतिवेदनको ढाँचा

अध्ययनलाई ९ वटा परिच्छेदमा प्रस्तुत गरिएको छ । परिच्छेद १ मा अध्ययनको परिचय, परिच्छेद २ मा कृषि, उद्योग र सेवा क्षेत्रको अन्तरराष्ट्रिय स्थिति, परिच्छेद ३ मा कृषि, परिच्छेद ४ मा उद्योग, परिच्छेद ५ मा सेवा, परिच्छेद ६ मा पूर्वाधार र परिच्छेद ७ मा वाह्य क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा विवरण प्रस्तुत गरिएको छ । यसैगरी, परिच्छेद ८ मा संघीय एवम् प्रादेशिक योजना तथा कार्यक्रम र परिच्छेद ९ मा आर्थिक परिदृष्य प्रस्तुत गरिएको छ ।

## परिच्छेद २
# अन्तर्राष्ट्रिय आर्थिक स्थिति

## २.१ विश्व आर्थिक स्थिति

२.१.१. विश्व अर्थतन्त्रको आर्थिक वृद्धिदर घट्दो क्रममा रहेको छ । अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) द्वारा अप्रिल २०२३ मा अद्यावधिक गरिएको World Economic Outlook (WEO) अनुसार सन् २०२२ मा ३.४ प्रतिशतले वृद्धि भएको विश्व अर्थतन्त्र सन् २०२३ मा २.८ प्रतिशतका दरले वृद्धि हुने प्रक्षेपण छ ।

२.१.२. विश्वको मुद्रास्फीति दर सुधार हुँदै जाने देखिएको छ । विश्वका विकसित मुलुकहरूको मुद्रास्फीति दर सन् २०२२ मा ७.३ प्रतिशत रहेकोमा सन् २०२३ मा ४.७ प्रतिशत रहने प्रक्षेपण छ । त्यसैगरी, उदीयमान तथा विकासशील मुलुकहरूको मुद्रास्फीति दर सन् २०२२ मा ९.८ प्रतिशत रहेकोमा सन् २०२३ मा ८.६ प्रतिशत रहने कोषको प्रक्षेपण छ ।

२.१.३. अन्तर्राष्ट्रिय मुद्रा कोषको तथ्याङ्क अनुसार सन् २०२२ मा विश्वको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर ३.४ प्रतिशत रहन गयो । सन् २०२२ मा जि-७ अन्तर्गतका विकसित देशहरुको आर्थिक वृद्धिदर र बेरोजगारी दरमा सन् २०२१ को तुलनामा कम रहन गयो । उक्त मुलुकहरुमध्ये सन् २०२२ मा फ्रान्स र क्यानडाको बेरोजगारी दर ७ प्रतिशत माथि रहन गयो भने जापानको बेरोजगारी दर २.६ प्रतिशत कायम रहन गयो ।

**तालिका २.१ : विश्वको आर्थिक वृद्धिदर र बेरोजगारीको स्थिति**

| मुलुक | आर्थिक वृद्धिदर | | वेरोजगारी दर | |
|---|---|---|---|---|
| | २०२१ | २०२२ | २०२१ | २०२२ |
| क्यानडा | ४.६ | ३.४ | ७.४ | ५.३ |
| फ्रान्स | ७.० | २.६ | ७.९ | ७.३ |
| जर्मनी | २.८ | १.८ | ३.५ | ३.१ |
| इटाली | ६.६ | ३.७ | ९.५ | ८.१ |
| जापान | १.६ | १.१ | २.८ | २.६ |
| बेलायत | ७.४ | ४.० | ४.५ | ३.७ |
| अमेरिका | ५.७ | २.१ | ५.४ | ३.६ |

*स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल २०२३*

सन् २०२२ मा नेपालीहरुको प्रमुख वैदेशिक रोजगार गन्तव्य मुलुकहरुको आर्थिक वृद्धि सामान्य रह्यो । नेपालीहरुको प्रमुख श्रम गन्तव्य मुलुक साउदी अरेयिबा, मलेसिया र कुवेतको आर्थिक वृद्धिदर ८ प्रतिशत भन्दा बढी रह्यो भने दक्षिण कोरिया र जापानको वृद्धिदर क्रमशः २.६ प्रतिशत र १.१ प्रतिशत रहन गयो ।

**तालिका २.२ : नेपालीहरुको वैदेशिक रोजगारको प्रमुख गन्तव्य मुलुकहरुको आर्थिक वृद्धिदर ।**

| मुलुक | आर्थिक वृद्धिदर | |
|---|---|---|
| | २०२१ | २०२२ |
| साउदी अरेबिया | ३.९ | ८.७ |
| कतार | १.६ | ४.२ |
| यूएई | ३.९ | ७.४ |
| बहराईन | २.७ | ४.२ |
| कुवेत | १.३ | ८.२ |
| ओमान | २.९ | ४.३ |
| जपान | २.१ | १.१ |
| मलेसिया | ३.१ | ८.७ |
| दक्षिण कोरिया | ४.१ | २.६ |
| साइप्रस | ६.६ | ५.६ |

*स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल २०२३*

सन् २०२२ मा छिमेकी मुलुकहरुको आर्थिक गतिविधि सामान्य रहेको छ । सन् २०२१ मा ४१.७ प्रतिशतले वृद्धि भएको माल्दिभसको अर्थतन्त्र सन् २०२२ मा १२.३ प्रतिशतले वृद्धि भयो । यसैगरी, सन् २०२१ मा बंगलादेशको अर्थतन्त्र ७.१ प्रतिशतले वृद्धि भयो भने श्रीलङ्काको अर्थतन्त्र ८.७ प्रतिशतले ऋणात्मक रहन गयो ।

**तालिका २.३ : दक्षिण एशियाली देशहरुको आर्थिक वृद्धिदर**

| मुलुक | आर्थिक वृद्धिदर | |
|---|---|---|
| | २०२१ | २०२२ |
| बंगलादेश | ६.९ | ७.१ |
| भुटान | -३.३ | ४.३ |
| भारत | ९.१ | ६.८ |
| माल्दिभ्स | ४१.७ | १२.३ |
| नेपाल | ४.२ | ५.८ |
| पाकिस्तान | ५.६ | ४.० |
| श्रीलङ्का | ३.३ | -८.७ |

*स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल २०२३*

सन् २०२२/२३ मा नेपाल, भारत तथा चीनको कुल गार्हस्थ्य उत्पादनमा तृतीय क्षेत्रको योगदान सबैभन्दा बढी रहेको छ । सन् २०२२/२३ मा भारतको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः २१.० प्रतिशत, २५.६ प्रतिशत र ५३.४ प्रतिशत रहेको छ भने सोही अवधिमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको वृद्धिदर क्रमश : ३.३ प्रतिशत, ४.३ प्रतिशत र ९.१ प्रतिशत रहेको छ ।

साथै, चीनको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः ७.३ प्रतिशत, ३९.९ प्रतिशत र ५२.८ प्रतिशत रहेको छ भने प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको वृद्धिदर क्रमशः ४.१ प्रतिशत, ३.८ प्रतिशत र २.३ प्रतिशत रहेको छ ।

**तालिका २.४ : नेपाल, भारत र चीनको क्षेत्रगत वृद्धिदर तथा हिस्सा (प्रतिशतमा)**

| क्षेत्र | हिस्सा | | | वृद्धिदर | | |
|---|---|---|---|---|---|---|
| | भारत | चीन | नेपाल | भारत | चीन | नेपाल |
| प्राथमिक क्षेत्र | २१.० | ७.३ | २४.६ | ३.३ | ४.१ | २.७ |
| द्वितिय क्षेत्र | २५.६ | ३९.९ | १२.९ | ४.३ | ३.८ | ०.६ |
| तृतीय क्षेत्र | ५३.४ | ५२.८ | ६२.४ | ९.१ | २.३ | २.३ |
| **कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर** | | | | **६.७** | **३.०** | **२.२** |

*स्रोत :*

*भारत : आर्थिक सर्वेक्षण २०२२/२३*
*चीन : नेशनल ब्यूरो अफ स्टयाटिस्टिक्स,२०२३*
*नेपाल : केन्द्रीय तथ्याङ्क विभाग, २०२३*

## २.२ मूल्य स्थिति

अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०२१ मा ४.७ प्रतिशत रहेको विश्व अर्थतन्त्रको मूल्यवृद्धि दर सन् २०२२ मा ८.७ प्रतिशत रहन गयो ।

**तालिका २.५ : विश्वको मुद्रास्फीति**
**(उपभोक्ता मूल्यमा आधारित, प्रतिशत)**

| अर्थतन्त्र | २०२१ | २०२२ |
|---|---|---|
| विश्व अर्थतन्त्र | ४.७ | ८.७ |
| विकसित अर्थतन्त्र | ३.१ | ७.३ |
| उदीयमान तथा विकासशील अर्थतन्त्र | ५.९ | ९.८ |
| उदीयमान तथा विकासशील एशिया | २.२ | ३.८ |
| उदीयमान तथा विकासशील युरोप | ९.६ | २७.९ |
| ल्याटिन अमेरीका तथा क्यारेबियन | ९.८ | १४.१ |
| मध्यपूर्व तथा मध्य एशिया | १२.८ | १४.३ |
| सव साहारा अफ्रिका | ११.० | १४.५ |

*स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल २०२३*

सन् २०२१ को तुलनामा सन् २०२२ मा दक्षिण एशियाली मुलुकहरुमध्ये भुटान बाहेकका मुलुकहरुको उपभोक्ता मुद्रास्फीति बढ्न गएको छ । भारत र चीनको उपभोक्ता मुद्रास्फीति सन् २०२१ मा क्रमश: ५.५ प्रतिशत र ०.९ प्रतिशत रहेकोमा सन् २०२२ मा ६.७ प्रतिशत र १.९ प्रतिशत रहन गएको छ । नेपालको मुद्रास्फीति सन् २०२१ को तुलनामा सन् २०२२ मा बढ्न गएको छ ।

**तालिका २.६ : दक्षिण एशियाली मुलुक तथा चीनको मुद्रास्फीति**
**(उपभोक्ता मूल्यमा आधारित, प्रतिशत)**

| मुलुक | २०२१ | २०२२ |
|---|---|---|
| बंगलादेश | ५.६ | ६.१ |
| भुटान | ८.२ | ५.९ |
| भारत | ५.५ | ६.७ |
| मालदिभ्स | ०.२ | २.६ |
| नेपाल | ३.६ | ६.३ |
| श्रीलङ्का | ६.० | ४६.४ |
| पाकिस्तान | ८.९ | १२.१ |
| चीन | ०.९ | १.९ |

*स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल २०२३*

oil-price.net मा उपलब्ध तथ्याङ्क अनुसार सन् २०२२ को जनवरी १ मा ७९.२० अमेरिकी डलर प्रति ब्यारल रहेको कच्चा तेलको मूल्य सन् २०२३ को जनवरी ३ मा अमेरिकी डलर ८२.१० मा पुगेको छ । कोभिड-१९ पछि प्रभावकारी माग वृद्धि र आपूर्ति श्रृङ्खलामा आएको अवरोधका कारण तेलको मूल्यमा अत्यधिक वृद्धि भएको छ ।


## परिच्छेद ३
# कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०७९/८० को पहिलो छ महिनामा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवं फलफूल तथा मसला) ले ढाकेको कुल क्षेत्रफल २.१ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल २ प्रतिशतले बढेको थियो।

**खाद्य तथा अन्य बाली :** समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल २.१ प्रतिशतले घटेको छ। गत वर्ष यस्तो क्षेत्रफल नगन्य प्रतिशतले घटेको थियो। समग्र कृषि बालीको क्षेत्रफलमा धान बालीको क्षेत्रफल सबैभन्दा धेरै ३०.२ प्रतिशत रहेको छ। प्रमुख खाद्य बालीमध्ये मकै बालीको क्षेत्रफल २०.८ प्रतिशत र गहुँ बालीको क्षेत्रफल १४.९ प्रतिशत रहेको छ। कोदो बालीको क्षेत्रफल ५.८ प्रतिशत र जौ बालीको क्षेत्रफल ०.५ प्रतिशत मात्र रहेको छ।

**चार्ट ३.१ : प्रमुख खाद्यन्न बालीले ढाकेको क्षेत्रफल (लाख हेक्टरमा)**




*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्रहरु*

**तरकारी :** समीक्षा अवधिमा तरकारी बालीले ढाकेको क्षेत्रफल ५.९ प्रतिशतले घटेको छ भने बागवानीले ढाकेको क्षेत्रफल ०.६ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा उक्त बालीले ढाकेको क्षेत्रफल क्रमशः ०.५ प्रतिशत र १.० प्रतिशतले बढेको थियो।

**फलफूल :** समीक्षा अवधिमा फलफूल बालीले ढाकेको क्षेत्रफल १.२ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा यस्ता बालीले ढाकेको क्षेत्रफल ३.६ प्रतिशतले बढेको थियो।

**मसला :** समीक्षा अवधिमा मसला बालीले ढाकेको क्षेत्रफल २.४ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा यस्ता बालीले ढाकेको क्षेत्रफल १.१ प्रतिशतले बढेको थियो।

**प्रदेशगत स्थिति :** समीक्षा अवधिमा कोशी प्रदेश, मधेश प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, तथा सुदूरपश्चिम प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल घटेको छ भने कर्णाली प्रदेशमा मात्र खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल बढेको छ । तरकारी तथा बागवानी बालीले ढाकेको क्षेत्रफल कोशी प्रदेश, मधेश प्रदेश, गण्डकी प्रदेश र कर्णाली प्रदेशमा घटेको छ भने बागमती, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा वृद्धि भएको छ । समीक्षा अवधिमा मधेश प्रदेश, बागमती प्रदेश, लुम्बिनी प्रदेश र कर्णाली प्रदेशमा फलफूल बालीले ढाकेको क्षेत्रफल वृद्धि भएको छ भने कोशी प्रदेश, गण्डकी प्रदेश र सुदूरपश्चिम प्रदेशमा फलफूल बालीले ढाकेको क्षेत्रफल घटेको छ । मसला बालीले ढाकेको क्षेत्रफल कोशी प्रदेश, मधेश प्रदेश र गण्डकी प्रदेश बाहेकका प्रदेशहरुमा वृद्धि भएको छ । धान बालीले ढाकेको कुल क्षेत्रफलमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी (२५.९ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (२.७ प्रतिशत) रहेको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका १(क-ख) मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र (२०७९ पुस)**

| प्रदेश | क्षेत्रफल (हेक्टर) | | | | प्रदेशगत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला |
| कोशी प्रदेश | ८४८५६७.० | ३४००१.० | २२८५३.१ | २१६४७.३ | २०.२ | १३.२ | १४.३ | ३२.८ |
| मधेश प्रदेश | ८०३७९५.९ | ५५९१२.० | ४२०४१.० | ८१८२.० | १९.२ | २१.७ | २६.३ | १२.४ |
| बागमती प्रदेश | ५६२०१३.६ | ५१२९३.० | १६३९३.० | ६५६२.० | १३.४ | १९.९ | १०.३ | ९.९ |
| गण्डकी प्रदेश | ४२७८०५.८ | १८९७९.८ | १७०५५.० | ६५१८.६ | १०.२ | ७.४ | १०.७ | ९.९ |
| लुम्बिनी प्रदेश | ८०३०६६.६ | ४७९५८.६ | १७३५५.५ | ७२१४.४ | १९.१ | १८.६ | १०.९ | १०.९ |
| कर्णाली प्रदेश | २८१४६९.२ | २५७०२.० | ३३९३२.० | ८०४५.० | ६.७ | १०.० | २१.२ | १२.२ |
| सुदूर पश्चिम प्रदेश | ४६७४५९.० | २४०१९.५ | १०२७२.६ | ७८५२.५ | ११.१ | ९.३ | ६.४ | ११.९ |
| **जम्मा** | **४१९४१७७.२** | **२५७८६५.९** | **१५९९०२.२** | **६६०२१.८** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्रहरु*


खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी २०.२ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ६.७ प्रतिशत रहेको छ (तालिका ३.१) । तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी २१.७ प्रतिशत र गण्डकी प्रदेशको हिस्सा सबैभन्दा कम ७.४ प्रतिशत रहेको छ । फलफूल बालीले ढाकेको क्षेत्रफलमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी २६.३ प्रतिशत र सुदूर पश्चिम प्रदेशको हिस्सा सबैभन्दा कम ६.४ प्रतिशत रहेको छ । यसैगरी, मसला बालीले ढाकेको क्षेत्रफलमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी ३२.८ प्रतिशत र बागमती तथा गण्डकी प्रदेशको हिस्सा सबैभन्दा कम ९.९ प्रतिशत रहेको छ ।

## ३.२ कृषि उत्पादन

समीक्षा अवधिमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी र फलफूल तथा मसला) को कुल उत्पादन ४.३ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा यस्ता बालीको उत्पादन ०.१ प्रतिशतले घटेको थियो ।

**खाद्य तथा अन्य बाली :** समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादन ५.७ प्रतिशतले बढेको छ भने गत वर्ष यस्तो उत्पादन ०.४ प्रतिशतले घटेको थियो । समग्र कृषि बालीको उत्पादनमा धान बालीको उत्पादन हिस्सा सबैभन्दा बढी २६.८ प्रतिशत रहेको छ । यसैगरी मकै र धान बालीको उत्पादनको समग्र कृषि उत्पादनमा क्रमश: १५.६ र १०.२ प्रतिशत रहेको छ ।

**चार्ट ३.२ : प्रमुख कृषि बालीको उत्पादन (लाख मे. टनमा)**




*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्रहरु*

## धान बालीको उत्पादनको प्रवृत्ति

विगत दश वर्षमा समग्र देशको धान बाली उत्पादनको तथ्याङ्क देहाय बमोजिम रहेको छ । दश वर्षको तथ्याङ्क विश्लेषण गर्दा समग्रमा धान बालीको उत्पादकत्वमा सामान्य वृद्धि भएको देखिन्छ । सिंचाइको लागि आकासे पानीमा भरपर्नु तथा आधुनिक कृषि खेती तथा उन्नत विउको प्रयोगमा उल्लेख्य वृद्धि नहुनुले बालीको उत्पादकत्व उल्लेख्य रुपमा वृद्धि हुन सकेको छैन ।

**तालिका ३.२ धान बालीको उत्पादन (२०७९ पुस)**

| आर्थिक वर्ष | क्षेत्रफल (हजार हेक्टरमा) | उत्पादन (हजार मेट्रिक टनमा) | उत्पादकत्व (मे.टन प्रति हेक्टर) |
|---|---|---|---|
| २०७०/७१ | १४८७ | ५०४७ | ३.४ |
| २०७१/७२ | १४२६ | ४७८९ | ३.४ |
| २०७२/७३ | १३६३ | ४२९९ | ३.२ |
| २०७३/७४ | १५५२ | ५२३० | ३.४ |
| २०७४/७५ | १४६९ | ५१५२ | ३.५ |
| २०७५/७६ | १४९२ | ५६१० | ३.८ |
| २०७६/७७ | १४५९ | ५५५१ | ३.८ |
| २०७७/७८ | १४७३ | ५६२२ | ३.८ |
| २०७८/७९ | १४७७ | ५१३० | ३.५ |
| २०७९/८० | १४४७ | ५४८६ | ३.८ |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय*

**तरकारी :** समीक्षा अवधिमा तरकारी उत्पादन ४.५ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा तरकारी उत्पादन ०.९ प्रतिशतले घटेको थियो ।

**फलफूल :** समीक्षा अवधिमा फलफूल बालीको समग्र उत्पादन ५.२ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ६.५ प्रतिशतले बढेको थियो ।

**मसला :** समीक्षा अवधिमा मसला बालीको समग्र उत्पादन ८.४ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ४.७ प्रतिशतले बढेको थियो ।

**प्रदेशगत स्थिति :** समीक्षा अवधिमा मधेश प्रदेश, बागमती प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिममा खाद्य तथा अन्य बालीको उत्पादन बढेको छ भने कोशी प्रदेश तथा गण्डकी प्रदेशमा घटेको छ। तरकारी उत्पादन मधेश प्रदेश, बागमती प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश तथा सुदूरपश्चिमको उत्पादन बढेको छ भने बाँकी सबै प्रदेशमा घटेको छ। फलफूल बालीको उत्पादन लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा बढेको छ भने बाँकी सबै प्रदेशमा घटेको छ। धान बालीको कुल उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी २५.३ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम २.४ प्रतिशत रहेको छ ।

**तालिका ३.३ कृषि बालीको उत्पादन (मे.टन) (२०७९ पुस)**

| प्रदेश | उत्पादन (मेट्रिक टन) | | | | प्रदेशगत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला |
| कोशी प्रदेश | ३३३२७९९.९ | ४७०२२५.२ | २१७७४४.९ | ६१९४२.८५ | २१.० | १४.६ | २२.५ | १५.३ |
| मधेश प्रदेश | ३७२०२८९.६ | ९५९८८१ | २०६२९० | ६८२८८ | २३.४ | २९.८ | २१.३ | १६.९ |
| बागमती प्रदेश | २२२०५९०.३ | ७०८४६९ | १०४८०३ | ४७९५२.५ | १४.० | २२.० | १०.८ | ११.८ |
| गण्डकी प्रदेश | १३४०६७५.८ | २३००२३.५ | १२०२४१.३ | ३४१७३.८ | ८.४ | ७.१ | १२.४ | ८.४ |
| लुम्बिनी प्रदेश | २६८६२११.८ | ४२११८६.२ | १२३१७८.२ | ४६१०६.६ | १६.९ | १३.१ | १२.७ | ११.४ |
| कर्णाली प्रदेश | ८१०२३७.१६ | १५५४४१ | ११२४२६.५ | ६७७५७.४४ | ५.१ | ४.८ | ११.६ | १६.७ |
| सुदूर पश्चिम प्रदेश | १७७०७९९.४ | २७५३८५ | ८१७१४.८ | ७८७६४.९ | ११.२ | ८.६ | ८.५ | १९.४ |
| **जम्मा** | **१५८८१६०४** | **३२२०६११** | **९६६३९८.७** | **४०४९८६.१** | **१००** | **१००** | **१००** | **१००** |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्रहरु*

खाद्य तथा अन्य बालीको उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी २३.४ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.१ प्रतिशत रहेको छ (तालिका ३.३)। तरकारी तथा बागवानी उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी २९.८ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.८ प्रतिशत रहेको छ। त्यस्तै, फलफूल बालीको उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी २२.५ प्रतिशत रहेको छ भने सुदूर पश्चिम प्रदेशको हिस्सा सबैभन्दा कम ८.५ प्रतिशत रहेको छ। मसला बालीको उत्पादनमा सुदूरपश्चिम प्रदेशको हिस्सा सबैभन्दा बढी १९.४ प्रतिशत रहेको छ भने गण्डकी प्रदेशको हिस्सा सबैभन्दा कम ८.४ प्रतिशत रहेको छ ।

## ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

**पशुजन्य उत्पादन :** समीक्षा अवधिमा दूध उत्पादन १.४ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा दूध उत्पादन २.० प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा मासु उत्पादन १.७ प्रतिशतले बढेको छ भने गत वर्षको सोही अवधिमा मासु उत्पादन ९.३ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा अण्डा उत्पादन

२६.३ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा अण्डा उत्पादन ९ प्रतिशतले घटेको थियो। यसैगरी, ऊन तथा छाला उत्पादन क्रमशः ५.१ प्रतिशत र ७.९ प्रतिशतले बढेको छ।

**माछा उत्पादन :** समीक्षा अवधिमा माछा उत्पादन ५.८ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा माछा उत्पादन ६ प्रतिशतले बढेको थियो।

**वनजन्य उत्पादन :** समीक्षा अवधिमा वनजन्य उत्पादनतर्फ काठ उत्पादन १६.२३ प्रतिशत, दाउरा उत्पादन ४७.३४ प्रतिशत र औषधिजन्य वस्तुको उत्पादन ७.४ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा काठ उत्पादन २४.६ प्रतिशत, औषधिजन्य वस्तुको उत्पादन २२.३ प्रतिशतले बढेको थियो भने दाउरा उत्पादन ४.३ प्रतिशत र अन्य उत्पादन ७७.३ प्रतिशतले घटेको थियो। यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ४ (क-ख) मा दिइएको छ।


**तालिका ३.४ प्रमुख पशुपन्छी, माछा तथा वनजन्य उत्पादन (२०७९ पुस)**

| प्रदेश | उत्पादन | | | | हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दूध (हजार लिटर) | मासु (मे.टन) | अण्डा (हजार गोटा) | माछा (मे.टन) | दूध | मासु | अण्डा | माछा |
| कोशी प्रदेश | ३२३४३५.८५ | ५५८२८.९८ | १२४८४९.४२ | ५९७४.३१ | १८.१ | १५.७ | १७.० | ८.९ |
| मधेश प्रदेश | ३३८७५७.०० | ८३१५७.१६ | ७३४७२.०० | २६३७५.०० | १८.९ | २३.३ | १०.० | ३९.३ |
| बागमती प्रदेश | ४२०१७०.९३ | ५८८७१.७१ | २४५५०८.०१ | २८५९.३४ | २३.५ | १६.५ | ३३.३ | ४.३ |
| गण्डकी प्रदेश | २१७१०१.२१ | ३९०८९.०० | ९८९८४.१५ | १२५१८.१४ | १२.१ | ११.० | १३.४ | १८.७ |
| लुम्बिनी प्रदेश | २९७४३५.२६ | ६३७६७.२३ | ८२३०७.३३ | ७२३८.२७ | १६.६ | १७.९ | ११.२ | १०.८ |
| कर्णाली प्रदेश | ३५४५२.६४ | २११३०.०१ | ४९०५३.८९ | १००.४७ | २.० | ५.९ | ६.७ | ०.१ |
| सुदूर पश्चिम प्रदेश | १५५६८०.६२ | ३४७३१.०९ | ६२१३८.३५ | ११९९१.५२ | ८.७ | ९.७ | ८.४ | १७.९ |
| **जम्मा** | **१७८८०३३.५०** | **३५६५७५.१८** | **७३६३१३.१५** | **६७०५७.०५९** | **१००** | **१००** | **१००** | **१००** |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु*

दूध उत्पादनको हिस्सा बागमती प्रदेशमा सबैभन्दा बढी (२३.५ प्रतिशत) रहेको छ भने सबैभन्दा कम हिस्सा कर्णाली प्रदेशमा (२.० प्रतिशत) रहेको छ (तालिका ३.४)। मासु उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी (२३.३ प्रतिशत) र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (५.९ प्रतिशत) रहेको छ। अण्डा उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी (३३.३ प्रतिशत) र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (६.७ प्रतिशत) रहेको छ। यसैगरी, माछा उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी (३९.३ प्रतिशत) र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (०.१ प्रतिशत) रहेको छ।

**चार्ट ३.३ : प्रदेशगत दूध, मासु, अण्डा र माछा उत्पादन हिस्सा**





*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु*

## ३.४ सिँचाई

समीक्षा अवधिमा कुल सिँचित क्षेत्रफलमा ०.४ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा कुल सिँचित क्षेत्रफल ३.१ प्रतिशतले बढेको थियो । कुल खेती गरिएको भू-भागमध्ये ४३.८ प्रतिशत क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ । देशको कुल खेतीयोग्य क्षेत्रफलमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी २२.५ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ६ प्रतिशत रहेको छ ।

यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ५ (क-ख) मा प्रस्तुत गरिएको छ ।

**चार्ट ३.४ : सिँचाइ क्षेत्रफलमा भएको विस्तार (लाख हेक्टरमा)**




*स्रोत : उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयहरु*

देशको कुल सिञ्चित क्षेत्रफलमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी २५.७ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.३ प्रतिशत रहेको छ (तालिका ३.५) ।

**तालिका ३.५ : सिञ्चित क्षेत्रफलमा प्रदेशगत हिस्सा**


| **प्रदेश** | **क्षेत्रफल** (हेक्टरमा) | **हिस्सा** (प्रतिशतमा) |
|---|---|---|
| कोशी प्रदेश | २,९४,४८६.० | २३.४ |
| मधेश प्रदेश | ३,२३,५६४.७ | २५.७ |
| बागमती प्रदेश | १,२५,८७३.० | १०.१ |
| गण्डकी प्रदेश | १,४९,२३८.० | ११.९ |
| लुम्बिनी प्रदेश | २,०५,३३४.५ | १६.३ |
| कर्णाली प्रदेश | ५३,९८८.३ | ४.३ |
| सुदूर पश्चिम प्रदेश | १,०४,२२७.० | ८.३ |
| **जम्मा** | **१२,५६,९२०.८** | **१००** |

*स्रोत : उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयहरु*

## ३.५ क्षेत्रगत कृषि कर्जा

२०७८ पुस मसान्तको तुलनामा २०७९ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट कृषिमा प्रवाहित कर्जा १४.३ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ४४ अर्ब ७६ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा २५.९ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा कुल कृषि कर्जामध्ये सबैभन्दा बढी रु.८६ अर्ब ८७ करोड कर्जा अन्य कृषि तथा कृषिजन्य सेवा शीर्षकमा प्रवाह भएको छ भने सबैभन्दा कम सिँचाईमा रु.१६ करोड ४ लाख प्रवाह भएको छ । कृषि क्षेत्रमा प्रवाहित कर्जामा कोशी प्रदेशको अंश १६.८ प्रतिशत, मधेश प्रदेशको अंश १६.३ प्रतिशत, बागमती प्रदेशको अंश ३५.९ प्रतिशत, गण्डकी प्रदेशको अंश ८.९ प्रतिशत, लुम्बिनी प्रदेशको अंश १५.३ प्रतिशत, कर्णाली प्रदेशको अंश १.६ प्रतिशत र सुदूर पश्चिम प्रदेशको अंश ५.२ प्रतिशत रहेको छ (अनुसूची ६-क र ख) ।

**चार्ट ३.५ : कृषि कर्जाको प्रदेशगत हिस्सा**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु, २०७९ पुस*

## ३.६ सहुलियतपूर्ण कृषि कर्जा

२०७९ पुस मसान्तसम्म सहुलियतपूर्ण कर्जातर्फ १ लाख ४८ हजार ३ सय ४२ ऋणीलाई रु.२ खर्ब १० अर्ब ४५ करोड ऋण लगानीमा रहेको छ। यस अवधिमा प्रवाहित सहुलियतपूर्ण कर्जामध्ये सबैभन्दा बढी व्यावसायिक कृषि तथा पशुपन्छी व्यवसायतर्फ ६१ हजार ५६ ऋणीलाई रु.१ खर्ब ४१ अर्ब २१ करोड कर्जा बक्यौता रहेको छ। अन्य बाँकी शीर्षक अन्तर्गत ८७ हजार २ सय ८६ ऋणीको रु.६९ अर्ब २४ करोड कर्जा बक्यौता रहेको छ।

**तालिका ३.६ : सहुलियतपूर्ण कर्जाको विवरण**

| कर्जा प्रकार | ऋणी संख्या | | | कर्जा रकम (रु.दश लाखमा) | | |
|---|---|---|---|---|---|---|
| | २०७७ पुस | २०७८ पुस | २०७९ पुस | २०७७ पुस | २०७८ पुस | २०७९ पुस |
| व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा | ४६,०५७ | ६०,५४५ | ६१,०५६ | १०६,९७८.४ | १३९,२३४.१ | १४१,२१३.४ |
| शिक्षित युवा स्वरोजगार कर्जा | १४० | १५७ | १६९ | ६४ | ७६ | ४९ |
| विदेशवाट फर्केका युवा परियोजना कर्जा | ८३९ | ९५२ | ९२९ | ५९८ | ५६४ | ४९६ |
| महिला उद्यमशील कर्जा | ५५,५५१ | ८४,००१ | ८४,४१३ | ५०,९८४.४ | ७०,९९६.१ | ६५,८४८.७ |
| दलित समुदाय व्यवसाय विकास कर्जा | ९६५ | १,०९७ | १,०७० | ५७३ | ५८२ | ५१६ |
| उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जा | १११ | १४८ | १३० | २५ | ३७ | ३४ |
| भूकम्प पिडितहरुको निजी आवास निर्माण कर्जा | २३१ | २०८ | २१९ | ४९ | ३२ | ५४ |
| कपडा उद्योग सञ्चालन | २१० | २५५ | ३१९ | २,१६२.५ | २,३५८.५ | २,२२९.६ |
| CTEVT मान्यता प्राप्त सदस्यबाट लिइने तालिम | २ | २ | २ | ० | ० | ० |
| युवा स्वरोजगार कर्जा | ३ | २८ | ३५ | १ | ९ | ११ |
| **जम्मा** | **१०४,१०९** | **१४७,३९३** | **१४८,३४२** | **१६१,४३६.१** | **२१३,८८९.३** | **२१०,४५२.०** |

*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु, २०७९*

## ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

### ३.७.१ चुनौती

कृषि क्षेत्रका अधिकांश चुनौतीहरु विगतका प्रवृत्तिसँग यथावत नै रहेका छन् । यसका साथै जलवायु परिवर्तनले निम्त्याएको बढ्दो तापक्रम, खडेरी, अनिश्चित वर्षा, पहिरो, बाढी, असिना जस्ता प्रकोपहरुले कृषि चक्रमा पारेको प्रभावलाई व्यवस्थापन गर्दै सो चक्रलाई पहिचान गरी परिवर्तित चक्र अनुसारको खेती गर्नु हाल नयाँ चुनौतीको रुपमा देखिन्छ । कृषि तथा गैरकृषि जमीनलाई वर्गीकरण गर्ने अधिकार स्थानीय तहलाई दिँदा खेतीयोग्य, समथर र उर्वर भूमिलाई घडेरी तथा आवासीय प्रयोजनका लागि खण्डीकृत गर्ने प्रवृत्ति बढ्दै गएकाले कृषि योग्य जमिनलाई सोही अनुरुप वर्गिकरणमा राख्नु चुनौतीपूर्ण रहेको छ । यसैगरी कृषि तथा पशुसँग सम्बन्धित तथ्याङ्क संकलन गर्ने निकायहरुको स्रोत र साधनको व्यवस्थापन गरी एकद्वार प्रणालीमार्फत् तथ्याङ्क उपलब्ध गर्न आवश्यक सफ्टवेयर तथा संयन्त्र विकास गर्नुका साथै आवश्यकता अनुसारको कृषि तथा भेटेरिनरी शिक्षाको विकास गरी आगामी पुस्तालाई यस पेशातर्फ आकर्षित गर्नु चुनौतीपूर्ण रहेको छ । आयातित र उत्पादित कृषिजन्य वस्तुको गुणस्तर परीक्षण पश्चात मात्र बजारमा पठाउने व्यवस्था गर्ने तथा भारतबाट हुने खुल्ला कृषि सामाग्री आयातलाई नियन्त्रण गर्नु पनि चुनौतीपूर्ण रहेको छ । आवधिक योजनाले पहिचान गरेको समस्यालाई सुल्झाउँदै कृषि क्षेत्रमा अवसरहरु सृजना गर्नु चुनौतीपूर्ण रहेको छ ।

यी बाहेक प्रदेशगत रुपमा रहेका चुनौतीहरु देहायबमोजिम तालिका ३.७ मा उल्लेख गरिएको छ ।

**तालिका ३.७ : कृषि क्षेत्रको प्रदेशगत चुनौती**

| प्रदेश | कृषि क्षेत्रका चुनौती |
|---|---|
| कोशी प्रदेश | • नेपाल व्यापार एकीकृत रणनीति–२०१६ ले पहिचान गरेका तुलनात्मक लाभ भएका कृषि उपजमध्ये यस प्रदेशमा उत्पादन हुने उच्च मूल्यका कृषि उपजहरु जस्तैः अलैंची, अदुवा, चियाको आदिको उत्पादन वृद्धि, गुणस्तरको आधारमा श्रेणीकरण र बजारीकरण गर्नु ।<br>• कोशी प्रदेशमा तीव्ररुपमा बंगुर पालन व्यवसाय विस्तार भई बंगुर तथा पाठापाठीको अधिक उत्पादन भएको तर उत्पादन बमोजिम मासुको माग नभएको साथै मासु प्याकेजिङ, प्रोसेसिङ्ग तथा कोल्डस्टोर लगायतका उद्योगहरुको अभाव देखिएकोले बंगुरपालक किसानहरुलाई बजार सुनिश्चितता प्रदान गरी उचित मूल्य पाउने वातावरण तयार गर्नु । |
| मधेश प्रदेश | • धान वालीमा SRI (System of Rice Intensification) प्रविधिको प्रयोग गरी उत्पादन बढाउन पहल गर्नुका साथै समयमा नै कृषकहरूलाई आवश्यक परिमाणमा मलखाद तथा बिउबीजन उपलब्ध हुने सुनिश्चितता गर्नु ।<br>• प्रदेशमा रहेका लाखौं हेक्टर खेतीयोग्य जमिनमा माटोको उर्वराशक्ति बढाउन सामूहिक खेतीमा जोड दिई कृषि उत्पादकत्व वृद्धि गर्नु |
| बागमती प्रदेश | • यस प्रदेशमा उल्लेख्य हिस्सा ओगटेको पोल्ट्री व्यवसायमा उच्च लागतका कारण कुखुरा तथा चल्ला उत्पादनमा ह्रास आएकोले उत्पादनको उचित मूल्य प्रदान गरी व्यवसायलाई पुर्नस्थापित गर्नु<br>• विभिन्न जिल्लामा जग्गा लिजमा लिएर व्यावसायिक खेती गर्ने प्रचलन विस्तारै बढ्दो क्रममा रहेकोले प्रमुख कृषि भूमीको गैर कृषिजन्य उपयोग कम गर्नु । |
| गण्डकी प्रदेश | • यस प्रदेशको मुख्य कृषि उत्पादनका रुपमा रहेको सुन्तला खेतीमा Greening रोग लागेर बोट मर्ने समस्या समाधान गर्नु ।<br>• गोरखा जिल्लाको उत्तरी भागमा अवस्थित धार्चे, सुलिकोट, अजिरकोट लगायतका क्षेत्रमा यातायात लगायत पूर्वाधारको अभावमा सल्लो, साज जस्ता रुख कटान गरी सदरमुकामसम्म ल्याउन सक्ने अवस्था नरहेकाले ती रुखहरुको उचित उपयोग गर्नु । |

| | |
|---|---|
| लुम्बिनी प्रदेश | • भारतीय बजारबाट आयातित तरकारीको कारण प्रदेशका अधिकाशं तरकारीले उचित बजार मूल्य नपाएको अवस्थामा स्वदेशी उत्पादन प्रोत्साहन गर्नको लागि भारतीय तरकारी आयात नियन्त्रण तथा नियमन गर्नु ।<br>• दाङ, बर्दिया, बाँके लगायतका जिल्लामा उर्वर भूमि रहेका र सिँचाईका पूर्वाधारहरु प्रदेश र स्थानीय तहमा सञ्चालन भएता पनि परिणाममुखी हुन नसक्नु तथा थप सिचिंत क्षेत्र समेत विस्तार गर्नु । |
| कर्णाली प्रदेश | • प्राङ्गारिक कृषि, जडिबुटी लगायतका प्रतिस्पर्धात्मक लाभ भएका कृषिजन्य वस्तुहरुको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी व्यावसायिक खेतीतर्फ कृषकहरुलाई आकर्षित गर्नु ।<br>• यस प्रदेशका अधिकांश जनता जीविको पार्जनका लागि आधा वर्ष भारत जाने प्रवृति रहेकोले कृषि भु-भागको कम मात्रामा मात्र उपयोग हुने भएकोले सो जनसंख्यालाई कृषिमा टिकाउन आधुनिक कृषि प्रणालीको अवलम्बन गर्नु । |
| सुदूरपश्चिम प्रदेश | • असंगठित रुपमा स्थानीय स्तरमा उपलब्ध जडिबुटी तथा औषधिजन्य विरुवाको संकलन एवं व्यापारलाई संगठित बनाई जडिबुटी तथा औषधीजन्य विरुवाको उचित मूल्य प्रदान गर्नु ।<br>• यस प्रदेशबाट उत्पादन हुने केरा बजारमा आएको समयमा नै भारतबाट पनि केरा आयात हुने हुँदा नेपाली कृषकहरूले सस्तोमा बेच्नु पर्ने बाध्यता रहेकोले केराको बजार सुनिश्चित गर्नु । |

### ३.७.२ सम्भावना

नेपाल सरकारले डिजिटल स्वायल म्याप (Digital Soil Map) कार्यक्रम अघि बढाई माटो परिक्षणको विवरण अद्यावधिक गरी माटोको गुणका आधारमा बालीमा प्रयोग हुने मलखाद तथा पोषण सिफारिस गर्ने कार्य भइरहेकोले उत्पादकत्व वृद्धि हुने सम्भावना रहेको छ । साथै सरकारले सामुहिक तथा चक्लाबन्दी खेतीको प्रोत्साहन गरेकोले कृषकहरु व्यवसायिक कृषितर्फ उन्मुख हुने सम्भावना रहेको छ । कृषि र उद्योग क्षेत्रलाई जोड्न Farm to Industry तथा Farm to Service को अवधारणा ल्याई कृषि उत्पादन तथा कृषिमा आधारित उद्योगको उत्पादन बढाउन सकिने तथा होटल रेष्टुरेन्टमा पनि स्वदेशी कृषि उपजको उपयोग बढ्ने सम्भावना रहेको छ । High Value Crop तथा रैथाने उत्पादनलाई जैविक कृषि उत्पादन तथा प्रमाणीकरण गर्न सके तुलनात्मक लाभ भएका कृषि उत्पादन बढ्ने र निर्यात हुने सम्भावना रहेको छ । ग्रामीण क्षेत्रलाई कृषि उपजको उत्पादन केन्द्र र शहरलाई कृषि उपजको बजार तथा उपभोग केन्द्रको रुपमा विकास गरी ग्रामीण शहरबीचको आबद्धता (Rural Urban Linkage) बढाउने, इ-कमर्शमार्फत् Niche Marketing गर्ने, कृषि उपजलाई प्रशोधन गरी निर्यात गर्ने जस्ता रणनीतिहरु अबलम्बन गर्न सके कृषि उपजको प्रभावकारी बजारीकरण गर्न सकिने सम्भावना रहेको छ ।

यसबाहेक प्रदेशगत रुपमा रहेका सम्भावनाहरुलाई तालिका ३.८ मा पस्तुत गरिएको छ ।

**तालिका ३.८ : कृषि क्षेत्रको प्रदेशगत सम्भावना**

| प्रदेश | कृषि क्षेत्रका सम्भावना |
|---|---|
| कोशी प्रदेश | • कोशी प्रदेश सरकारले बजेट मार्फत कृषकलाई प्रति लिटर दूध उत्पादनमा अनुदानको व्यवस्था गरेकोले यस प्रदेशका कृषकहरुले पशुपालन व्यवसायलाई लागत प्रभावकारी बनाई माग बमोजिमको दुध, माछा मासु आदि पशुजन्य उत्पादन गरी बजार विस्तार गर्न सक्ने ।<br>• प्रदेशभित्र विस्तार हुँदै गएको सडक सञ्जाल, सञ्चार सुविधाको सहज पहुँचले उच्च तथा मध्य पहाडी भू-भाग र जिल्ला सदरमुकाम लगायत घना बस्ती भएका तराईका शहरहरुबीच सहज पँहुच हुँदै गएकोले तरकारी, फलफूल, औषधीजन्य |

| | |
|---|---|
| | वस्तु तथा पशुपन्छीपालन जस्ता कृषि व्यवसायमा संलग्न हुने किसानहरुलाई बजार उपलब्धता सहज हुँदै जाने । |
| मधेश प्रदेश | • ऊखु कृषकलाई आफ्नो उत्पादनको बीमाको गर्ने प्रकृया सहज बनाउन सके उखु उत्पादन बढ्न गई चिनीमा परनिर्भरता कम गर्न सकिने सम्भावना रहेको ।<br>• माछा उत्पादनको उल्लेख्य हिस्सा यस प्रदेशले ओगटेको हुनाले मत्स्य व्यवसायी कृषकलाई समेत सहुलियत ब्याजदरको कृषि तथा पशुपन्छी कर्जा उपलब्ध गराउन सके माछा उत्पादनमा देशलाई आत्मनिर्भर बनाउन सकिने सम्भावना रहेको । |
| बागमती प्रदेश | • ठूला तरकारी बजारमा किसानहरुका लागि होल्डिङ यार्डको व्यवस्था गर्ने र व्यवस्था भएको बजारमा सोको प्रभावकारी कार्यान्वयन गर्न सके उत्पादित तरकारीको सोझै बिक्रीबाट कृषकले उचित मूल्य पाउने सम्भावना रहेको ।<br>• काठमाडौं उपत्यका लगायतका ठूला शहरहरुमा होटल, रेष्टुरेन्ट, पार्टी प्यालेस लगायतका स्थानमा सजावटका लागि ठूलो मात्रामा फूलको माग हुने तर आपूर्तिका लागि भारतबाट आयात गर्नुपर्ने भएकोले यस प्रदेशका काठमाडौं उपत्यका, काभ्रे, धादिङ, मकवानपुर लगायतका जिल्लामा पुष्प खेतीको उच्च सम्भावना रहेको । |
| गण्डकी प्रदेश | • कास्की र तनहुँमा पशु चिकित्सक सेवालाई Diagnosed Based बनाउने गरी मोडल भेटेरिनरी अस्पतालको निर्माण भईरहेको र निश्चित परीक्षण कार्य समेत आरम्भ भईरहेको हुँदा यस क्षेत्रमा आगामी दिनमा थप कृषकको आकर्षण बढ्न गई पशुपालन व्यवसायमा सकारात्मक प्रभाव पर्ने सम्भावना रहेको ।<br>• प्रदेशको पहाडी र उच्च हिमाली क्षेत्रमा जडिबुटीहरुको व्यवसायिक खेती गर्न सकिने सम्भावना रहेको । |
| लुम्बिनी प्रदेश | • संघीय सरकारले बाली तथा पशु बिमाको प्रिमियममा दिने अनुदान ८० प्रतिशत र बाँकी २० प्रतिशत लुम्बिनी प्रदेश सरकारले अनुदान दिदा शत् प्रतिशत अनुदानको व्यवस्था भई कृषि क्षेत्रमा युवा तथा व्यावसायिक कृषकको आर्कषण बढ्ने सम्भावना रहेको ।<br>• यस प्रदेशमा देशकै सबैभन्दा अत्याधुनिक कृषि थोक बजार निर्माणको आयोजना सञ्चालन गर्नका लागि स्वीकृत भई कार्य अगाडी बढेकोले भविष्यमा बजारीकरणमा सहज भई निर्यातको सम्भावना रहेको । |
| कर्णाली प्रदेश | • कर्णाली प्रदेशको दैलेखामा टिमुर र सुन्तला, जुम्ला जिल्लामा स्याउ, सिमी तथा कालो मार्सी धान, कालीकोटमा ओखर र कागती खेतीको सम्भावना उच्च रहेकोले तालिम केन्द्र, कोल्ड स्टोर, बजार केन्द्र प्रशोधन केन्द्र स्थापना गरी उचित मूल्यमा बजारिकरण गर्न सकिने सम्भावना रहेको ।<br>• यस प्रदेशमा पाइने रैथाने बाली जस्तैः कोदो, कागुनो, फापर, चिनो, मार्सी चामल, सिमी, ओखर, आदिको उपभोग बढाउन संघीय तथा प्रदेश सरकारले विभिन्न कार्यक्रम अगाडी बढाएकोले यस्ता बालीको बजारीकरण हुने सम्भावना रहेको । |
| सुदूर पश्चिम प्रदेश | • प्रदेश गौरव योजनाको रुपमा रहेको मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यक्रमले यस प्रदेशलाई खाद्य सुरक्षा र सम्प्रभुताको सुनिश्चितता प्रदान गर्ने, आयात प्रतिस्थापन गर्ने, निर्यात प्रवर्द्धन गर्ने लगायतको सम्भावना रहेको ।<br>• रानीजमरा कुलरिया सिँचाई आयोजना निर्माणको अन्तिम चरणमा रहेकोले कैलाली जिल्लाको तराई भू-भागमा सिँचाई सुविधामा विस्तार भई तरकारी लगायतका अन्य खाद्यबालीको उत्पादनमा वृद्धि हुने सम्भावना रहेको । |

## परिच्छेद ४
# उद्योग क्षेत्र

## ४.१ प्रदेश अनुसार उद्योगको विवरण

देशभर घरेलु, साना, मझौला र ठूला गरी ८ हजार ९ सय ८ उद्योगहरु उद्योग विभागमा दर्ता रहेका छन् । आर्थिक वर्ष २०७९/८० को पहिलो ६ महिनामा देशभर साना, मझौला र ठूला गरी थप १ सय ४५ उद्योगहरु उद्योग विभागमा दर्ता भएका छन् । उद्योग विभागको तथ्याङ्क अनुसार उक्त आर्थिक वर्षको पहिलो ६ महिनामा बागमती प्रदेशमा सबैभन्दा बढी (५९) उद्योग दर्ता भएका छन् भने सुदुरपश्चिम प्रदेशमा ४ उद्योग दर्ता भएका छन् । कर्णाली प्रदेशमा कुनै पनि उद्योग दर्ता भएका छैनन् । समीक्षा अवधिमा दर्ता भएका १ सय ४५ उद्योगहरुले ९ हजार ७ सय १८ जनालाई रोजगारी दिएका छन् (तालिका ४.१) ।

**तालिका ४.१: आर्थिक वर्ष २०७९/८०को पहिलो ६ महिनामा उद्योग विभागमा दर्ता भएका उद्योगको विवरण**

| प्रदेश | उद्योगको संख्या | कुल पुंजी (रु अर्बमा) | कुल स्थिर पुंजी (रु अर्बमा) | चालु पुंजी (रु अर्बमा) | रोजगारी |
|---|---|---|---|---|---|
| कोशी प्रदेश | २५ | ४०५.४९ | ३९२.७४ | १२.७५ | १९७७ |
| मधेश प्रदेश | १३ | ५७.७७ | ४१.०६ | १६.७१ | १०९९ |
| बागमती प्रदेश | ५९ | ५१२.२७ | ३८३.८७ | १२८.४० | ३३१८ |
| गण्डकी प्रदेश | १९ | ३०१.४४ | २९५.३७ | ६.०७ | ११९३ |
| लुम्बिनी प्रदेश | २५ | ७५.७८ | ५६.६९ | १९.०८ | १९५५ |
| कर्णाली प्रदेश | ० | ०.०० | ०.०० | ०.०० | ० |
| सुदूरपश्चिम प्रदेश | ४ | ३९.९८ | ३४.२४ | ५.७४ | १७६ |
| **कुल** | **१४५** | **१३९२.७२** | **१२०३.९७** | **१८८.७५** | **९७१८** |


*स्रोत : उद्योग विभाग*

## ४.२ उद्योगको क्षमता उपयोग र उत्पादन

समीक्षा अवधिमा सर्वेक्षणमा समेटिएका १५४ उद्योगको औसत क्षमता उपयोग ४२.४७ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा उक्त उद्योगहरुको औसत क्षमता उपयोग ४८.३ प्रतिशत रहेको थियो । सर्वेक्षणमा समेटिएका उद्योगमध्ये बिजुलीको क्षमता उपयोग ९३.१९ प्रतिशत, प्रशोधित चियाको क्षमता उपयोग ८५.३९ प्रतिशत र चकलेट उद्योगको क्षमता उपयोग ८५.११ प्रतिशत रहेको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ६ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ ।

अध्ययनले समेटेका उद्योगहरुमध्ये तोरीको तेल, प्रशोधित दुध, बिस्कुट, चकलेट, प्रशोधित चिया, वियर, चुरोट, धागो, पश्मिना, गार्मेन्ट, जुटका सामान, प्रशोधित छाला, कागज, रोजिन, Dry Syrup, ईटा, स्टिलजन्य उत्पादन, जि. आई तार आदिको क्षमता उपयोग बढेको छ भने, वनस्पती घ्यू, भटमासको तेल, गहुँको पिठो, चामल, पशुदाना, चिनी, चाउचाउ, मदिरा, हल्का पेय पदार्थ, सिन्थेटिक कपडा, रंग, ट्याब्लेट, क्याप्सुल, ओइन्टमेन्ट, लिक्युड, साबुन, प्लाष्टिकका सामान, सिमेन्ट, कंक्रिट, फलामको छड तथा पत्ति, आल्मुनियम उत्पादन, बिजुलिका तार र केबुल, टायर तथा ट्यूब, कपडाको जुत्ता, घरेलु धातुका सामान आदिको क्षमता उपयोग घटेको छ ।

**चार्ट ४.१: प्रदेशगत क्षमता उपयोग (प्रतिशतमा)**




*स्रोत : सर्वेक्षणमा समेटिएका उद्योगहरु*

*नोट :*


- *कर्णाली प्रदेशमा अघिल्लो आर्थिक वर्ष उद्योगको औसत क्षमता उपयोगको तथ्याङ्क संकलन नभएको ।*
- *विभिन्न स्रोतहरुबाट तत्कालिन अवस्थाको तथ्याङ्क संकलन गरिएको कारण प्रकाशित तथ्याङ्क अद्यावधिक तथ्याङ्कसँग मेल नहुनसक्ने ।*

कोशी प्रदेशमा वनस्पति घ्यू तथा तेल, अन्य खाद्य पदार्थ, जुटका सामान, फलामको छड तथा पत्ति, सिमेन्ट, साबुन लगायतको उत्पादन प्रमुख रहेको छ भने मधेश प्रदेशमा वनस्पती घिउ तथा तेल, हल्का पेय पदार्थ, लत्ताकपडा, सिमेन्ट, प्रशोधित छाला, औषधी, फलामको छड तथा पत्ति, स्टिलजन्य उत्पादन, अन्य रासायनिक पदार्थ; बागमती प्रदेशमा प्रशोधित दूध, पशुदाना, चाउचाउ, चुरोट, पेय पदार्थ, रसायनिक पदार्थ, पश्मिना, तयारी पोशाक, औषधि, सिमेन्ट, जुत्ता; गण्डकी प्रदेशमा विस्कुट, चाउचाउ, पेय पदार्थ, रसायनिक पदार्थ, सिमेन्ट; लुम्बिनी प्रदेशमा गहुँको पिठो, वियर, औषधि, सिमेन्ट, कंक्रिट, बिजुलीका तार र केबुल, फलामको छड तथा पत्ति, पशुदाना; कर्णाली प्रदेशमा चिरेको काठ, प्रशोधित दुध र सुदूरपश्चिम प्रदेशमा गहुँको पिठो, साबुन, चिनी, रोजिन लगायतका वस्तुको उत्पादन हुने गरेको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ७ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ ।

## ४.३ क्षेत्रगत औद्योगिक कर्जा

२०७८ पुस मसान्तको तुलनामा २०७९ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा ६.९ प्रतिशतले कमी भई रु.१३ खर्ब ४३ अर्ब ३७ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा १९.४ प्रतिशतले बढेको थियो । कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश २७.९ प्रतिशत रहेको छ । औद्योगिक कर्जामध्ये खानीसम्बन्धी उद्योगमा १.३ प्रतिशत, कृषि, वन तथा पेय पदार्थसम्बन्धी उद्योगमा २०.१ प्रतिशत, गैर-खाद्य वस्तु उत्पादनसम्बन्धी उद्योगमा ३९.६ प्रतिशत, निर्माणसम्बन्धी उद्योगमा १३ प्रतिशत, विद्युत् ग्यास तथा पानीसम्बन्धी उद्योगमा २० प्रतिशत र धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिकसम्बन्धी उद्योगमा ६ प्रतिशत कर्जा प्रवाह भएको छ ।

**चार्ट ४.२: औद्योगिक कर्जा लगानी स्थिति (रु.दश लाखमा)**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

सम्बन्धित प्रदेशमा रहेका बैंक तथा वित्तिय संस्थाहरुबाट भएको लगानीका आधारमा औद्योगिक कर्जामध्ये बागमती प्रदेशमा सबैभन्दा बढी रु.९ खर्ब २ अर्ब ८८ करोड (६७.२१ प्रतिशत) कर्जा लगानी रहेको छ भने कर्णाली प्रदेशमा सबैभन्दा कम रु.५ अर्ब २८ करोड कर्जा (०.३९ प्रतिशत) लगानी रहेको छ (तालिका ४.२) ।


**तालिका ४.२ : प्रदेशगत औद्योगिक कर्जा**

| प्रदेश | रकम (रु. दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---:|---:|
| कोशी प्रदेश | १,२७,८४८.३२ | ९.५२ |
| मधेश प्रदेश | १,१४,०२९.७९ | ८.४९ |
| बागमती प्रदेश | ९,०२,८७९.६६ | ६७.२१ |
| गण्डकी प्रदेश | ३९,९३७.३४ | २.९७ |
| लुम्बिनी प्रदेश | १,२४,२५५.३५ | ९.२५ |
| कर्णाली प्रदेश | ५,२८०.२७ | ०.३९ |
| सुदूरपश्चिम प्रदेश | २९,१४२.०१ | २.१७ |
| **कुल** | **१३,४३,३७२.७३** | **१००.००** |

*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

औद्योगिक कर्जामा कोशी प्रदेशमा प्रवाहित कर्जाको हिस्सा ९.५२ प्रतिशत, मधेश प्रदेशको ८.४९ प्रतिशत, बागमती प्रदेशको ६७.२१ प्रतिशत, गण्डकी प्रदेशको २.९७ प्रतिशत, लुम्बिनी प्रदेशको ९.२५ प्रतिशत, कर्णाली प्रदेशको ०.३९ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा प्रवाहित कर्जाको हिस्सा २.१७ प्रतिशत रहेको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ९ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

**चार्ट ४.३: औद्योगिक कर्जामा प्रदेशगत हिस्सा (प्रतिशतमा)**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

## ४.४ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना

### ४.४.१. चुनौती

औद्योगिक पूर्वाधार एवं मानव संसाधनको विकास गर्नु, असल औद्योगिक सम्बन्ध कायम गरी उत्पादन एवं उत्पादकत्व वृद्धि गर्नु, निर्यातयोग्य वस्तुहरुको विविधिकरण गर्नु, बढ्दो आयातका कारण स्वदेशी उद्योग प्रतिस्थापन हुनबाट संरक्षण गर्नु, उद्योग क्षेत्रमा स्वदेशी तथा विदेशी पुँजी र प्रविधि आकर्षण गर्नु, औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्रामको पूर्वाधार निर्माणलाई तीव्रता दिनु, सीप र क्षमता भएका दक्ष जनशक्ति तयार गर्नु, जनशक्ति पलायनको क्रमलाई रोकी उद्योगतर्फ आकर्षित गर्नु, कृषिजन्य तथा अन्य औद्योगिक उत्पादनको लागि आवश्यक कच्चा पदार्थको आन्तरिक उत्पादन वृद्धि गरी समग्र औद्योगिक उत्पादन वृद्धि गर्नु आदि उद्योग क्षेत्रमा देखिएका प्रमुख चुनौतीका रुपमा रहेका छन् ।

**तालिका ४.३ : उद्योग क्षेत्रका प्रदेशगत चुनौती**

| प्रदेश | औद्योगिक क्षेत्रका चुनौती |
|---|---|
| कोशी प्रदेश | • श्रम, पुँजी, प्रविधि, र भुमिको लागत तुलानात्मक रुपमा सिमावर्ती क्षेत्रहरुको भन्दा बढी भएकोले तुलनात्मक लाभका क्षेत्रहरुको पहिचान गरी नयां उद्योगहरुको स्थापना गर्नु ।<br>• छुर्पी, चिया, अलैंची लगायतका नेपालका उत्पादन अन्य देशको ब्राण्डका रुपमा तेस्रो मुलुक निकासी हुने गरेकोले नेपाली ब्राण्डका रुपमा निर्यात गर्नु । |
| मधेश प्रदेश | • औद्योगिक उत्पादन लागत कम गर्न स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनाको लागि प्रोत्साहन गर्नु ।<br>• उखु किसान तथा चिनी उद्योगीहरुको बीचमा हुने असमझदारीको अवस्था अन्त्य गरी उखु किसान र चिनी उद्योगसँग सम्बन्धित समस्याको दीर्घकालीन समाधान गरी देशलाई चिनी उत्पादनमा आत्मनिर्भर बनाउनु । |

| | |
|---|---|
| | • यस प्रदेशमा कृषि तथा माछापालनको राम्रो सम्भावना रहेको भएतापनि यिनीहरूको व्यावसायिक उत्पादन हुन नसकेकोले यसलाई व्यावसायिक बनाउनु । |
| बागमती प्रदेश | • घना बस्ती तथा बढ्दो जनघनत्वका कारण ठूला शहरहरुमा फोहोर तथा पानी व्यवस्थापन गर्न कठीन हुनु ।<br>• स्थिर भु-उपयोग नीति बनाई सरकारी जग्गा उद्योगलाई लिजमा दिनसक्ने व्यवस्था गर्नु ।<br>• अन्तर्राष्ट्रिय बजारमा आएको मूल्य वृद्धिले आयातित कच्चा पदार्थमा आधारित उद्योगको लागतमा वृद्धि हुनु । |
| गण्डकी प्रदेश | • औद्योगिक क्षेत्रको विकासको लागि जग्गा खरिद, पूर्वाधार निर्माण र वैदेशिक लगानी आकर्षण तथा अत्यावश्यक कच्चा पदार्थको आपूर्ति सहजीकरण गर्ने कार्य चुनौतिपूर्ण रहेको । |
| लुम्बिनी प्रदेश | • सिमेन्ट उद्योगहरुका खानी उत्खनन् कार्यका कारण चुरे क्षेत्र भासिने/मासिने, पानीका मुल सुक्ने, वायु प्रदुषण बढ्ने लगायतका प्रभावलाई न्यूनीकरण गर्नु ।<br>• यस प्रदेशमा भईरहेको औद्योगिक विकासको कारण उद्योगहरुबाट निस्कने फोहर तथा प्रदुषणबाट मानव स्वास्थ्य तथा वातावरणमा पर्ने असरलाई कम गर्नु ।<br>• स्वदेशी कामदारहरुको क्षमता अभिवृद्धि गरी उद्योग क्षेत्रमा आवश्यक दक्ष जनशक्ति निमार्ण गर्नु । |
| कर्णाली प्रदेश | • यस प्रदेशको औद्योगिक विकासका लागि पर्च्याप्त पूर्वाधार विकास तथा लगानीमैत्री वातावरण सिर्जना गरी स्वदेशी नीजि पुँजीको परिचालन तथा वैदेशिक लगानी आकर्षण गर्नुको साथसाथै यस प्रदेशबाट भारत लगायत अन्य मुलुकहरुमा रोजगारीका लागि जाने श्रमिकहरुलाई प्रदेशमा उपलब्ध स्थानीय स्रोत र साधनहरुमा आधारित उद्योगहरुमा आकर्षित गरी प्रदेशमा टिकाइ राख्नु ।<br>• यो प्रदेश भौगोलिकरुपमा विकट भएकोले भौतिक पूर्वाधारहरु जस्तै यातायात, विद्युत्, सञ्चार तथा मोटर बाटोको सहज पहुँचको विकास गर्नु । |
| सुदूरपश्चिम प्रदेश | • औद्योगिक असुरक्षा, असहज श्रम सम्बन्ध, प्रविधि ग्रहण गर्ने क्षमताको कमी, न्यून उत्पादकत्व, निर्यातयोग्य वस्तुहरुमा विविधीकरणको कमी लगायतका समस्याको सम्बोधन गर्नु ।<br>• औद्योगिक क्षेत्रका लागि आवश्यक पूर्वाधारहरु (औद्योगिक क्षेत्र, उद्योग ग्राम, सडक, विद्युत् आयोजना आदि) को निर्माण गर्नु । |

**बक्स नं. ३ : नेपालमा औषधि उद्योगको अवस्था**

देशमा आत्मनिर्भर उन्मुख उद्योगको रुपमा औषधी उद्योगलाई लिन सकिन्छ । औषधि व्यवस्थापन विभागमा २०७७ माघ १२ सम्म १०३ औषधि उद्योगहरु दर्ता छन् । जसमध्ये पूर्ण सञ्चालनमा रहेका ६६ वटा उद्योगहरुले मात्र उत्पादन र बिक्री दुवैका लागि लाइसेन्स पाएका छन् । ३३ उद्योगले उत्पादन उद्देश्यका लागि लाइसेन्स प्राप्त गर्ने प्रक्रियामा छन् भने दुबै लाइसेन्स पाएका ४ उद्योग प्राविधिक कारणले सञ्चालनमा आउन सकेका छैनन् । २०७९ असोज १३ सम्ममा १२८ वटा घरेलु औषधि उद्योगहरु DAMS मा सुचीकृत भएका छन् । WHO GMP (Good Manufacturing Practices ) मा सुचीकृत हुने स्वदेशी औषधि उत्पादकहरु ३४ वटा रहेका छन् । यसैगरी National GMP मा सुचीकृत हुने स्वदेशी औषधि उत्पादकहरु २४ वटा रहेका छन् । आर्थिक वर्ष २०७८/७९ मा औषधि व्यवस्थापन विभागमा सूचीकरण भएका विदेशी औषधि उत्पादकहरु २७ वटा रहेका छन् ।

औषधिको आन्तरिक उत्पादन र आयातको तथ्याङ्कलाई विश्लेषण गर्दा नेपालको आन्तरिक उत्पादनले ४६ प्रतिशत बजार ओगटेको छ, भारतबाट आयातित औषधिले ५२ प्रतिशत बजार ओगटेको छ भने अन्य देशबाट आयातित औषधिले २ प्रतिशत बजार ओगटेको छ । नेपालले औषधि बनाउने प्रयोजनार्थ करिब ७० देखि ७५ प्रतिशतसम्म कच्चा पदार्थ भारतबाट आयात गर्ने गरेको छ भने चीनबाट २५ देखि ३० प्रतिशत सम्म आयात गर्ने गरेको छ । नेपालमा आयात हुने औषधीहरु विशेषरुपमा Vaccines, Biotechnological Products and Modern Technology Related Medicines; Used for Anti-cancer, ART, Critical Care आदि औषधिहरु रहेका छन् । हाल नेपालको अनुमानित कुल औषधिको बजार रु. ५३ अर्ब रहेको छ । आउँदो पाँच वर्षमा नेपालमा औषधिजन्य पदार्थको माग वार्षिक रुपमा ७ प्रतिशतका दरले बढेर ७१.६५ टन पुग्नेछ ।

**औषधि उद्योगमा रहेका केही चुनौतीहरु**

नेपाली औषधी बजारमा कच्चा पदार्थको मूल्य बढ्दै जानु, प्राविधिक/दक्ष जनशक्तिको उपलब्धता र स्थिरता नहुनु, नयाँ प्रविधि भित्र्याउन ठूलो लगानी आवश्यक पर्नु र बैंकको ब्याज दरमा स्थिरता नहुनु, बाह्य औषधिसँग बजार प्रतिस्पर्धा, औषधि उत्पादन तथा बिक्री इजाजतपत्र प्राप्त गर्ने नीति झन्झटिलो रहनु, निर्यातमा सहजीकरण नहुनु र मनोमानी आधारमा औषधी सिफारिस हुने प्रवृत्ति बढ्दै जानु आदि चुनौती रहेका छन् ।

**औषधि उद्योगमा रहेका केही सम्भावना**

नेपालमै उत्पादित औषधि सर्वसाधारणलाई सस्तो पर्न जाने हुँदा सर्वसाधारणहरुमा औषधिको पहुँच बढ्ने, आयात निरुत्साहित हुने, निर्यात गरी वैदेशिक मुद्रा आर्जन गर्न सकिने, स्वदेशी कच्चा पदार्थ तथा जडिबुटीको सदुपयोग हुने लगायतका सम्भावना रहेका छन् ।

*स्रोतः उद्योग विभाग, औषधि व्यवस्थापन विभाग ।*

### ४.४.२. सम्भावना

सहज बैंकिङ पहुँच, बढ्दो प्रविधिको प्रयोग, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्रामको पूर्वाधार निर्माणमा सरकारको प्राथमिकता, प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम, राष्ट्रिय उत्पादन र रोजगार प्रर्वद्धन कार्यक्रम, सरकारी निकायमा स्वदेशमा उत्पादित वस्तहरु प्रयोग गर्ने व्यवस्था, मेड इन नेपाल, मेक इन नेपाल जस्ता अभियानमा नीजि क्षेत्रसँग सरकारको सहकार्य, बढ्दो शहरीकरणका कारण औद्योगिक उत्पादनको बजार विस्तार लगायतका कारणले स्वदेशी उद्योगहरु फस्टाउने सम्भावना रहेका छन् ।

**तालिका ४.४ : उद्योग क्षेत्रका प्रदेशगत सम्भावनाहरु**

| प्रदेश | औद्योगिक क्षेत्रका सम्भावना |
|---|---|
| कोशी प्रदेश | • यस प्रदेशमा अवस्थित लघु, घरेलु तथा साना उद्योगहरुले उत्पादन गर्ने वस्तुहरु यसै क्षेत्रका मझौला तथा ठूला उद्योगहरुले प्रयोग गर्ने मध्यस्थ वस्तुको रुपमा विकास गरी यी उद्योगहरुबीच अग्र र पृष्ठ सम्बन्ध कायम गर्न सकिने ।<br>• चियाको प्रशोधन, ग्रेडिङ्ग लगायत विभिन्न मापदण्ड पूरा गरी भारत लगायत तेस्रो मुलुकमा निर्यात गरी अधिक लाभ लिन सकिने ।<br>• अलैंची, अम्रिसो, लोक्ता जस्ता कच्चा पदार्थलाई आधार मानेर कागज उद्योग स्थापना गरी कागजको आयात प्रतिस्थापन गर्न सकिने । |
| मधेश प्रदेश | • परम्परागत सीपमा आधारित धार्मिक सांस्कृतिक महत्वका वस्तुहरूमा आधारित उद्योगहरूलाई प्रवर्द्धन गरी स्थानीय जनताको आय आर्जन बढाउने तथा राजस्व परिचालनको आधार फराकिलो बनाउन सक्ने सम्भावना रहेको ।<br>• अन्न बालीको प्रशस्त उत्पादन हुनु, सुगम भौगोलिक संरचना तथा राम्रो सडक सञ्जाल रहेकोले दूध, माछा, मासु, धान, गहुँ, मकै जस्ता कृषिमा आधारित उद्योगहरु स्थापना गरी उत्पादित वस्तुहरु देशैभरी पुऱ्याउन सकिने ।<br>• दक्षिणी सीमा भारतसँग जोडिएकोले त्यँहाबाट कम लागतमा औद्योगिक कच्चा पदार्थको ढुवानी गरी वस्तु उत्पादन गरी भारत निकासी गर्न सकिने । |
| बागमती प्रदेश | • डिजिटल प्रविधिको उच्चतम प्रयोग गरी औद्योगिक उत्पादनको बजार विस्तार गर्न तथा नयाँ उत्पादनको लागि अनुसन्धान गर्न सकिने ।<br>• मासुजन्य उत्पादन, पानी तथा खाद्य प्रशोधन तथा फास्टफुडका थप उद्योगहरु, एल्मुनियम, UPVC, रेलिङ, ग्रिल लगायतका धातु फेब्रिकेशन गर्ने उद्योगहरु, प्याक लन्चबक्स तयार गर्ने उद्योगहरुको सम्भावना रहेको । |
| गण्डकी प्रदेश | • युरेनियम, टुर्मालिन, चुनढुङ्गा, फलाम, टाल्क, रातोमाटो लगायतका खनिजजन्य वस्तुको सम्भावना रहेको ।<br>• स्याउ, सुन्तला र कफी भण्डारण, प्रशोधन तथा निकासी गर्ने उद्योगहरु, वनजन्य कच्चा पदार्थ प्रयोग गरी प्रशोधनमा आधारित उद्योगहरु, बिस्कुट, चाउचाउ जस्ता खाद्यवस्तु उत्पादन गर्ने उद्योगहरु, परम्परागत हस्तकला/मूर्तिकला तथा क्युरियोका सामान उत्पादन गर्ने उद्योगहरुको स्थापना तथा विस्तारको सम्भावना रहेको । |
| लुम्बिनी प्रदेश | • गुणस्तरीय चुनढुङ्गाको उपलब्धता भएकाले राम्रो औद्योगिक वातावरण निर्माण गरी उत्पादित गुणस्तरीय सिमेन्टलाई छिमेकी मुलुक भारतमा समेत निर्यात गर्नसक्ने उच्च सम्भावना रहेको ।<br>• तराईका जिल्लाहरुमा भएको तीव्र शहरीकरण, सडक सञ्जाल र अन्य पूर्वाधारमा भएको लगानीले औद्योगिक उत्पादनको बजार विस्तार गर्न सकिने सम्भावना रहेको ।<br>• भैरहवा विशेष आर्थिक क्षेत्रमा थप उद्योगहरु स्थापना हुने क्रममा रहनु, रुपन्देहीको मोतिपुर र बाँकेको नौवस्तामा नयाँ औद्योगिक क्षेत्र निर्माण शुरु हुनुले यस प्रदेशमा उद्योगहरु स्थापनाको थप सम्भावना रहेको । |


| | |
|---|---|
| कर्णाली प्रदेश | • जडिबुटी र खानीजन्य कच्चा पदार्थहरुको प्रशोधन उद्योगको सम्भावना रहेको ।<br>• दैलेखमा पेट्रोलियम पदार्थ पाइने थुप्रै आधारहरु रहेको र सोको अन्वेषण तथा उत्खनन गर्नसके कर्णाली प्रदेश पेट्रोलियम पदार्थमा आत्मनिर्भर हुने सम्भावना रहेको । |
| सुदूरपश्चिम प्रदेश | • सेती, महाकाली, चमेलिया, बुढीगंगा जस्ता नदीहरुबाट जलविद्युत् उत्पादन गर्न सकिने ।<br>• यार्सागुम्बा, मह, पाँचऔले, भ्याउ, भुतकेश, भोजपत्र, भ्याकुर, दालचिनी, टिमुर, पाषणवेद, अमला, पहाडी जिल्लाहरुमा प्रशस्त मात्रामा पाइने सल्लोको प्रयोग गरी रोजिन एण्ड टर्पेन्टाइन लगायतका प्रतिस्पर्धात्मक लाभ भएका वस्तुहरूको जडिवुटी प्रशोधन उद्योग स्थापनाको सम्भावना रहेको ।<br>• व्यवसायिक बंगुर तथा कुखुरापालन बढ्दै गएकोले पशुदानासम्बन्धी उद्योग स्थापना गर्न सकिने । |

## परिच्छेद ५
# सेवा क्षेत्र

अर्ध-वार्षिक आर्थिक गतिविधि अध्ययनमा सेवा क्षेत्रभित्र पर्यटन, सार्वजनिक निर्माण तथा रियलस्टेटसम्बन्धी कारोबार, वित्तीय सेवा र यातायात सेवाहरु समेटिएको छ । कोभिड-१९ महामारीका कारण समग्र सेवा क्षेत्रमा नकारात्मक असर परेको भएतापनि पछिल्लो सयममा यसको संक्रमणदरमा आएको कमीसँगै यो क्षेत्र विस्तार हुने क्रममा देखिन्छ ।

## ५.१ पर्यटन

कोभिड-१९ महामारीको असर कम भएसँगै पर्यटन क्षेत्रमा सन् २०२१ को तुलनामा सन् २०२२ मा धेरै सुधार भएको देखिन्छ । सन् २०२१ मा १ लाख ४९ हजार ८३३ जना पर्यटकको आगमन भएकोमा सन् २०२२ मा ६ लाख १४ हजार १४८ जना पर्यटकको आगमन भएको छ ।




*स्रोत : नेपाल पर्यटन बोर्ड ।*

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन संख्या १ लाख ९६ हजार ५ सय ९५ पुगेको छ । समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व रु.९ अर्ब ९० करोड पुगेको छ । समीक्षा अवधिमा घर/भवन नक्सा पास संख्या भने ३७.५ प्रतिशतले घटेर १६ हजार १ सय ४७ पुगेको छ ( अनुसूची तालिका ११ क)।

**तालिका ५.१ : सार्वजनिक निर्माण तथा रियलस्टेट**

| प्रदेश | घरजग्गा रजिष्ट्रेशन संख्या | घर/भवन स्थायी नक्सा पास संख्या | घरजग्गा रजिष्ट्रेसन राजस्व (रु.दश लाखमा) |
|---|---|---|---|
| कोशी प्रदेश | ३७५८१ | १८८२ | १०३०.९३ |
| मधेश प्रदेश | ४४६५२ | १८३४ | ९६२.४७ |
| बागमती प्रदेश | ४१६४८ | ७४५९ | ५६६२.१८ |
| गण्डकी प्रदेश | १२३३१ | १२६५ | ७२८.३२ |
| लुम्बिनी प्रदेश | ४०२६५ | २४६६ | १०९७.०७ |
| कर्णाली प्रदेश | १००८४ | ३८१ | १२३.३२ |
| सुदूरपश्चिम प्रदेश | १००३४ | ८६० | ३०३.५१ |
| **कुल** | **१९६५९५** | **१६१४७** | **९९०७.७९** |

## **खप्तड क्षेत्र (बाजुरा, बझाङ, अछाम, डोटी)**

सुदूरपश्चिम प्रदेशका चार पहाडी जिल्लाहरु बझाङ्ग, बाजुरा, डोटी र अछामको संगम स्थलमा अवस्थित खप्तड क्षेत्र २२५ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ । समुद्र सतहदेखी २४०० देखि २७०० मिटर उचाईमा फैलिएको खप्तड क्षेत्रको बिचमा १२,००० फिट अग्लो खप्तड लेक रहेको छ । पचास बर्ष पहिले महान दार्शनिक, चिकित्सक, बैज्ञानिक र ज्योतिषका रुपमा प्रख्यात खप्तड बाबाले तपस्या गरेको यस स्थानमा खप्तड बाबाको कुटी, त्रिवेणी नदी र सोको वरीपरी २२ वटा पाटन र ५३ वटा थुम्काहरु समेत रहेका छन् । यस क्षेत्रमा लाग्ने विभिन्न सांस्कृतिक मेलामध्ये गंगा दशहरा मेलामा हजारौ तिर्थयात्री भेला हुने गर्दछन् । मेलामा सुदूरपश्चिमको प्रसिद्ध हुड्के नाँच र देउडा हेर्न लाखौको संख्यामा आन्तरिक तथा बाह्य पर्यटक जम्मा हुने गर्दछन् ।

खप्तड क्षेत्रलाई प्राचिन समयमा **खापर तड (खापर-देवता र तड-पाटन)** अर्थात खापर देवताको पाटन वा फाँट भनेर चिनिन्थ्यो । विस्तारै विस्तारै उक्त नाम अपभ्रंश हुदै यस क्षेत्रको नाम **खप्तड** रहन गएको किम्बदन्ती रहेको छ । यो राष्ट्रिय निकुञ्जको रुपमा बि.स. २०४० (सन १९८४) देखि नै स्थापना भएता पनि वि.स. २०४३ असार ९ गते (सन १९८६) मात्रै राजपत्रमा प्रकाशित भएको हो । नेपालको सुदूरपश्चिम प्रदेशका चार जिल्ला डोटी, बझाङ्ग, अछाम र बाजुराको आशिंक भू-भागको प्रतिनिधित्व गर्ने यो निकुञ्जको मुख्यालय खप्तड बाजुरामा रहेको छ ।

यस राष्ट्रिय निकुञ्जले मध्य पहाडी वातावरण, वनस्पति र वन्यजन्तुको प्रतिनिधित्व गर्दछ । यहाँ सल्ला, खस्रु र निगालोका जंगलहरुको साथै वन्यजन्तुका लागि उपयुक्त घाँसे मैदान रहेका छन् । निकुञ्जमा कस्तुरी मृग, चरी बाघ र ब्वाँसो जस्ता वन्यजन्तुका साथै रतुवा, मृग, घोरल, चितुवा, जंगली कुकुर, जंगली विरालो, रातो बाँदर, बँदेल लगायत २३ प्रजातीका स्तनधारी वन्यजन्तु पाइन्छन् । यहाँ डाँफे, मुनाल, कालिज लगायत २८७ प्रजातीका पंक्षीका अभिलेखिकरण भएको छ ।

यो राष्ट्रिय निकुञ्ज धार्मिक दृष्टिकोणले पनि निकै महत्वपुर्ण छ । त्रिवेणी क्षेत्र, खप्तड दह, बाबा आश्रम, नागढुङ्गा, केदारढुङ्गा, माईकाथान, सहस्रलिङ्ग लगायतका धार्मिक स्थानहरु रहेका छन् । यहाँ जेठ महिनाको शुक्लपक्षको दशमी तिथीमा गंगा दशहरा मेला, जनैपुर्णिमा लगायतका धार्मिक पर्वमा हजारौको संख्यामा तीर्थयात्रीहरु आउने गर्दछन् । यो क्षेत्र पर्यापर्यटनको प्रचुर सम्भावना भएता पनि भौगोलिक विकटता, यातायातको असूविधा, प्रचार प्रसारको कमीका साथै भौतिक सेवा सुविधाको अभावले गर्दा पछाडी परेको छ । मध्यवर्ती क्षेत्रको मुख्य आम्दानीको श्रोत नै निकुञ्जको पर्यापर्यटन भएकोले मध्यवर्ती क्षेत्रको आम्दानी पनि न्यून रहेको छ ।

**खप्तड राष्ट्रिय निकुञ्जको क्षेत्रफल बिवरण**


| क्र.सं. | जिल्ला | क्षेत्रफल (वर्ग कि.मि.) | कैफियत |
|---|---|---|---|
| १ | डोटी | ८९.९३ | आंशिक भु-भाग |
| २ | बझाङ्ग | ८४ | आंशिक भु-भाग |
| ३ | अछाम | ४४.२० | आंशिक भु-भाग |
| ४ | बाजुरा | ६.८७ | आंशिक भु-भाग |
| | **जम्मा** | **२२५** | |

*(श्रोतः खप्तड राष्ट्रिय निकुञ्ज कार्यालयको वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०७८।७९)*

नेपालमा पाईने सात सय मुख्य जडीबुटी मध्ये २२४ प्रजातीका जडीबुटी यसै क्षेत्रमा पाईन्छन् । यहाँ ५६७ प्रजातिका बनस्पति र २७० जातका चराचुरुङ्गी छन् । खस्रे भ्यागुत्ता, बझाङ्गी पाहा तथा बाघ बुट्टे निगालो पाइने यो नेपालको एक मात्र राष्ट्रिय निकुञ्ज हो । विश्वकै दुर्लभ जातिको हरियो छेपारो पाईने यस स्थानमा २२ पाटन र ५२ झोता छन् । यो १७५ प्रजातिका चराले बच्चा कोरल्ने ठाउँ पनि हो । यो क्षेत्र कस्तुरी र हिम चितुवाको पनि वासस्थान हो । खप्तड जान काठमाडौं, नेपालगञ्ज र धनगढीबाट बस चढेर बझाङ्गको चैनपुरसम्म जान सकिन्छ । काठमाडौं र धनगढीवाट जहाजमा पनि चैनपुरसम्म जान सकिन्छ । चैनपुरबाट केही पक्की केहि कच्ची सडकवाट तमैल हुँदै ३२ किलोमिटर टाढाको दारुगाउँ भन्ने स्थानसम्म गाडीमा जान सकिन्छ । त्यहाँबाट करिब ४ घन्टाको पैदल यात्रापछि खप्तड पुगिन्छ । त्यस्तै डोटीको सिलगढी हुँदै झिंग्रानासम्म गाडीमा र त्यसपछि ६ घन्टाको पैदल यात्रामा खप्तड पुग्न सकिन्छ । त्यस्तै वाजुरावाट पनि खप्तड पुग्न सकिन्छ । हाल खप्तडमा एउटा खप्तड होटल र खप्तड विकास समितिद्वारा उपलब्ध गराईएको खाने बस्ने सुविधा एवम् धर्मशालाका कारण खान बस्न भने पहिले भन्दा तुलनात्मक रुपमा सहज भएको छ ।

समीक्षा अवधिमा मधेश प्रदेशमा सबैभन्दा बढी ४४,६५२ र सुदूरपश्चिम प्रदेशमा सबैभन्दा कम १०,०३४ घरजग्गा किनबेच (रजिष्ट्रेसन संख्या) कारोबार भएको छ। यसैगरी, समीक्षा अवधिमा बागमती प्रदेशमा सबैभन्दा बढी ७,४५९ र कर्णाली प्रदेशमा सबैभन्दा कम ३८१ वटा घर/भवन स्थायी नक्सापास भएको छ। (तालिका ५.१)

**चार्ट ५.२ घरजग्गा रजिष्ट्रेशनको प्रदेशगत हिस्सा (प्रतिशतमा)**





*स्रोत : भूमि व्यवस्था तथा अभिलेख विभाग, नगरपालिकाहरु*

घर-जग्गा रजिष्ट्रेशन संख्या मधेश प्रदेशमा सबैभन्दा बढी (२२.७ प्रतिशत) र सुदूरपश्चिम प्रदेशमा सबैभन्दा कम (५.१ प्रतिशत) रहेको छ (चार्ट ५.२)। समीक्षा अवधिमा सार्वजनिक निर्माण तथा रियलस्टेट क्षेत्रमा गिरावट आएको छ। सबै प्रदेशमा घर-जग्गा रजिष्ट्रेशन संख्या, घरजग्गा रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व र घर/भवन स्थायी नक्सापास संख्या घटेको छ। यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका १० ( समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ।

## ५.३ वित्तीय सेवा

२०७९ पुस मसान्तसम्ममा वाणिज्य बैंकका ५,०२९, विकास बैंकका १,१२८, वित्त कम्पनीका २८० तथा लघुवित्त वित्तीय संस्थाका ५,१५१ गरी जम्मा ११,५८८ शाखा सञ्चालनमा रहेका छन्। यसमध्ये बागमती प्रदेशमा सबैभन्दा बढी ३,०२५ शाखाहरु तथा कर्णाली प्रदेशमा सबैभन्दा कम ४५९ शाखाहरु सञ्चालनमा रहेका छन्। वित्तीय सेवासम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ११ मा प्रस्तुत गरिएको छ।


**चार्ट ५.३ : बैंक तथा वित्तीय संस्थाका शाखा संख्या**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

२०७९ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले संकलन गरेको कुल निक्षेप २०७८ पुस मसान्तको तुलनामा ९.१ प्रतिशतले वृद्धि भई रु.५३ खर्ब ४७ अर्ब ६४ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो निक्षेप १४.५ प्रतिशतले वृद्धि भएको थियो। २०७८ पुस मसान्तको तुलनामा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा २०७९ पुस मसान्तमा ३.४ प्रतिशतले वृद्धि भई रु.४८ खर्ब १३ अर्ब ८७ करोड पुगेको छ। अघिल्लो वर्ष कर्जा २७.४ प्रतिशतले वृद्धि भएको थियो।


**चार्ट ५.४ : निक्षेप तथा कर्जा स्थिति (रु.दश लाखमा)**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

२०७८ पुस मसान्तमा कुल कर्जा कुल निक्षेप अनुपात ९४.९ प्रतिशत रहेकोमा २०७९ पुसमा ९०.० प्रतिशत रहेको छ। कुल कर्जा कुल निक्षेप अनुपात मधेश प्रदेशमा सबैभन्दा बढी १७३.२ प्रतिशत र बागमती प्रदेशमा सबैभन्दा कम ७२.२ प्रतिशत रहेको छ (चार्ट ५.५)।

**चार्ट ५.५: प्रदेशगत कुल कर्जा कुल निक्षेप अनुपात (प्रतिशतमा)**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

२०७९ पुस मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाले परिचालन गरेको कुल निक्षेपमा बागमती प्रदेशबाट परिचालन गरिएको निक्षेपको अंश सबैभन्दा धेरै ६९.४ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको १.२ प्रतिशत रहेको छ। कुल कर्जा प्रवाहमा बागमती प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाले गरेको कर्जा प्रवाहको अंश सबैभन्दा धेरै ५५.६ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाले गरेको कर्जा प्रवाहको अंश १.२ प्रतिशत रहेको छ। निक्षेप तथा कर्जासम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका १२ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ।

## ५.४ सेवा क्षेत्र कर्जा

२०७९ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा २०७८ पुस मसान्तको तुलनामा ७.३ प्रतिशतले बढेर रु. ३१ खर्ब २५ अर्ब ७३ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा ३२.३९ प्रतिशतले बढेको थियो। कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश २०७९ पुस मसान्तमा ६४.९ प्रतिशत रहेको छ।

सेवा क्षेत्रमा प्रवाह भएको कर्जामध्ये थोक तथा खुद्रा विक्रेता उपक्षेत्रमा सबैभन्दा बढी (३१.७ प्रतिशत) कर्जा प्रवाह भएको छ भने उपभोग्य कर्जा उपक्षेत्र, वित्त, बीमा तथा अचल सम्पत्ति उपक्षेत्र, पर्यटन उपक्षेत्र, रियल स्टेट उपक्षेत्र, यातायात, भण्डारण र संचार उपक्षेत्र, शिक्षा उपक्षेत्र, अन्य सेवा उपक्षेत्र, स्वास्थ्य र अन्य सामाजिक कार्य सम्बन्धी उपक्षेत्र र अन्य उपक्षेत्रमा क्रमशः २८.५ प्रतिशत, ६.५ प्रतिशत, ६.५ प्रतिशत, ५.३ प्रतिशत, ३.४ प्रतिशत, २.७ प्रतिशत, २.३ प्रतिशत, १.९ प्रतिशत र ११.५ प्रतिशत कर्जा प्रवाह भएको छ।

सेवा क्षेत्रमा प्रवाहित कर्जामध्ये बागमती प्रदेशमा प्रवाहित कर्जाको हिस्सा सबैभन्दा बढी ५२.९ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (१.६ प्रतिशत) रहेको छ। यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ९ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ।

**तालिका ५.२ : प्रदेशगत सेवा क्षेत्र कर्जा**

| प्रदेश | रकम (रु दश लाखमा) | हिस्सा (प्रतिशतमा) |
|---|---|---|
| कोशी प्रदेश | ३७०२७८.६१ | ११.८ |
| मधेश प्रदेश | २८२८८१.४७ | ९.० |
| बागमती प्रदेश | १६५१९९४.४२ | ५२.९ |
| गण्डकी प्रदेश | २८८८१२.३९ | ९.२ |
| लुम्बिनी प्रदेश | ३७१२७१.९३ | ११.९ |
| कर्णाली प्रदेश | ४८७३५.५४ | १.६ |
| सुदूरपश्चिम प्रदेश | १११७६२.९० | ३.६ |
| **कुल** | **३१२५७३७.२६** | **१००.०** |

*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*


## ५.५ यातायात

२०७८ पुस मसान्तको तुलनामा २०७९ पुस मसान्तसम्ममा दर्ता भएका कुल सवारी साधनको संख्या ४.१ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्ष यस्तो संख्या १०.१ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा सबैभन्दा बढी मोटरसाइकल दर्ता भएका छन्। समीक्षा अवधिमा क्रमशः मधेश, लुम्बिनी र कोशी प्रदेशमा सबैभन्दा बढी सवारी साधन दर्ता भएका छन् भने कर्णाली प्रदेशमा सबैभन्दा कम सवारी साधन दर्ता भएका छन्।

## ५.६ सहुलियतपूर्ण कर्जा

२०७९ पुस मसान्तसम्ममा रु.१ खर्ब ९७ अर्ब ८३ करोड सहुलियतपूर्ण कर्जा बक्यौता रहेको छ। बक्यौता रहेको कुल सहुलियतपूर्ण कर्जामा कोशी प्रदेशको अंश १६.८ प्रतिशत, मधेश प्रदेशको अंश ११.१ प्रतिशत, बागमती प्रदेशको अंश ३५.७ प्रतिशत, गण्डकी प्रदेशको अंश १३.९ प्रतिशत, लुम्बिनी प्रदेशको अंश १५.६ प्रतिशत, कर्णाली प्रदेशको अंश १.६ प्रतिशत र सुदूरपश्चिम प्रदेशको अंश ५.३ प्रतिशत रहेको छ (चार्ट ५.६)।

**चार्ट ५.६ : प्रदेशगत सहुलियतपूर्ण कर्जाको हिस्सा (प्रतिशतमा)**





*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

## ५.७ विपन्न वर्ग कर्जा

२०७९ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित विपन्न वर्ग कर्जा रु.३ खर्ब १८ अर्ब ७३ करोड रहेको छ। कुल विपन्न वर्ग कर्जामा कोशी प्रदेशमा प्रवाहित कर्जाको अंश १४.२ प्रतिशत, मधेश प्रदेशको अंश ९.० प्रतिशत, बागमती प्रदेशको अंश ४७.९ प्रतिशत, गण्डकी प्रदेशको अंश ११.३ प्रतिशत, लुम्बिनी प्रदेशको अंश १२.६ प्रतिशत, कर्णाली प्रदेशको अंश १.५ प्रतिशत र सुदूरपश्चिम प्रदेशको अंश ३.६ प्रतिशत रहेको छ (चार्ट ५.७)।

**चार्ट ५.७ : प्रदेशगत विपन्न कर्जाको हिस्सा (प्रतिशतमा)**





*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

## ५.८ पुनरकर्जा

२०७९ पुस मसान्तमा यस बैंकबाट सहुलियत दरमा प्रदान गरिने पुनरकर्जा रु.७९ अर्ब कर्जा बक्यौता रहेको छ। कुल पुनरकर्जा उपयोगमा बागमती प्रदेशको अंश सबैभन्दा बढी ५६.७ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको अंश सबैभन्दा कम ०.७ प्रतिशत रहेको छ (चार्ट ५.८)।

**चार्ट ५.८: प्रदेशगत पुनरकर्जाको हिस्सा (प्रतिशतमा)**





*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

## ५.९ सहकारी क्षेत्र

समीक्षा अवधिमा सम्बन्धित प्रदेशमा रहेका सहकारी संस्थाहरुमध्ये हरेक प्रदेशबाट १० वटाका दरले नमुना छनौट गरिएको थियो । यसरी छनौटमा परेका कुल ७० सहकारी संस्थाहरूको कुल पुँजी ९.०२ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धिदर १८.१४ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा उक्त सहकारीहरुको कुल बचत ०.५४ प्रतिशतले घटेको छ भने कुल कर्जा ०.७२ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा उक्त सहकारीहरुको सदस्य संख्या १०.४४ प्रतिशतले वृद्धि भएको छ भने गत वर्षको सोही अवधिमा सदस्य संख्या १२.२० प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा सहकारीहरुको कर्मचारी संख्या ७.९२ प्रतिशतले वृद्धि भएको छ भने गत वर्षको सोही अवधिमा कर्मचारी संख्या १४.०८ प्रतिशतले वृद्धि भएको थियो ।

**चार्ट ५.९ : नमूना छनौटमा परेका वचत तथा ऋण सहकारी संस्थाको विवरण (रु.दश लाखमा)**




*स्रोत: अध्ययनमा समेटिएका सहकारी संस्थाहरु ।*

## ५.१० सेवा क्षेत्रको चुनौती र सम्भावना

### ५.९.१ चुनौती

रुस युक्रेन युद्धको असरले विश्वबजारमा उच्च मूल्य वृद्धि हुँदै मन्दी उन्मुख हुनु, पेट्रोलियम पदार्थको मूल्य वृद्धिले ढुवानी, यातायात लगायतका आर्थिक क्रियाकलाप महँगो पर्नु, बैंकिङ क्षेत्रमा तरलताको अभावले कर्जाको व्याजदर बढ्दै जानु लगायतका कारणले कोभिड-१९ महामारीपश्चात् तँग्रिदै गएको पर्यटन क्षेत्रमा केही असर पर्न सक्ने देखिन्छ । यसका साथै सार्वजनिक यातायात र मनोरञ्जनका क्षेत्रहरुमा पनि यसले चुनौती थपेको छ । आन्तरिक तथा वाह्य पर्यटकको आगमन संख्या वृद्धि गरी बसाँइ अवधि लम्ब्याउनु, गुणस्तरीय र भरपर्दो यातायात सेवाको विकास गर्नु, तुलनात्मकरुपमा बढी उत्पादनशील र रोजगारी सिर्जना हुने क्षेत्रमा वित्तीय स्रोत प्रवाह गर्नु, अत्यन्त प्रभावित क्षेत्रहरु बाहेक अन्य क्षेत्रहरुमा पुनरकर्जा कार्यक्रमले निरन्तरता नपाउने, उत्पादन तथा व्यवसायिक गतिविधि अपेक्षित रुपमा विस्तार नहुँदा बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कर्जा असुलीमा समस्या देखिनु, उच्च मूल्यवृद्धि र न्यून तलबका कारण डाक्टर, नर्स, ल्याव प्राविधिक लगायतका जनशक्तिको उत्पादनमा हुने वृद्धिदर कम हुन सक्नु, पूर्वाधार, शिक्षा, व्यवस्थापन लगायतका क्षेत्रको गुणस्तरमा सुधार ल्याई सार्वजनिक स्कुल कलेजलाई निजी सरह प्रतिस्पर्धात्मक बनाउनु आदि कार्यहरु चुनौतीपुर्ण रहेका छन् ।

**तालिका ५.३ : सेवा क्षेत्रका प्रदेशगत चुनौतीहरु**

| प्रदेश | सेवा क्षेत्रका चुनौती |
| --- | --- |
| कोशी प्रदेश | • पहिचान गर्न बाँकी भएका र पूर्वाधार पनि नभएका क्षेत्रहरु (जस्तै : कञ्चनजंघा हिमालको ट्रेकिङ्ग, इलामको सन्दकपुर, संखुवासभाको किमाथांका र मकालु बरुण, ताप्लेजुङ्गको ओलाङ्गचुङ्गगोला आदि) को पहिचान गरी सहासीक र मनोरञ्जनजन्य पर्यटनको विकास र विस्तार गरी राज्यको आय स्रोतमा पर्यटन मुख्य आधार बनाउनु । साथै, यस प्रदेशमा आउने पर्यटकहरुको रुची/रहनसहन अनुसारको पर्यटन पूर्वाधार विकास गर्न सामुदायिक तथा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीतिगत व्यवस्था गरी पर्यटकहरुको संख्या वृद्धि तथा बसाई अवधि लम्व्याउनु ।<br>• प्रदेश सरकारका विभिन्न विषयगत मन्त्रालय तथा स्थानीय तहले समेत आ–आफ्नै विधि तथा प्रक्रियाबाट सहुलितपूर्ण कर्जा कार्यक्रम कार्यान्वयन गर्ने गरेको सन्दर्भमा हाल कार्यान्वयनमा रहेको सहुलियतपूर्ण कर्जा कार्यक्रममा दोहोरो नपर्ने गरी यस प्रकारका सहुलियतपूर्ण कर्जामा लक्षित वर्गको पहुँच सुनिश्चित गर्नु । |
| मधेश प्रदेश | • मधेश प्रदेशमा अवस्थित मिथिला क्षेत्रको सांस्कृतिक सम्पदाको रुपमा रहेको मिथिला कला तथा संस्कृति जस्ता मौलिक कला तथा संस्कृति समेट्ने विषय वस्तुहरुको संरक्षण र विकास गर्नु ।<br>• जनकपुर क्षेत्रमा रहेको मानव निर्मित पोखरी तथा ताल तलैया लगायत शहरको उचित सरसफाई तथा श्रृंगार गरी मनोरञ्जनात्मक गतिविधिहरुको प्रवर्द्धन गरी पर्यटन क्षेत्रको विकास र विस्तार गर्नु ।<br>• मधेशमा बढिरहेको अव्यवस्थित र द्रुत शहरीकरणलाई रोकी व्यवस्थित र सुन्दर शहरीकरणको विकास गर्नु । |
| बागमती प्रदेश | • उपत्यकाभित्र हुने अत्यधिक ट्राफिक जामलाई कम गर्न सार्वजनिक यातायातलाई सफा, सहज, गुणस्तरीय बनाई पर्याप्त रुटहरुमा सार्वजनिक यातायात व्यवस्थापन गर्नु ।<br>• सार्वजनिक पार्क तथा खुला स्थानमा सवारी साधन तथा खुद्रा पसल निषेध क्षेत्र घोषणा गरी पार्कको सौन्दर्य, पूर्वाधार तथा सरसफाईलाई दिगो बनाउनु ।<br>• काठमाडौं उपत्यकामा बस्तीसँगै रहेका अधिकांश पेट्रोल पम्पले सरकारद्वारा निर्धारण गरेको मापदण्ड पालना नगरेकोले पम्पहरुको उचित व्यवस्थापन गरी दुर्घटनाजन्य जोखिम कम गर्नु ।<br>• विद्युत्तीय फोहोर व्यवस्थापन (E-waste Management) एवम् डिजिटल तथ्याङ्कको सुरक्षित भण्डारण एवम् सञ्चालन गर्नु । |
| गण्डकी प्रदेश | • यस प्रदेशको कुल निक्षेप तथा कर्जाको करिव ७० प्रतिशत हिस्सा तीनवटा जिल्ला कास्की, नवलपरासी (पूर्व) र तनहुँ जिल्लामा मात्रै अधिकेन्द्रित भएको पाइएको |

| | |
|---|---|
| | छ। यी तीन जिल्ला बाहेकका अन्य जिल्लाहरुमा पनि वित्तीय साधनको समुचित वितरणमार्फत् आर्थिक गतिविधि चलायमान बनाउनुपर्ने चुनौती रहेको छ।<br>• सडक सञ्जाल विकाससँगै परम्परागत पदमार्गहरु संरक्षण गर्नु तथा नयाँ पदमार्गहरु खोजी गर्नु।<br>• पर्यटक आगमनको आधिकारिक तथ्याङ्क राख्न तथ्याङ्क प्रदायक निकायहरुबीच समन्वय गरी तथ्यमा आधारित नीति तर्जुमा गर्नु।<br>• पोखराबाहेकका अन्य पर्यटकीय स्थानहरुमा पर्याप्त पर्यटकस्तरीय होटल/लजहरु, यातायात सुविधा एवम् भौतिक पूर्वाधारहरु निर्माण गर्नु। |
| लुम्बिनी प्रदेश | • यस क्षेत्रका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विमानस्थलहरु र ठूलो लगानीमा निर्माण भएका होटलहरु पूर्ण क्षमतामा सञ्चालन गर्नु।<br>• बुद्धकालीन तथा अन्य धार्मिक तथा ऐतिहासिक पर्यटकीय स्थलसम्म पुने बाटोको निर्माण तथा स्तरोन्नती गर्नु, सुलभ र सुविधा सम्पन्न यातायात सञ्चालन गर्ने तथा अन्य पर्यटन पूर्वाधारहरुमा पर्याप्त लगानी विस्तार गर्नु। |
| कर्णाली प्रदेश | • भौगोलिक विकटताका बावजुद यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य, सडक, विद्युत् लगायतका पूर्वाधारहरुको तिब्र विकास गर्नु।<br>• अन्य प्रदेशको तुलनामा वित्तीय पहुँच न्यून भएको यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति बिस्तार गरी वित्तीय साक्षरता र वित्तीय समावेशीकरण अभिवृद्धि गर्दै वित्तीय क्षेत्रको योगदान बढाउनु।<br>• स्वास्थ्य संस्थाहरु तथा स्वास्थ्यकर्मीहरुको संख्या वृद्धि गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु। |
| सुदूरपश्चिम प्रदेश | • सुदूरपश्चिम प्रदेशको पर्यटन प्रवर्द्धनका लागि आवश्यक सडक पहुँच, यातायात सेवा, हवाई सेवा तथा होटल लगायतका पूर्वाधारहरु निर्माण गर्ने।<br>• वित्तीय सचेतना अभिवृद्धि गर्दै कर्जाको माग पक्ष सबल बनाउनुका साथै ईजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जा कृषि लगायत अन्य उत्पादनशील क्षेत्रहरुमा प्रभावकारी रुपमा प्रवाह गर्नु। साथै, बैंकिङसेवा नपुगेका स्थानहरुमा सेवा प्रवाहको व्यवस्था गर्नु।<br>• भौगोलिक विकटताकाबीच छरिएर रहेका बस्ती तथा गाउँहरुमा सडक, स्वास्थ्य तथा शिक्षाका पूर्वाधारहरु विस्तार गर्दै सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा बढावा ल्याउने। |

### ५.९.२ सम्भावना

विद्युत् उत्पादनमा वृद्धि हुँदै गएको, वित्तीय चेतनाको स्तर अभिवृद्धि हुँदै गएको, सर्वसाधारणको बैंकिङ पहुँच विस्तार हुँदै गएको, सञ्चार माध्यम, इन्टरनेट, मोबाइल लगायतमा युवाहरुको आकर्षण र पहुँच राम्रो रहेकोले Application Development, ई-लर्निङ, ई-कन्सल्टेन्सी, ई-लाइब्रेरी लगायतका प्रविधिमैत्री सेवाको विस्तार हुने सम्भावना रहेको छ। होटल तथा लजहरुमा लगानी बढ्दै गएको, दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल संचालनमा आएको र तेस्रो अन्तर्राष्ट्रिय विमानस्थल सम्पन्न हुने चरणमा रहेको, रेलमार्ग सञ्चालन भई

भारतीय पर्यटकको आगमन सहज हुने तथा पर्यटकीय क्षेत्रमा नेपालको आकर्षण यथावत् रहेकोले पर्यटन क्षेत्रले गति लिने सम्भावना रहेको छ ।

**तालिका ५.४ : सेवा क्षेत्रका प्रदेशगत सम्भावनाहरु**

| प्रदेश | सेवा क्षेत्रका सम्भावना |
|---|---|
| कोशी प्रदेश | • कोशी प्रदेशमा पर्यटन सहितको होटलहरु थपिदै गएको, पर्यटन क्षेत्रमा लगानी बढ्दै गएको, हवाइ उडान संख्या बढ्दै गएको, पर्याप्त धार्मिक क्षेत्रहरु जस्तैः पाथिभरा मन्दिर, बराह क्षेत्र, हलेसी महादेव जस्ता गन्तव्य रहेको, हिमाल आरोहण तथा पदमार्गको प्रचुर सम्भावना रहेकोले पर्यटन क्षेत्र फस्टाउन सक्ने । पर्यटनका विकासका साथै स्थानीय स्तरमा उत्पादन भएको कृषि र उद्योगको क्षेत्रलाई समेत टेवा पुर्‍याउन सक्ने देखिन्छ । आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम अनुसार सम्बत् २०८० को दशकलाई नेपाल भ्रमण दशक र सन् २०२५ लाई विशेष पर्यटन वर्षको रुपमा मनाइने भएकाले पर्यटकको आगमन बढ्न सक्ने ।<br>• यस प्रदेशमा रहेका आखा अस्पतालहरुमा भारतका सीमावर्ति क्षेत्रहरुबाट भारतीय नागरिकहरु आउने क्रममा भएको वृद्धिसँगै स्वास्थ्य क्षेत्रका विशिष्टिकृत अस्पतालहरु (निजी र सरकारी) हरुको पनि व्यापक वृद्धि गरी स्वास्थ्य पर्यटनका साथै उच्च स्तरको प्राविधिक शिक्षालयका साथै विश्वविद्यालय र कलेजहरुको स्थापनालाई राज्यले प्रथामिकताका साथ नीतिगत रुपमा कर छुट र अन्य सुविधा दिएको अवस्थामा शैक्षिक पर्यटनको समेत लाभ लिन सक्ने सम्भावना रहेको ।<br>• प्रदेशका सबै स्थानीय तहमा कम्तीमा एउटा बैंक तथा वित्तीय संस्थाको विस्तार भएसँगै वित्तीय सेवामा सर्वसाधारणको पहुँच तथा वित्तीय सेवाको प्रयोग बढ्दै गएकोले अनौपचारिक अर्थतन्त्रको हिस्सा कम हुदै जाने । साथै, उद्यमशिलताको विकास र विस्तार भई उत्पादन तथा निजी स्तरमा रोजगारीमा वृद्धि हुने सम्भावना रहेको । |
| मधेश प्रदेश | • मधेश प्रदेशमा सिम्रौनगढ, गढीमाई, जनकपुर, जलेश्वर र छिन्नमस्ता जस्ता ऐतिहासिक एवम् धार्मिक महत्वका तीर्थस्थलहरु रहेको, सप्तकोशी नदी साहसिक जलयात्राको दृष्टिकोणले प्रख्यात रहेको तथा जनकपुर क्षेत्रमा मानव निर्मित पोखरी तथा ताल तलैयाहरु प्रशस्त रहेकोले पर्यटन क्षेत्रको विस्तार गर्न सकिने ।<br>• भारतसँग खुल्ला सिमाना भएकोले पर्यटन पूर्वाधार विकास गर्न सके स्तरीय भारतीय पर्यटक भित्र्याउन सकिने । |
| बागमती प्रदेश | • सार्वजनिक यातायातमा भाडा भुक्तानीलाई सजिलो बनाउन निशुल्क इन्टर्नेट तथा स्क्यान एण्ड पे सुविधा उपलब्ध गराउने तथा सार्वजनिक यातायातमा ट्राभल कार्डबाट भुक्तानी गर्ने व्यवस्था मिलाउन सके सार्वजनिक यातायात सेवा प्रभावकारी हुने ।<br>• ट्राफिक एप निर्माण गरी सोको व्यवस्थित र प्रभावकारी कार्यान्वयन गरी ट्राफिक जाम नियन्त्रण गर्न सकिने सम्भावना रहेको । |

| | |
|---|---|
| | • काठमाडौं, चितवन जस्ता व्यस्त शहरमा मानसिक स्वास्थ्य बिग्रिने सम्भावना रहेकोले बाल, युवा र बृद्धहरुलाई स्वच्छ र शान्त वातावरणमा हिँडडुल र आराम गर्न व्यायाम उपकरण सहितको सार्वजनिक पार्कहरु निर्माण गर्न सकेमा जनताको मानसिक स्वास्थ्यमा सुधार आउन सक्ने सम्भावना रहेको ।<br>• फोहोर पुनचक्रलाई प्रोत्साहन गर्न उत्पादित फोहोरको बजन अनुसार मूल्यदर तोक्नुपर्ने साथै संस्थागत र घरायसी फोहोरको दर पनि छुट्टा छुट्टै तोक्न सके फोहोर व्यवस्थापनमा सहज हुने । |
| गण्डकी प्रदेश | • पर्यटकहरुलाई थप आकर्षित गर्दै बसाई अवधि लम्ब्याउन तालहरुमा अत्याधुनिक Water Show/Water Sports (Jet Boating, Water Skiing, Underwater Scooter, Cruise Dinner) आदि जस्ता मनोरञ्जनात्मक गतिविधिहरुका लागि लगानी बढाउन निजी क्षेत्रलाई प्रोत्साहन गर्न सकिने सम्भावना रहेको छ ।<br>• उत्तर दक्षिण लोकमार्गकोरुपमा रहेको कालीगण्डकी कोरिडोरको काम द्रुत गतिले अघि बढेकोले निर्माण सम्पन्न भएपश्चात् सडकमार्गबाट चीन र भारतसँग सोझै सम्बन्ध कायम हुने भएकोले भारतीय र चिनियाँ पर्यटकहरुको आगमनमा वृद्धि हुने ।<br>• पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण सम्पन्न भई हस्तान्तरण भइसकेको अवस्थामा हवाई सेवामार्फत् यस प्रदेशको सोझै सम्बन्ध अन्तर्राष्ट्रिय जगतसँग जोडिन पुग्ने भएकाले पर्यटन प्रवर्द्धनमा उल्लेखनीय टेवा पुग्ने सम्भावना छ । |
| लुम्बिनी प्रदेश | • बुद्धकालीन तथा अन्य धार्मिक तथा ऐतिहासिक पर्यटकीय स्थल रहनु, थप पर्यटक स्तरीय होटल, रेष्टुरेण्ट र होमस्टेहरु निर्माणधीन अवस्थामा रहेको कारण पर्यटक आगमन वृद्धि हुँदै जाने ।<br>• यस प्रदेशको बुटवलमा सञ्चालमा आएको लुम्बिनी केवलकार, सोहि क्षेत्रमा निर्माणाधिन सिद्धार्थ केवलकारको सञ्चालन पश्चात आर्थिक गतिविधि तथा रोजगारी वृद्धि हुने सम्भावना रहेको ।<br>• लुम्बिनी प्रदेश सरकारवाट घोषणा भएका स्वास्थ्य सुधार सम्बन्धी विभिन्न कार्यक्रहरुका कारण गुणस्तरीय स्वास्थ्य सेवा विस्तार हुने सम्भावना रहेको । |
| कर्णाली प्रदेश | • यस प्रदेशमा रारा, शे-फोक्सुण्डो, कुभिण्डे, स्यार्पु, बुलबुले ताल, काँक्रेविहार, पचाल झरना, सिँजा सभ्यता, पञ्चकोशी र कैलाश मानसरोवर लगायतका प्राकृतिक, सांस्कृतिक तथा धार्मीक महत्व बोकेका पर्यटकीय क्षेत्रहरु रहेकोले पर्यटन पूर्वाधारहरुको विकास र बिस्तार गरी आन्तरिक तथा वाह्य पर्यटकलाई आकर्षण गर्न सकिने उच्च सम्भावना रहेको ।<br>• बैंक तथा वित्तीय संस्थाहरुमा सर्वसाधारणको पहुँच र वित्तीय साक्षरतामा आएको सुधारले घरेलु, साना तथा मझौला उद्योगहरुको विकास हुने क्रम बढ्दो रहेकोले सो क्षेत्रमा कर्जा बिस्तारको सम्भावना उच्च रहेको । |
| सुदूरपश्चिम प्रदेश | • प्राय सबैजसो स्थानीय तहमा वाणिज्य बैंकका शाखा पुगिसकेको अवस्थामा बैंकिङ पहुँचमा वृद्धि भई स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगारीका अवसरहरु सिर्जना हुन सक्ने । |

| | |
|---|---|
| | • स्थानीय तथा प्रदेश सरकारबाट पर्यटन प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण एवं प्रचार प्रसारका कार्यक्रमहरु सञ्चालनमा रहेकोले आन्तरिक एवं बाह्य पर्यटकको आगमनमा वृद्धि भई प्रदेशको आर्थिक विकास एवं रोजगारीमा टेवा पुग्न सक्ने ।<br>• जनसंख्याको अनुपातमा कर्जा लगानी थोरैमात्र रहेकाले कर्जा लगानीमा वृद्धि गरी आर्थिक गतिविधि तथा रोजगारीका अवसरहरु बढाउन सकिने । |

**नेपालमा रहेका केबलकारहरुको विवरण[1]**

नेपालमा पूर्वदेखि पश्चिमसम्म गरी कुल ६ वटा केबलकार सञ्चालनममा रहेका छन् भने १ वटा परीक्षणकालमा, १ वटा निर्माणाधीन र ६ वटा निर्माणको तयारीमा रहेका छन् । यस्ता केबलकारहरुबाट पर्यटन प्रवर्द्धनमा टेवा पुग्नुका साथै आर्थिक गतिविधि चलायमान गर्नमा मद्दत पुग्ने अपेक्षा गरिएको छ । केबलकारहरु संचालन भएको स्थलमा होटल रिसोर्टहरु पनि स्थापना हुने, सडक, विजली, खानेपानी आदिको सुविधामा विस्तार हुने तथा विकट ठाउँमा रहेका पौराणिक मठ मन्दिरको सहज पहुँच हुन गई धार्मिक, पर्यावरण, साहसिक तथा मनोरञ्जनात्मक पर्यटनको विस्तारमा थप टेवा पुग्ने देखिन्छ । उक्त केबलकारहरुको बिवरण निम्न तालिकामा उल्लेख गरिएको छ ।

| केबलकार | स्थान | लम्बाई | रिसोर्ट सहितको लगानी |
|---|---|---|---|
| **सञ्चालन** | | | |
| **मनकामना** | कुरिनटार-गोरखा | ३.२ किमि | १.५८ अर्ब |
| **चन्द्रागिरि** | थानकोट-चन्द्रागिरि | २.४ किमि | ३ अर्ब |
| **अन्नपूर्ण** | फेवाताल-सराङकोट | २.४ किमि | २ अर्ब |
| **कालिञ्चोक** | दोलखाको कुरी-कालिञ्चोक | ९ सय मिटर | ४५ करोड |
| **मौलाकालिका** | गैंडाकोट-मौलाकालिका | १.२ किमि | २ अर्ब |
| **लुम्बिनी** | बुटवल-पाल्पा-वसन्तपुर | २.६ किमि | ५ अर्ब |
| **परीक्षणकाल** | | | |
| **बन्दीपुर** | डुम्रे-बन्दीपुर | १.७ किमि | ३ अर्ब |
| **निर्माणाधिन** | | | |
| **सिद्धार्थ** | बुटवल-पाल्पा नुवाकोट | १.९४ किमि | १ अर्ब |
| **निर्माणको तयारी** | | | |
| **पाथीभरा** | पाथीभरा मन्दिर, ताप्लेजुङ | २.५ किमि | ३ अर्ब |
| **जालपादेवी** | कैलाली लम्किचुहा-मोहन्याल | ३.१ किमि | ५ अर्ब |
| **सिकलेस** | कास्कीको मादी गाउँपालिका | ६.४ किमि | ८ अर्ब |
| **छिम्केश्वरी** | तनहुँको छिम्केश्वरी मन्दिर | ३.६ किमि | ५ अर्ब |
| **चम्पादेवी** | चाल्नाखेल-चम्पादेवी | २ किमि | ६ अर्ब |
| **पोखरा-मुक्तिनाथ** | पोखरा-पर्वत-म्याग्दी-मुस्ताङ | ८६ किमि | ५० अर्ब |

[1] मिति २०८० जेठ २७ गते प्रकाशित नयाँ पत्रिका दैनिकको विवरणमा आधारित (पृष्ठ-१)

## परिच्छेद ६
# पूर्वाधार क्षेत्र

## ६.१ पूर्वाधार स्थिति

पूर्वाधार क्षेत्रअन्तर्गत प्रमुख पूर्वाधारको अवस्था र यससँग सम्बन्धित आयोजनाहरुको प्रगति स्थितिको बारेमा यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

### सडक

नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभागको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७९/८० को पहिलो छ महिनासम्ममा राष्ट्रिय राजमार्गतर्फ २ लेन सम्मको कालोपत्रे १७ हजार १७ कि.मी., राष्ट्रिय राजमार्ग २ लेन माथिको कालोपत्र ३ सय ३७ कि.मी., ग्राभेल सडक ७ हजार ८ सय ७५ कि.मी., ट्र्याक निमार्ण ८ हजार ८ सय ४७ कि.मी. गरी कुल ३४ हजार ७५ कि.मी. सडक निमार्ण भएको छ भने ३ हजार १८ पुल निर्माण भएका छन् ।

**तालिका ६.१: सडकको २०७९/८० को प्रथम छ महिनासम्मको प्रगति विवरण (कि.मी.)**

| विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० अर्ध वार्षिक |
|---|---|---|---|---|---|
| **कालोपत्रे** | १४६९५ | १५४२४ | १६६१४ | १७२३२ | १७३५३.६ |
| **ग्राभल** | ८५९४ | ८६२२ | ८१७१ | ७८८८ | ७८७४.६७ |
| **कच्ची सडक** | ९५९० | ९१९८ | ८९३१ | ८८७६ | ८८४६.८७ |
| **जम्मा** | **३२८७९** | **३३२४४** | **३३७१६** | **३३९९६** | **३४०७५.२** |

*स्रोत: भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय*

मध्यपहाडी (पुष्पलाल) राजमार्गको कुल लम्बाई १८ सय ७९ कि.मी. मध्ये असारसम्म १२ सय ५९ कि.मी. कालोपत्रे सम्पन्न भएकोमा समीक्षा अवधिमा थप २८ कि.मी. सडक कालोपत्रे भई १२ सय ८७ कि.मी पुगेको छ । यसैगरी हुलाकी राजमार्गको कुल लम्बाई १८ सय ५७ कि.मी मध्ये असारसम्म ८ सय ९० कि.मी. कालोपत्रे सम्पन्न भएकोमा समीक्षा अवधिमा थप २९ कि.मी. सडक कालोपत्रे भई ९ सय १९ कि.मी पुगेको छ । उत्तर दक्षिण राजमार्ग कालीगण्डकी कोरिडोरको कुल लम्बाई ४ सय ४७ कि.मी मध्ये गैडाकोट-राम्दी-मालढुङ्गा खण्डको असारसम्म १ सय १२ कि.मी. कालोपत्रे सम्पन्न भएकोमा समीक्षा अवधिमा थप ८ कि.मी. सडक कालोपत्रे भई १ सय २० कि.मी पुगेको छ भने यस कोरिडोर अन्तर्गत बेनी जोमसोम केरेला खण्डको २ सय ०२ कि.मी. खण्डका असारसम्म २८ कि.मी. कालोपत्रे सम्पन्न भएकोमा समीक्षा अवधिमा थप १ कि.मी. सडक कालोपत्रे भई २९ कि.मी पुगेको छ ।

### सिँचाई

आर्थिक वर्ष २०७१/७२ बाट निर्माण कार्यको सुरुवात गर्ने गरी आ.व. २०८४/८५ मा सम्पन्न गर्ने संशोधित लक्ष्य रहेको **भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना**को २०७९ असारसम्म भौतिक उपलब्धि ५७ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७९/८० को पुससम्म यस्तो उपलब्धि ५९.५ प्रतिशत रहेको छ । भेरी बबई डाईभर्सनतर्फ रु.३३ अर्ब १९ करोड ६६ लाख र भेरी करीडोर विकास आयोजनातर्फ रु.३ अर्ब ६१ करोड ११ लाख गरी यस आयोजनाको कुल अनुमानित लागत रु.३६ अर्ब ८० करोड ७७ लाख रहेको छ । यो आयोजना सम्पन्न भएपछि बर्दिया र बाँके जिल्लाका करिब ५१ हजार हेक्टर भूमिमा बाह्रै महिना सिँचाई सुविधा उपलब्ध हुनेछ । यसका साथै नियमित रुपमा २ वटा युनिट संचालन गरी जम्मा ४६.८

मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य रहेको छ। नेपालमा पहिलो पटक TBM Technology प्रयोग गरी सुरु गरिएको १२ कि.मि. लामो सुरुङ्ग निर्माण गरिएको छ।

आर्थिक वर्ष २०८९/९० मा सम्पन्न गर्ने लक्ष्य लिएको **सिक्टा सिँचाई आयोजना**को २०७९ असारसम्म भौतिक उपलब्धि ३८.८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० को पुससम्म यस्तो उपलब्धि ३९.२ प्रतिशत रहेको छ। लुम्बिनी प्रदेशको बाँके जिल्लामा अवस्थित यस सिँचाई आयोजना अगैया स्थित राप्ती नदीमा बाँध निर्माणगरी ४२ हजार ७६६ हेक्टर भूमिमा भरपर्दो सिंचाइको लागि पानी उपलब्ध गराउन यो आयोजना निर्माण गरिएको हो। यस आयोजनाले हालसम्म १८ हजार हेक्टर जमिनमा सिँचाई सुविधा पुऱ्याएको छ।

मध्य तथा पूर्वी तराई भेगको १ लाख २२ हजार हेक्टर भूमिमा बाह्रै महिना सिँचाई सुविधा पुऱ्याउने लक्ष्य रहेको **सुनकोशी मरिन डाइभर्सन बहुउदेश्यीय आयोजना**को प्रारम्भिक र विस्तृत सम्भाव्यता अध्ययन कार्य सम्पन्न भै निर्माण कार्यसमेत प्रारम्भ भइसकेको छ। आ.व. २०७३/७४ बाट शुरु भएको यो आयोजना आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ। यस आयोजनाको कुल लागत रु.६७ अर्ब ४९ करोड ४ लाख रहेको छ। यस आयोजनाबाट ४० मेगावाट जलविद्युत् उत्पादन गर्ने लक्ष्य लिइएको छ। २०७९ असारसम्म भौतिक उपलब्धि ७.६ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० को फागुनसम्म यस्तो उपलब्धि १५ प्रतिशत रहेको छ।

कञ्चनपुर र कैलाली जिल्लामा करीब ३३,५२० हेक्टर भू-भागमा सिँचाई सुविधा उपलब्ध गराउने उद्देश्यले करीब रु.३५ अर्ब लागत रहेको निर्माणाधिन **महाकाली सिँचाई आयोजना**ले २०७९ असार मसान्तसम्मको भौतिक प्रगति १५.७ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७९/८० को फागुनसम्म यस्तो प्रगती १७.५ प्रतिशत रहेको छ।

### नागढुंगा नौविसे सुरुङ मार्ग

काठमाडौं उपत्यका भित्रिन प्रयोग हुने मुख्य नाकामा निर्माण हुन लागेको नागढुंगा नौविसे सुरूङ मार्गको कुल अनुमानित लागत रु.१७.०९ अर्ब (मुआब्जा बाहेक) रहेको छ। काठमाडौंको थानकोट दहचोकदेखि धादिङको सिस्ने खोलासम्म निर्माण गर्ने लक्ष्य रहेको यो सुरुङ मार्ग ३.५ मिटरका दुइवटा लेन र १.५ मिटर चौडाइको इमर्जेन्सी ट्र्याक रहने यस सुरुङको चौडाई ९.५ मिटर र उचाई ५ मिटरको हुनेछ। निर्माण पश्चात् बाटोको दुरीमा २.३८ कि.मि.ले कमी आउने, काठमाडौं प्रवेश गर्न २३ मिनेट र बाहिरिन १४ मिनेट समय बचत हुने तथा सवारी दुर्घटनामा ५० प्रतिशत कमी हुने आँकलन गरिएको यस सुरुङमार्ग जापान सहयोग नियोग (जाइका) को सहुलियत ऋणबाट निर्माण हुन लागेको हो। आर्थिक वर्ष २०७९ को पुससम्म सुरुङ मार्गको कुल भौतिक प्रगति ४७.९ प्रतिशत र कुल वित्तीय प्रगति ४९.६ (मोविलाइजेसन सहित) प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७९ को पुससम्म मुख्य सुरुङ १४८२८ मिटर (खन्ने काम) र सहायक इभ्याकुएसन सुरूङ २०४६ मिटर (खन्ने काम) सम्पन्न भएको छ भने कंक्रिट लाइनिङको ३४ प्रतिशत काम सम्पन्न भएको छ।

### नागरिक उड्डयन

नेपालमा नियमित हवाई सेवामा आन्तरिक उडानतर्फ ९ वटा वायुसेवा र १२ वटा हेलिकप्टर कम्पनी सञ्चालनरत छन्। यसैगरी, अन्तर्राष्ट्रिय उडानतर्फ ३ वटा नेपाली वायुसेवा र २९ वटा विदेशी वायुसेवा गरी ३२ वटा वायुसेवाले गन्तव्यमा उडान सञ्चालन गरिरहेका छन्। नेपालले हालसम्म ४० वटा देशमा द्विपक्षिय हवाइ सम्झौता गरेको छ। नेपालमा रहेका कुल ५२ विमानस्थलमध्ये ३३ वटा विमानस्थल सञ्चालनमा रहेका छन् भने १९ वटा विमानस्थल सञ्चालनमा छैनन्। यसैगरी ४ वटा विमानस्थल निर्माणधिन रहेका छन्।

#### पोखरा अन्तर्राष्ट्रिय विमानस्थल

*राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल वि.सं.२०७९ माघ १ गते देखि सञ्चलनमा आएको छ। पोखरा म.न.पा वडा नं. १४ छिनेडाँडा, कास्कीमा अवस्थित यो विमानस्थल पोखराको आन्तरिक विमानस्थलबाट करिब ३ किलोमिटर पूर्व र नेपालको राजधानी सहरबाट २०० किलोमिटर पश्चिममा पर्दछ। यस विमानस्थलको उचाइ समुद्र सतहबाट करिब ८०० मिटर रहेको छ। कुल २१५.९ मिलियन अमेरिकी डलरको लागतमा बनेको यस विमानस्थल करिब ३ हजार ९ सय रोपनी क्षेत्रफलमा फैलिएको छ। आर्थिक वर्ष २०७२/७३ देखि उक्त विमानस्थलको निर्माण कार्य शुरु गरिएको थियो।*

*यो विमानस्थल प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथ र अन्नपूर्ण राउण्ड ट्रेकका साथै तीर्थयात्री र पर्यटकका लागि मुख्य प्रवेशद्वारको रूपमा रहेको छ। विमानस्थलले वार्षिक १० लाख यात्रु ओसारपसार गर्ने अपेक्षा गरिएको छ। पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्ग ICAO 4D श्रेणीको रहेको छ। ६१० यात्री प्रतिघण्टा वा वार्षिक ८ लाख यात्रीलाई सेवा प्रदान गर्न सक्ने विमानस्थलको क्षमता रहेको छ। विमानस्थल संचालनले गण्डकी प्रदेशको पर्यटन प्रवर्द्धनमा थप योगदान पुऱ्याउने आशा गरिएको छ।*

*स्रोत : अर्ध-वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन २०७९/८० (गण्डकी प्रदेश)*

## ६.२ राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति

राष्ट्रिय गौरवका आयोजनाहरुको स्थिति र समीक्षा अवधीको अन्तसम्मको भौतिक र वित्तीय प्रगति विवरण तालिका ६.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.२ :- राष्ट्रिय गौरवका आयोजनाको विवरण**

| क्र.सं. | आयोजनाको नाम | अवस्थिती | शुरु मिति | लक्ष्य | सम्पन्न हुने मिति | संशोधित लागत रु. | आ.व. २०७९/८० को लक्ष्य अनुसार २०७९ पुस मसान्त सम्मको प्रगति अवस्था | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | भौतिक | वित्तीय |
| १. | सिक्टा सिंचाई आयोजना | लुम्बिनी प्रदेश | २०५९/६० | ४२,७६६ हेक्टर | २०८४/८५ | २५ अर्ब २ करोड | ५९.८४ | ५२.६२ |
| २. | बबई सिंचाई आयोजना | लुम्बिनी प्रदेश | २०४५/४६ | ३६,००० हेक्टर | २०७९/८० | १८ अर्ब | १९९ | १६७.१७ |
| ३. | रानी जमरा कुलरिया आयोजना | सुदूरपश्चिम प्रदेश | २०६८/६९ | ३८,३०० हेक्टर | २०८०/८१ | २७ अर्ब ७० करोड | ८१.४ | ५६.०९ |
| ४. | सुनकोशी मरिन डाइभर्सन आयोजना | बागमती प्रदेश र प्रदेश नं. २ | २०७३/७४ | १२२,००० हेक्टर, २८.६ मेगावाट | २०८०/८१ | ४६ अर्ब १९ करोड | २९४.३६ | २७२.०२ |
| ५. | महाकाली सिंचाई आयोजना | सुदूरपश्चिम प्रदेश | २०६३/६४ | ३३,५२० हेक्टर | २०८०/८१ | ३५ अर्ब | ६९ | ६९ |
| ६. | भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना | कर्णाली प्रदेश, लुम्बिनी प्रदेश | २०६८/६९ | ५१,००० हेक्टर, ४६.८ मेगावाट | २०७९/८० | ३३ अर्ब १९ करोड | ५९.६६ | ८०.८ |
| ७. | माथिल्लो तामाकोशी जलविद्युत् आयोजना | बागमती प्रदेश | २०६७/६८ | ४५६ मेगावाट | २०७७/७८ | ५२ अर्ब ८ करोड | सम्पन्न | |
| ८. | बुढी गण्डकी जलविद्युत् आयोजना | गण्डकी प्रदेश | २०६९/७० | १२०० मेगावाट | २०८३/८४ | २ खर्ब ६० अर्ब | १६ | ८५ |
| ९. | विद्युत् प्रशारण आयोजना | बागमती प्रदेश, लुम्बिनी प्रदेश | तयारी चरणमा रहेको | ४०० के.भि. २८९ कि.मि. आन्तरिक २३ कि.मि. अन्तरदेशीय | | अमेरिकी डलर ५२ करोड | ४.२३ | ३९.१२ |
| १०. | पश्चिम सेती जलविद्युत् आयोजना | सुदूरपश्चिम प्रदेश | | १२०० मेगावाट | | | - | - |
| ११. | गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल | लुम्बिनी प्रदेश | २०७२/७३ | ३०००×६० एकल धावन मार्ग | २०७७/७८ | ६ अर्ब ८२ करोड | सम्पन्न | |
| १२. | पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल | गण्डकी प्रदेश | २०६८ | २५००×४५ एकल धावन मार्ग | २०७९/८० | २२ अर्ब | ५० | ४५.१५ |
| १३. | निजगढ अन्तराष्ट्रिय विमानस्थल | प्रदेश नं २ | २०७१/७२ | ३६००×४५ एकल धावन मार्ग | २०८५/८६ | १ खर्ब २० अर्ब | - | २.५७ |
| १४. | पूर्व पश्चिम विद्युतीय रेलमार्ग आयोजना | | | | | | २२ | २१.४५ |
| १५. | हुलाकी राजमार्ग | प्रदेश नं १, प्रदेश नं २, | २०६६/६७ | १७९२.४२ कि.मि. | २०७९/८० | ६५ अर्ब २० करोड | १९.६४ | ३९.१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेश | | | | | | |
| १६. | पुष्पलाल (मध्य-पहाडी) लोकमार्ग | प्रदेश नं १, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश | २०६४/६५ | १८७९ कि.मि. | २०७९/८० | १ खर्ब १ अर्ब ५० करोड | १७ | १६.२ |
| १७. | उत्तर दक्षिण (कोशी) लोकमार्ग | प्रदेश नं १ | २०६५/६६ | १६२ कि.मि. | २०८०/८१ | १६ अर्ब २० करोड | २९ | २५ |
| १८. | उत्तर दक्षिण (कालीगण्डकी) लोकमार्ग | गण्डकी प्रदेश | २०६६/६७ | ४३१ कि.मि. | २०८०/८१ | २७ अर्ब | १६[##] | १२[##] |
| १९. | उत्तर दक्षिण (कर्णाली) लोकमार्ग | कर्णाली प्रदेश, लुम्बिनी प्रदेश | २०६४/६५ | २८४ कि.मि./ १४५ कि.मि. | २०७९/८० | ४ अर्ब १० करोड | ५२.७[#] | ६४[#] |
| २०. | काठमाडौं तराई-मधेस द्रुत मार्ग | प्रदेश नं २, बागमती प्रदेश | २०७४/७५ | ७२.५ कि.मि. | २०८०/८१ | २ खर्ब १३ अर्ब ९५ करोड | ७.१ | ९.१ |
| २१. | मेलम्ची खानेपानी आयोजना | बागमती प्रदेश | २०५५ | ५१ करोड लिटर | २०७७/७८ (प्रथम चरण) | ३१ अर्ब ३६ करोड | सम्पन्न | |
| २२. | पशुपती क्षेत्र विकास कोष | बागमती प्रदेश | २०५७/५८ | २८६.६ हेक्टर | २०७८/७९ | १ अर्ब २७ करोड | ६५ | ४७ |
| २३. | लुम्बिनी क्षेत्र विकास कोष | लुम्बिनी प्रदेश | सन् १९७८ | ११५५ बिगाह | २०७८/७९ | ७ अर्ब ५० करोड | ६०.४ | ४५.७ |
| २४. | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | प्रदेश नं १, प्रदेश नं २, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश | २०७१/७२ | तराई मधेशका ३७ जिल्ला | २०९३/९४ | १० अर्ब २२ करोड | २९.५ | १४.३ |

[#] गैंडाकोट-राम्दी-मालढुङ्गा, [##] बेनी-जोमसोम-कोरला

*स्रोत : अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय गौरवका आयोजनाहरु ।*

## ६.३ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### ६.२.१ चुनौती

ठूलो पूर्वाधारहरुको निर्माणको क्षमता न्यून हुँदा यस क्षेत्रका चुनौतीहरु खासै परिवर्तन भएको पाइँदैन । सदावहार रुपमा दोहोरिने यस क्षेत्रका चुनौती निम्नानुसार छन् । पूर्वाधार क्षेत्रका अधिकांश चुनौतीहरु पहिले नै प्रतिवेदनमा प्रस्तुत गरिएका छन् । निश्चित गरिएका आयोजनाहरुको पूर्वतयारीका कार्यहरु पुरा गर्न नसक्नु, वर्षको प्रारम्भमै गर्नुपर्ने कार्यहरु समयमै नगर्नुले वार्षिक कार्ययोजनाले तोकेको समयमा सम्पन्न नहुने चुनौती सृजना गरेको छ । यसका साथै मेशिन र उपकरण एवम् विस्फोटक पदार्थ समयमा आपूर्ति गर्नु चुनौतीपूर्ण रहेको छ ।

**तालिका ६.३ : पूर्वाधार क्षेत्रका प्रदेशगत चुनौती**

| प्रदेश | चुनौती |
|---|---|
| कोशी प्रदेश | • प्रसारण लाइन तथा सडक विस्तारका क्रममा अवैज्ञानिक तवरले खनिएका सडक तथा खोलिएका ट्र्याकले हुने वन विनास, यसले सिर्जना गरेको वातारणीय जोखिम, मानवीय जीउधनको क्षतीलाई न्यूनीकरण गर्दै दिगो विकासको लक्ष्य हासिल गर्नु ।<br>• उक्त प्रदेशभित्र आर्थिक, सामाजिक, भौगोलिक,जनसाङ्खिक हिसाबले महत्वपुर्ण हुनसक्ने विभिन्न पूर्वाधार आयोजनाहरुको बृहत संभाव्यता अध्ययन (Mass Feasibility Study) गरी उपयोगिताका आधारमा आयोजनाहरुलाई क्रमागत गर्ने परियोजना बैंकको स्थापना गरी हरित आयोजनाहरुको छनौट र कार्यान्वयनमा उच्च प्राथमिकता प्रदान गर्नु । |
| मधेश प्रदेश | • सप्तरी जिल्लामा रहेको गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रमा डेरी र केही खाद्य उद्योगहरू बाहेक अन्य ठूला उद्योगहरू सञ्चालनमा नरहेको सन्दर्भमा उक्त औद्योगिक क्षेत्रको व्यवस्थापनमा सुधार ल्याई थप उद्योगहरू सञ्चालन हुने वातावरण तयार पार्नु ।<br>• रेलसेवाको प्रभावकारी सञ्चालनको लागि दक्ष जनशक्तिको व्यवस्थापन गरी दिगो र भरपर्दो रुपमा रेलसेवा सञ्चालन गर्नु ।<br>• पूर्वाधार क्षेत्रको विकासमा आउने समस्याहरू समाधान गर्न अन्तर-निकाय समन्वय कायम गर्ने र निर्माण शुरु भएका आयोजनाहरूको काम समयमै सम्पन्न गर्न निर्माण व्यावसायी र ठेकेदारको क्षमता अभिवृद्धि गर्नु । |
| बागमती प्रदेश | • नक्सापास बिना संरचना निर्माण हुने पद्धतीलाई हटाई माटोको परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गरेर मात्र नक्सापास गर्ने कार्यलाई प्रवर्द्धन गर्नु ।<br>• सडक, यातायात, खानेपानी लाइन, सरसफाई, ढल तथा विजुलीको लाइन/पोल व्यपस्थापन चुस्त बनाई सोको गुणस्तर वृद्धि गर्न सर्वसाधारणलाई पर्न सक्ने भौतिक असुविधा तथा स्वास्थ्यमा पर्ने प्रतिकूल असरलाई न्युनीकरण गरी उक्त कार्यहरु एकीकृत तथा व्यवस्थित रुपमा सम्पन्न गर्नु । |
| गण्डकी प्रदेश | • पूर्वाधार क्षेत्रका आयोजनाहरु निर्माणको क्रममा घर/जग्गा मु-आब्जा सम्बन्धी विवाद शीघ्र समाधान गर्ने विधि र प्रक्रियाको अभावमा आयोजना समयमै सम्पन्न हुन नसक्ने तथा उल्लेख्य रुपमा लागत वृद्धि हुने समस्या समाधान गर्नु ।<br>• सडक, सिँचाई, खानेपानी र सञ्चार लगायतका पूर्वाधार निर्माण सम्बन्धी कार्यहरुमा विभिन्न सरोकारवाला निकायहरुको आपसी समन्वयमा निर्माण कार्य व्यवस्थित गर्नु । |
| लुम्बिनी प्रदेश | • तराईका विभिन्न जिल्लाहरुमा बाढी, भुक्षय, डुवान र कटान जस्ता समस्या समाधान गर्ने गरी पूर्वाधार निर्माण कार्य गर्नु ।<br>• भौगोलिक जटिलताका कारण सिद्धबाबा सुरुङ मार्ग समयमै सम्पन्न गर्नु । |

| | |
|---|---|
| कर्णाली प्रदेश | • प्रदेशका सबै जिल्लाहरुमा प्रदेश राजधानी सुर्खेतबाट सहज, सुलभ तथा गुणस्तरिय सडक र हवाई सञ्जालको विकास गर्नु ।<br>• भौगोलिक विकटताका बावजुद यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य, सडक, विद्युत् लगायतका पूर्वाधारहरुको विकास गर्नु ।<br>• कठिन भू-बनोटको कारणले अत्यावश्यक भौतिक पूर्वाधारहरुको निर्माण तथा पुनर्निर्माण कार्यहरुको लागत कम गर्नु । |
| सुदूर पश्चिम प्रदेश | • यस प्रदेशका धेरैजसो उद्योगहरु भारतीय दक्ष कामदार तथा आयातित कच्चा पदार्थमा निर्भर रहेकोले स्वदेशी कामदारको दक्षता अभिवृद्धि गरी स्थानीय कच्चा पदार्थको प्रवर्द्धन तथा शुपथ मूल्यमा कच्चा पदार्थ आयात गर्न सकिने व्यवस्था गरी भारतीय कामदारलाई विस्थापित गर्नु ।<br>• भौगोलिक रुपमा विकट पहाडी तथा हिमाली जिल्लाहरुमा दिगो पूर्वाधार निर्माण गर्नु । |

### ६.२.२ सम्भावना

राष्ट्रिय महत्वका आयोजनाहरु एकीकृत अनुगमन प्रणालीमा आवद्ध गरी डेक्स मोनिटरिङ गर्ने कार्य अघि बढाइएकोले आयोजनाले भोगेका समस्या समाधान हुने सम्भावना बढेको छ । यसका साथै स्रोत सुनिश्चित नभएका आयेजनाको कार्य अगाडी नबढाउने, वातावरणीय प्रभाव मूल्यांकन भएका आयोजनाहरु मात्र अगाडी बढाउने लगायतका निर्णयले पनि पूर्वाधार निर्माण समयमै सम्पन्न हुने सम्भावना बढाएको छ ।

**तालिका ६.४ : पूर्वाधार क्षेत्रका प्रदेशगत सम्भावना**

| प्रदेश | सम्भावना |
|---|---|
| कोशी प्रदेश | • जलविद्युत् उत्पादनको लागि भौगोलिक अनुकुलता र प्रचुर जलस्रोत रहेको सन्दर्भमा सर्वसाधारणबाट जलविद्युत् आयोजना निर्माण गर्न आवश्यक पुँजी जुटाउन समेत सहज हुँदै गएको, अन्तरदेशीय विद्युत् प्रसारणलाइन निर्माणको क्रममा रहेको तथा थप जलविद्युत् आयोजना निर्माणका लागि सम्झौता भएकाले जलविद्युत्को उत्पादन तथा निर्यातबाट मुलुकको अर्थतन्त्रमा टेवा पुग्ने देखिएको ।<br>• यस प्रदेशमा रहेको देशकै प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल माता पाथिभरादेवि मन्दिर सम्म धार्मिक पर्यटकहरुलाई सहज यात्राका लागि केवलकारको निर्माण गरी आन्तरिक र बाह्य पर्यटकलाई आकर्षित गर्न सकिने । |
| मधेश प्रदेश | • अन्नको भण्डार भनेर चिनिने मधेश प्रदेशको भौगोलिक सुगमता र सक्रिय जनशक्तिको लाभ लिई कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै पर्याप्त आन्तरिक रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको ।<br>• मधेश प्रदेशमा सरकारी, गुठी र निजी स्वामित्वका समतल १२ विघा जस्ता धेरै खुल्ला जग्गा तथा मैदानहरू रहेकोमा हालसम्म यस्ता जमिनको सदुपयोग हुन नसकिरहेकोले त्यस्ता खुल्ला स्थानहरूको पहिचान गरी फुटबल तथा क्रिकेट मैदान जस्ता संरचनाहरू तयार गरी उपयोग गर्न सक्ने सम्भावना रहेको । |
| बागमती प्रदेश | • काठमाडौ उपत्यका, चितवन, बनेपा लगायतका ठूला सहरहरुलाई व्यवस्थित गर्न Intelligent Traffic Light System, Parking Garage, Utility Corridor लगायतको पूर्वाधार निर्माण गर्न सकिने ।<br>• महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाँऊपालिकाहरुको कार्ययोजनामा पुर्वाधारलाई प्राथमिकतामा राखिएको हुनाले भौतिक पूर्वाधार निमार्णले छिटो गति लिने सम्भावना रहेको । |

| | |
|---|---|
| गण्डकी प्रदेश | • मुस्ताङ जिल्लामा सौर्य तथा वायु उर्जाको प्रचुर सम्भावना भएकाले सोको विस्तृत अध्ययन गरी सौर्य तथा वायु उर्जा उत्पादन गर्न सकिने सम्भावना रहेको ।<br>• उत्तर दक्षिण लोकमार्गको रुपमा रहेको कालीगण्डकी करिडोरले यस प्रदेशलाई उत्तरमा कोरला नाकामार्फत् चीनसँग र दक्षिणमा त्रिवेणी नाकामार्फत् भारतसँग अन्तर्राष्ट्रिय व्यापारको ढोका खोलिदिने भएकोले यसको निर्माण सम्पन्न भएपश्चात् यस प्रदेशको वैदेशिक व्यापारमा ठूलो टेवा पुग्ने सम्भावना रहेको । |
| लुम्बिनी प्रदेश | • लुम्बिनी विकासकोष गुरुयोजना सम्पन्न भए पश्चात् पर्यटकीय तथा आर्थिक गतिविधि विस्तार भई थप रोजगारीको अवसर सिर्जना हुने ।<br>• उक्त प्रदेशमा रहेका सिँचाई आयोजनाहरुको निर्माण कार्य सम्पन्न भए पश्चात् पर्याप्त सिंचाई सुविधा उपलब्ध भई कृषि उत्पादन वृद्धि हुने सम्भावना रहेको ।<br>• महेन्द्रराज मार्ग अन्तगर्त नारायणगढ-बुटवल सडक खण्डको स्तरोन्नती पश्चात् यस प्रदेशको आर्थिक गतिविधि बढ्ने सम्भावना रहेको । |
| कर्णाली प्रदेश | • कठिन भू-बनोटले सडक बिस्तारको सम्भावना कम भएका क्षेत्रमा सुरुङ्ग मार्ग, केबलकारको प्रयोगको सम्भावना रहेको ।<br>• कर्णाली, भेरी लगायतका ठूला हिमनदीहरु रहेकाले प्रचुर मात्रामा जलविद्युत् उत्पादन गरी रोजगारी सृजना गर्न सकिने । |
| सुदूरपश्चिम प्रदेश | • प्रदेश सरकारले प्रत्येक जिल्लामा एउटा पर्ने गरी कुल ९ वटा महत्वपूर्ण सडक योजनालाई प्रदेश गौरवका आयोजनाका रुपमा छनौट गरी निर्माण कार्य अगाडि बढाइएकाले ग्रामीण तथा पहाडी भेगमा सडक पूर्वाधार तयार भई उत्पादनको बजारीकरणमा सहयोग पुग्नुको साथै स्थानीय कृषिजन्य उपजहरुको उत्पादन लागत घट्न गई प्रतिस्पर्धात्मक क्षमता बढ्ने तथा रोजगारी एवं व्यापार वृद्धिमा समेत सकारात्मक प्रभाव पर्न जाने ।<br>• यस प्रदेशमा उत्पादनमुलुक उद्योगको संख्यामा वृद्धि हुन सकेमा रोजगारीको लागि भारत जाने बाध्यता हट्ने सम्भावना रहेको । साथै, भारतबाट आर्जन गरेको आय र सीपलाई प्रदेशमा नै राजगारी अवसर सिर्जना गर्न उपयोग गर्न सकिने । |

## चुरे क्षेत्र र यसको महत्व

तराईको समथल भूभाग सकिने बित्तिकै दक्षिणबाट उत्तरतिर उठेको भागलाई चुरे भनिन्छ। खुकुलो पत्रे चट्टान र कमलो माटोले बनेको यो पर्वतीय भू-भाग नेपालको पूर्वदेखि पश्चिमसम्म ८ सय ५० कि.मि.सम्म फैलिएको छ। समुद्र सतहदेखि १२० मिटर (सम्परी, ठेलिया) देखि १९७२ मिटर (कैलाली, भासुभीर) सम्मको उचाइमा चुरे फैलिएको छ। चुरेलाई चुरिया र शिवालिक पर्वत पनि भनिन्छ। झण्डै चार करोड वर्ष अगाडी हिमालयको उत्पत्तिको क्रममा नदीजन्य पदार्थहरु थुप्रिएर एउटा पहाड बन्यो र हिमालय पर्वत अग्लिदै जाँदा हिमालय र हिमालपारीको तिब्बती पठारबाट बगेर आउने ग्रेगान /थेगर थुप्रिएर कालान्तरमा चुरे बनेको विश्वास छ। नेपालको कुल भुभागको १२.८ प्रतिशत चुरे क्षेत्रले ओगटेको छ। यस क्षेत्र पूर्वमा इलाम देखि पश्चिममा कञ्चनपुरसम्मका ३६ वटा जिल्लामा फैलिएको छ। चुरे क्षेत्रमा नदीले बनाएका केही खोँचहरु पनि रहेका छन्। सिन्धुलीको मशिन खोंच र कमला खोंच डडेल्धुराको रङ्गुन खोंच यस क्षेत्रमा रहेका मुख्य खोंचहरु हुन्। चुरे भन्दा माथि भित्रि मधेश र महाभारत श्रृंखला फैलिएको छ।

**प्रदेश अनुसारको चुरे क्षेत्र**

| प्रदेश नं | शिवालिक (हेक्टर) | तराई (हेक्टर) |
|---|---|---|
| कोशी | ८७२५२ | ६२९६५ |
| मधेश | १०५३३६ | ९२४४६ |
| बागमती | ८१७८६ | ० |
| गण्डकी | १६०६४ | ० |
| लुम्बिनी | १९०५०३ | ५४९२४ |
| कर्णाली | २४७७९ | ० |
| सुदूर पश्चिम | १०१२५९ | १०८९९२ |
| **जम्मा** | **६,०६,९७८** | **३,१९,३२७** |

चुरे क्षेत्रबाट निस्केको खोलाहरुले भावर र तराई क्षेत्रको पानी रिचार्ज गर्ने गर्दछ र यसले कृषि उत्पादनका साथै जीवनयापनमा महत्वपूर्ण भूमिका खेल्दछ। जैविक विविधताले धनी रहेको यस क्षेत्रमा नेपालमा पाईने ५५ प्रकारका वन मध्ये ९ प्रकारका वन, २७ प्रकारका चराका वासस्थान मध्ये १४ बासस्थान, २१९३ प्रजातिका प्राणीमध्ये १३०८ प्रजातिका प्राणीहरु पाइन्छन्। यस क्षेत्र सामाजिक, सांस्कृतिक, पुरातात्विक, धार्मिक हिसाबले परिपूर्ण छ। चुरेबाट निस्कने पानीले दक्षिणतिर समथर फैलिएको तराईका लाखौं जनताका लागि पानी सञ्चित गरी भूमिगत जल भण्डारणमा सहयोग पुग्दछ। यस क्षेत्र पारिस्थितिक सेवा (Ecosystem Services) र पर्यापर्यटन (Ecotourism) को लागि पनि महत्वपूर्ण रहेको छ।

नेपाल सरकारले आर्थिक वर्ष २०६६/६७ देखि लागु गरी आर्थिक वर्ष २०७०/७१ देखि **राष्ट्रपति चुरे संरक्षण कार्यक्रमलाई** राष्ट्रिय गौरवको आयोजनाको रुपमा अगाडि बढाइएको छ। आर्थिक वर्ष २०९०/९१ मा सम्पन्न गर्ने भनिएको उक्त कार्यक्रमको कुल अनुमानित लागत रु.२ खर्ब ४९ अर्ब ७० करोड (आर्थिक वर्ष २०७२/७३ को मूल्यमा) रहेको छ। बिरुवा उत्पादन, वृक्षरोपण, खहरे खोला तथा नदी नियन्त्रण, ताल तलैया संरक्षण, भूमिगत जल पुर्नभरण तथा संरक्षण, तटबन्ध तथा ड्याम निर्माण, काष्ठ तथा गैर काष्ठ उद्योग संचालन, पर्यापर्यटन क्षेत्र प्रवर्द्धन र चुरे क्षेत्र सम्बन्धी विभिन्न अध्ययन अनुसन्धान गर्ने जस्ता क्रियाकलापद्वारा चुरे तराई मधेश क्षेत्र संरक्षण गरिने यो कार्यक्रमको कार्यान्वयन पश्चात् करिब ४२ लाख जनसंख्या लाभान्वित हुनेछन्।

*(स्रोतः राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम)*

## परिच्छेद ७

# बाह्य क्षेत्र र रोजगारी

### ७.१ वैदेशिक व्यापार

आर्थिक वर्ष २०७९/८० को पुस मसान्तसम्ममा कुल वस्तु निर्यात ३२ प्रतिशतले कमी आई रु.८० अर्ब ८० करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो निर्यात ९५.५ प्रतिशतले वृद्धि भएको थियो। गन्तव्यका आधारमा भारत तथा चीनतर्फ क्रमशः ४०.१ प्रतिशत र २५.२ प्रतिशतले निर्यातमा कमी आएको छ भने अन्य मुलुक तर्फको निर्यातमा ३.६ प्रतिशतले वृद्धि भएको छ।

आर्थिक वर्ष २०७९/८० को पुस मसान्तसम्ममा कुल वस्तु आयात २०.७ प्रतिशतले कमी आई रु. ७ खर्ब ९२ अर्ब ६६ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ५१.१ प्रतिशतले बढेको थियो। वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयातमा क्रमशः १९.४ प्रतिशत, २४.६ प्रतिशत र २१.४ प्रतिशतले कमी आएको छ।

**तालिका ७.१ : आर्थिक वर्ष २०७९/८० को प्रथम छ महिनाको नेपालको आयात निर्यात स्थिति**

| निर्यात | | | आयात | | |
|---|---|---|---|---|---|
| **देश** | **रु. अर्बमा** | **प्रतिशत** | **देश** | **रु. अर्बमा** | **प्रतिशत** |
| भारत | ५७.८ | ७१.६ | भारत | ४८६.३ | ६१.४ |
| अमेरिका | ९.१ | ११.३ | चीन | ११० | १३.९ |
| जर्मनी | २.१ | २.६ | इन्डोनेसिया | २४.९ | ३.१ |
| बेलायत | १.६ | १.९ | युएई | १८ | २.३ |
| टर्की | १.० | १.२ | अर्जेन्टिना | १६.६ | २.१ |
| फ्रान्स | ०.९ | १.१ | मलेसिया | ९.८ | १.२ |
| अस्ट्रेलिया | ०.८ | १ | कतार | ९.७ | १.२ |
| जापान | ०.८ | ०.९ | अमेरिका | ९.० | १.१ |
| क्यानडा | ०.७ | ०.८ | ओमन | ८.९ | १.१ |
| इटाली | ०.६ | ०.८ | अस्ट्रेलिया | ८.१ | १ |
| अन्य | ५.५ | ६.८ | अन्य | ९१.३ | ११.५ |
| **कुल** | **८०.८** | **१००** | **कुल** | **७९२.७** | **१००** |

*स्रोतः भन्सार विभाग, २०७९*

आर्थिक वर्ष २०७९/८० को प्रथम छ महिनासम्म कुल वस्तु व्यापार घाटा १९.२ प्रतिशतले कमी आई रु.७ खर्ब ११ अर्ब ८६ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा ४६.६ प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा निर्यात-आयात अनुपात १०.२ प्रतिशत पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ११.२ प्रतिशत रहेको थियो।

भन्सार बिन्दुको आधारमा विश्लेषण गर्दा मधेश प्रदेशमा रहेका भन्सार नाकाहरुबाट सबैभन्दा बढी वस्तु आयात भएको छ भने सुदूर पश्चिम प्रदेशमा रहेका भन्सार कार्यालयबाट सबैभन्दा कम वस्तु आयात भएको छ । यसैगरी, कोशी प्रदेशमा रहेका भन्सार नाकाहरुबाट सबैभन्दा बढी निर्यात भएको छ भने सुदूरपश्चिम प्रदेशमा रहेका भन्सार नाकाहरुबाट सबैभन्दा कम निर्यात भएको छ । गण्डकी र कर्णाली प्रदेशस्थित भन्सार बिन्दुबाट नगन्य मात्रामा वैदेशिक व्यापार भएको छ (तालिका ७.२) ।

**तालिका ७.२ : भन्सार विन्दुको आधारमा वैदेशिक व्यापारको प्रदेशगत स्थिति**

| प्रदेश | प्रमुख भन्सार विन्दुहरु | आयात (रु. अर्बमा) | निर्यात (रु. अर्बमा) |
|---|---|---|---|
| कोशी प्रदेश | भद्रपुर, विराटनगर, मेची, सुनसरी | ११९.६७ | ३३.५ |
| मधेश प्रदेश | बीरगञ्ज, सुख्खा बन्दरगाह, गौर, जलेश्वर, जनकपुर, राजविराज, सर्लाही, सिराहा, | ४००.५९ | २३.२८ |
| बागमती प्रदेश | रसुवा, तातोपानी, त्रिभुवन विमानस्थल, चोभार,टाँडी | १०३.१५ | १७.५६ |
| लुम्बिनी प्रदेश | भैरहवा, कृष्णनगर, नेपालगञ्ज, महेशपुर, सुठौली, गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल | १५६.०४ | ५.९७ |
| सुदूर पश्चिम प्रदेश | कैलाली, कञ्चनपुर, सत्ती | १३.२१ | ०.४७ |
| **जम्मा** | | ७९२.६७ | ८०.८० |

*स्रोत : भन्सार विभाग, २०७९*

आर्थिक वर्ष २०७८/७९ मा आयात गरिएका मुख्य वस्तुहरुमा पेट्रोलियम पदार्थ, सवारी साधन तथा पाटपुर्जा, मेसीनरी उपकरण तथा पाटपुर्जा, औषधि, भटमासको कच्चा तेल, सञ्चार उपकरण, एम. एस. बिलेट, धान/चामल, सुन, कोइला, तथा विद्युतीय उपकरण आदि रहेका छन् । समीक्षा वर्षमा निर्यात गरिएका मुख्य वस्तुहरुमा भटमासको तेल, पाम तेल, गलैंचा, पोलिस्टर धागो, जुटका सामान, जुस, अलैंची, तयारी पोशाक, कपडा, पश्मिना, पिना, जडीबूटी, आयुर्वेदिक औषधि तथा चाउचाउ आदि रहेका छन् (तालिका ७.३) ।

**तालिका ७.३ : भन्सार विन्दुको आधारमा आयात निर्यात गरिएका मुख्य वस्तुहरु**

| प्रदेश | आयात | निर्यात |
|---|---|---|
| कोशी प्रदेश | भटमासको कच्चा तेल, कच्चा पाम तेल, एल.पी.ग्याँस, सुर्यमुखीको कच्चा तेल, फलाम वा इस्पातका अर्ध-तयारी उत्पादन, फलामका कच्चा पदार्थ/पाता तथा डण्डी, मकै,शुरु अवस्थाको पोलिप्रोपिलिन, पेट्रोल, डिजल, काँचो सनपाट आदि । | भटमासको तेल, पाम तेल, फलफुलको रस, सूर्यमूखीको दाना तथा तेल, अलैंची, चीया, अदुवा, धागो, बुनिएका कपडा, आदि । |
| मधेश प्रदेश | डिजल, पेट्रोल, भटमासको कच्चा तेल, एल.पी.ग्याँस, कच्चा पाम तेल, कोइला, औषधि,फलाम वा इस्पातका अर्द्ध-तयारी उत्पादन, फलामका कच्चा पदार्थ/पाता तथा डण्डी,सुर्यमुखीको कच्चा तेल, धान आदि । | भटमासको तेल, पाम तेल, सूर्यमूखीको दाना तथा तेल, चिउरा, अदुवा, बुनिएका कपडा अलैंची, चिया, अम्रिसो, तरकारी, पोलिस्टर धागो, रोजिन, पास्ता, चिउरा, अदुवा, फेल्टका सामान, कत्था, गलैंचा, कपडा आदि । |
| बागमती प्रदेश | सुन, खोप मेडिसिन, सेलुलर टेलिफोन, खोप, चाँदी, ल्यापटप, प्रयोगशालाका सामाग्री, मेडिकल औजार तथा उपकरण, | गलैंचा, पश्मिना, फेल्टका सामान, कुकुर/बिरालोको खाना, ऊनको तयारी पोसाक, कस्मिरको तयारी पोसाक, सूतीको |

| | | |
|---|---|---|
| | नेटवर्क, हवाईजहाज र सम्बन्धित उपकरण, मास्क आदि । | तयारी पोसाक, सांगितिक बाद्ययन्त्र, सजावटका सामान, आदि । |
| लुम्बिनी प्रदेश | फलाम वा इस्पातका अर्द्ध-तयारी उत्पादन, एल.पी.ग्यॉस, सेलुलर टेलिफोन, कोइला, पेट्रोल, डिजल, मोटरसाईकल, तयारी सेरामिक्स,अन्य सवारी साधन (पेट्रोल ईञ्जिन १०००-१५०० सि.सि.), चामल चिनी, गहुँ आदि । | भटमासको तेल, पोलिस्टर धागो, रोजिन गलैंचा, ऊनीका बुनेका कपडा, फेल्टका सामान, बुनेका कपडा, बोरा तथा झोला, कुकुर/बिरालोको खाना, आदि । |
| सुदूर पश्चिम प्रदेश | डिजल, पेट्रोल, चामल, गहुँ, एल.पी.ग्यॉस, ट्याक्टर/ट्रेलर, कागज तथा बोर्ड, आलु, बिटुमिन, चिनी आदि । | जडिबुटी, कत्था, रोजिन, अन्य तेल, रिट्ठा, अर्द्ध तयारी खयर कत्था, गुँद, सुठो, अलैंची आदि । |

*स्रोत : भन्सार विभाग, २०७९*

समग्र देशको निर्यातमा अलैंची, चिया, अदुवा, जडीबूटी, पश्मिना, धागो, तयारी पोशाक, छाला, जुत्ता, गलैंचा, जुस, दाल, सुन-चाँदीका गहना, चाउचाउ, तयारी पोशाक, मह, कफी तथा जलविद्युत् जस्ता तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभका वस्तुहरु रहेका छन् । यसैगरी, सेवा क्षेत्र अन्तर्गत पर्यटन क्षेत्र र सूचना प्रविधि क्षेत्रका दक्ष तथा अर्धदक्ष जनशक्ति प्रतिस्पर्धात्मक लाभका क्षेत्र रहेका छन् । प्रदेशगत रुपमा निर्यातका सम्भावना भएका वस्तुहरु तालिका ७.४ मा दिइएको छ ।

**तालिका ७.४: प्रदेशगत आधारमा निर्यात सम्भावना भएका वस्तु**

| प्रदेश | वस्तु |
|---|---|
| कोशी प्रदेश | चिया, अलैंची, अदुवा, रुद्राक्ष, धागो । |
| मधेश प्रदेश | माछा, आँप, छाला । |
| बागमती प्रदेश | पश्मिना शल, उनी गलैंचा, फेल्टका सामान(खेलौना), तयारी पोशाक, जुत्ता, हस्तकला । |
| गण्डकी प्रदेश | चामल, गहुँ, मकै, कोदो, फापर, जौ, अदुवा, कफी, अलैंची, सुन्ताला, स्याउ, जडीबुटी, जलविद्युत्, ऊन । |
| लुम्बिनी प्रदेश | रोजिन र रोजिन एसिड, पोलिष्टर यार्न, कफी, अदुवा । |
| कर्णाली प्रदेश | गहुँ मकै, आलु, स्याउ, उन, अदुवा, जडिबुटी । |
| सुदूर पश्चिम प्रदेश | तरकारी, जैतुनको तेल, जडीबुटी, टर्पेन्टाइन तेल, रोजिन र रोजिन तेल, फलफुल, दुग्धजन्य पदार्थ, जलविद्युत् । |

*स्रोत : व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, २०७५*

## ७.२ रोजगारी

### प्रधानमन्त्री रोजगार कार्यक्रम

बेरोजगार व्यक्तिहरुलाई रोजगार दिन सरकारले कार्यान्वयनमा ल्याएको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७९/२०८० को पुस अन्त्यसम्ममा ८ लाख ४१ हजार ३ सय ७८ जना रोजगारको लागि सूचीकृत भएका छन् (तालिका ७.५) ।

**तालिका ७.५ : २०७९ पुस मसान्तसम्मको प्रधानमन्त्री रोजगार कार्यक्रमसम्बन्धी विवरण तालिका**

| प्रदेश | सूचीकृत बेरोजगार | | | | रोजगारीमा खटिएका संख्या | जम्मा रोजगारी दिन (हजारमा) | आयोजना संख्या |
|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | अन्य | जम्मा | | | |
| कोशी प्रदेश | ५८,०६९ | ४७,४०५ | ४ | १,०५,४७८ | ३०१७ | २६५.५ | १२२७ |
| मधेश प्रदेश | ४३,६१५ | ५२,५७३ | २ | ९६,१९० | १०५२ | ४५.८ | ५८५ |
| बागमती प्रदेश | ४६,३०६ | ४९,७८४ | १ | ९६,०९१ | ३४९० | २४९.२ | ८५६ |
| गण्डकी प्रदेश | २९,६०३ | २३,७९० | २ | ५३,३९५ | १७५४ | ८८.१ | ५९९ |
| लुम्बिनी प्रदेश | ३९,५४४ | ६४,३८८ | ६ | १,०३,९३८ | १३६६ | १२८.९ | १०२२ |
| कर्णाली प्रदेश | ९७,११९ | १,०१,०१० | १७ | १,९८,१४६ | २६२७ | १८२.२ | ७८५ |
| सुदूरपश्चिम प्रदेश | ७३,६४४ | १,१४,४९५ | १ | १,८८,१४० | १८९३ | १६७.८ | १०४७ |
| **जम्मा** | **३,८७,९००** | **४,५३,४४५** | **३३** | **८,४१,३७८** | **१५,१९९** | **११२७.५** | **६,१२१** |

*स्रोत : प्रधानमन्त्री रोजगार कार्यक्रम, २०७९*

प्रदेशगत रुपमा तुलना गर्दा कर्णाली प्रदेशबाट सबैभन्दा बढी १ लाख ९८ हजार १ सय ३८ जना बेरोजगार व्यक्तिहरु सूचीकृत भएको देखिन्छ भने गण्डकी प्रदेशबाट सबैभन्दा कम ५३ हजार ३ सय ९५ जना बेरोजगार व्यक्तिहरु रोजगारीको लागि आवेदन दिई सूचीकृत भएको देखिन्छ। सूचीकृत बेरोजगारमध्ये १५ हजार १ सय ९९ जनाले रोजगारी पाएका छन्। करीव २ लाख जनालाई कम्तीमा १०० दिनको रोजगारी दिने लक्ष्य रहेको यस कार्यक्रमले विद्यमान अवस्थामा सबै सूचीकृत व्यक्तिहरुलाई रोजगार प्रदान गर्न कठिनाई भएकाले थप गृहकार्य गर्नु पर्ने देखिन्छ।

## वैदेशिक रोजगारी

वैदेशिक रोजगार विभागबाट आर्थिक वर्ष २०७९/८० मा पुन:श्रम स्वीकृति समेत जारी गरिएको कुल ४ लाख १४ हजार ५ सय ४६ श्रम स्वीकृतिमध्ये मधेश प्रदेशको सबैभन्दा बढी १ लाख १ हजार ७ सय १७ (२४.५ प्रतिशत) र कर्णाली प्रदेशको सबैभन्दा कम १६ हजार ९ सय ६ (४.१ प्रतिशत) वैदेशिक रोजगारीका लागि स्वीकृति लिएका छन्। जिल्लागत रुपमा धनुषा जिल्लामा सबैभन्दा बढी ४१,२९३ श्रम स्वीकृति जारी गरिएको छ। Recruiting Agency, Individual-New / Total with ReEntry सहितको विवरण तालिका ७.६ मा दिएको छ।

### तालिका ७.६ : आर्थिक वर्ष २०७८/७९ मा जारी श्रम स्वीकृतिको प्रदेशगत विवरण

| प्रदेश | Recruiting Agency | Individual-New | Individual-ReEntry | G2G EPS Korea | Total with ReEntry | Total without ReEntry |
|---|---|---|---|---|---|---|
| कोशी | ४९०२१ | ६४१४ | १०३८० | २३९६३ | ८९७७८ | ५७९२० |
| मधेश | ६२५३५ | ३४१२ | ११६०६ | २४१६४ | १०१७१७ | ६६११४ |
| बागमती | ३४०७२ | ७१७० | ५८५३ | १४३६८ | ६१४६३ | ४२५९६ |
| गण्डकी | २२३०७ | ६७३९ | ६४३३ | १७७९९ | ५३२७८ | ३०३८३ |
| लुम्बिनी | ४००६२ | ६२७४ | ८०९० | १९७२० | ७४१४६ | ४७४२६ |
| कर्णाली | १२७६० | ६६४ | १०८१ | २४०१ | १६९०६ | १३७५० |
| सुदूरपश्चिम | १२१७९ | १३२२ | ११३३ | २६२४ | १७२५८ | १३९७८ |
| **कुल** | **२,३२,९३६** | **३१,९९५** | **४४,५७६** | **१,०५,०३९** | **४,१४,५४६** | **२,७२,१६७** |

*नवलपरासी र रुकुम जिल्लाको संख्या सम्बन्धित प्रदेशमा आधा/आधा राखिएको ।
*स्रोत: वैदेशिक रोजगार विभाग, २०७९*

वैदेशिक रोजगार विभागबाट प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा आर्थिक वर्ष २०७९ पुस मसान्तमा प्रमुख गन्तव्यको रुपमा मलेसिया (३९.३ प्रतिशत) रहेको छ भने दोस्रो, तेस्रो, चौंथो र पाँचौ प्रमुख गन्तव्यहरु क्रमश कतार (१६ प्रतिशत), यु.ए.ई (१३.३ प्रतिशत), साउदी अरब (१३.१ प्रतिशत), कुवेत (६.३ प्रतिशत), रहेका छन् (तालिका ७.७) ।

### तालिका ७.७: वैदेशिक रोजगारीको लागी प्रमुख गन्तव्यको विवरण

| देश | २०७७/२०७८ | २०७८/२०७९ | २०७९ पुस |
|---|---|---|---|
| कतार | ५४९१६ | १८५०१३ | ६६४६५ |
| साउदी अरब | ४६९६० | १८८९८१ | ५४२७३ |
| यु.ए.ई. | ४०४७७ | १२२६४४ | ५५१३८ |
| मलेसिया | ११३४ | ३६३२७ | १६३०६७ |
| कुवेत | १०१४ | ३५५८९ | २६१७० |
| जापान | २०७९ | ५६५६ | ४३१८ |
| बहराइन | ४९४० | १२०६९ | ४१११ |
| ओमन | ३१३३ | ६८५८ | २९३८ |
| रोमानिया | २१४७ | ७४८० | ७३६० |
| रिपब्लिक अफ कोरिया* | ३४ | ५१४३ | ५९६६ |
| इजरायल | २६ | ५९९ | ८८७ |
| अन्य | ९८३९ | ३०,७५४ | २३,८३३ |
| **कुल** | **१,६६,६९९** | **६,३७,११३** | **४,१४,५४६** |

*स्रोत: वैदेशिक रोजगार विभाग, २०७९*
**G2G समेत*

## ७.३ बाह्य क्षेत्र र रोजगारीका सम्बन्धमा रहेका चुनौती र सम्भावना

### ७.३.१ चुनौती

विश्वव्यापीकरणको बढ्दो प्रवृत्तिले एकातर्फ अन्तर्राष्ट्रिय व्यापारको आयतन विस्तार हुँदै गएको छ भने अर्कोतर्फ घोषणा भएकै मालवस्तु आयात भए/नभएको निक्र्यौल, मालवस्तुको यथार्थ मूल्याङ्कन, निर्यात गरिने वस्तुको सम्बधित देशमा मालवस्तु पैठारी गर्ने सम्बन्धी कानुनमा परिमाणात्मक वन्देज रहे/नरेको एकिन गर्नु जस्ता चुनौतीहरु भन्सार प्रशासनमा रहेका छन् । प्रत्येक वर्ष बढ्दै गएको व्यापार घाटामा कमी ल्याउनु, आन्तरिक उत्पादनमा वृद्धि गरी आयात प्रतिस्थापन गर्नु, पर्यटन क्षेत्रलाई प्रवर्द्धन गरी विदेशी मुद्रा आर्जन गर्नु, भारतसँग रहेको १७०० कि.मि. खुला सीमालाई व्यवस्थित गरी भारतसँगको व्यापारलाई औपचारिक माध्यममा ल्याउनु, वस्तु र देशगत विविधीकरण गरी निर्यात प्रवर्द्धन गर्नु, वैदेशिक व्यापार सम्बन्धी अन्तर्राष्ट्रिय मञ्चमा जनाइएका प्रतिबद्धता अनुरुप स्वीकृत मापदण्ड अनुसारको कानुन तथा कार्यविधिको व्यवस्था गर्नु आदि वाह्य क्षेत्रका चुनौतीका रुपमा रहेका छन् ।

कृषिमा आकर्षण बढाउनुका साथै उद्योग, कलकारखाना, निर्माण कार्यलाई अगाडी बढाई देशमा पर्याप्त रोजगारी सृजना गर्नु, उद्योग सञ्चालनका लागि स्वदेशी श्रमिकको दक्षता अभिवृद्धि गर्दै भारतीय श्रमिकमा परनिर्भरता घटाउनु , वैदेशिक रोजगारीमा जानेको संख्या उल्लेखनीय रुपमा बढेसँगै गन्तव्य मुलुकमा काम, तलब र सेवा सुविधाको सुनिश्चिता गर्नु, न्यून तलबका कारण डाक्टर, नर्स, ल्याव प्राविधिक लगायतका जनशक्ति पलायन हुने दर तीव्र रहेकोले समयानुकुल तलबभत्ता निर्धारण गरी जनशक्तिलाई टिकाई राख्नु, म्यानपावर कम्पनीको काम कारवाहीलाई नियमित रुपमा अनुगमन गरी वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रण गर्न वैदेशिक रोजगारीमा जाने नेपालीको दक्षता अभिवृद्धि गर्नु, वैदेशिक रोजगारीलाई मर्यादित बनाउनु, विप्रेषण आप्रवाह प्रणालीलाई सबल एवं सहज बनाउनु, औपचारिक प्रणालीमार्फत् विप्रेषण भित्र्याउनु, विप्रेषण आयको उल्लेख्य अंश उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नु, लगानीयोग्य वातावरण सृजना गर्नु, आन्तरिक रोजगारीका अवसरहरु सृजना गर्नु, सरकारद्वारा ल्याइएका रोजगार कार्यक्रममा वास्तविक वेरोजगार व्यक्तिको पहिचान गरी रोजगारी दिने तथा सूचना प्रणालीमार्फत् बेरोजगारको विवरण प्रविष्टि गर्ने आदि रोजगारीका चुनौती रहेका छन् ।

### ७.३.२ सम्भावना

अन्तर्राष्ट्रिय व्यापार तथा भन्सार जाँचपासमा एकद्वार प्रणालीको विकास हुँदै जानु, भन्सारमा स्वचालित प्रणाली लागु भएका कार्यालयहरुमा विद्युत्तीय भुक्तानीसँग आवद्ध गरिएको, प्राथमिकतामा परेका उद्योगहरुलाई निर्यात प्रोत्साहन गर्न नगद अनुदानको व्यवस्था गरिएको, जलविद्युत् उत्पादन वृद्धि भई निर्यात गर्न सुरु भएको, प्रशारण लाइन निर्माण कार्य अगाडि बढेको, वैदेशिक रोजगारीबाट आएको विप्रेषण आप्रवाहमा औपचारिक माध्यमको प्रयोग बढ्दै गएको, विप्रेषण खातालाई थप ब्याजको व्यवस्था गरिएको, गैरआवासीय नेपालीलाई स्वदेशी बैंकमा सहजरुपमा खाता खोल्न सकिने व्यवस्था गरिएको, बैदेशिक लगानीलाई सहज बनाउन एकद्वार प्रणाली लागु गरिएको, रोजगारी सृजना र उद्यमशीलता विकास गर्न नेपाल सरकारको सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान तथा सहुलियतपूर्ण कर्जा कार्यक्रम सञ्चालन भैरहेको, विलासिताको वस्तु आयातमा नगद मार्जिनको व्यवस्थाले आयात निरुत्साहित भएको आदिले व्यापार घाटामा कमी आउने तथा वाह्य क्षेत्रको चाप कम हुने सम्भावना रहेको छ । वैदेशिक रोजगारबाट फर्केका नेपालीलाई स्वदेशमा लगानी गर्न सहुलियतपूर्ण कर्जाको व्यवस्था, प्रधानमन्त्री रोजगार कार्यक्रमको पुनर्संरचना, Startup को लागि उद्यम प्रस्ताव धितोमा सहुलियत कर्जाको व्यवस्थाले अतिरिक्त रोजगार सिर्जना हुने सम्भावना रहेको छ ।

## परिच्छेद ८

# संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना

यस परिच्छेदमा संघीय सरकार र प्रदेश सरकारको बजेट एवम् कार्यक्रमको कार्यान्वयन अवस्था, प्रगति विवरण तथा कार्यन्वयनमा रहेका प्रमुख योजनाहरुको प्रादेशिक रुपमा विश्लेषण गरिएको छ ।

### ८.१ कार्यक्रम तथा परियोजनाको कार्यान्वयन

आर्थिक वर्ष २०७९/८० मा संघीय सरकारले कुल रु.१७ खर्ब ९४ अर्ब बजेट विनियोजन गरेकोमा २०७९ पुस मसान्तसम्ममा रु.५ खर्ब ७६ अर्ब खर्च भएको छ । उक्त रकम संशोधित अनुमान रकमको ३२.१ प्रतिशत हो । नेपाल सरकारले बजेटको अर्धवार्षिक समीक्षामा वार्षिक बजेटलाई संशोधन गरी कुल रु.१५ खर्ब ५० अर्ब कायम गरेको थियो ।

**तालिका ८.१ : आर्थिक वर्ष २०७९/८० को संघीय बजेटको अर्ध-वार्षिक प्रगति विवरण**

| शिर्षक | २०७९/८० को बजेट रकम (रु.अर्बमा) | पुससम्मको यथार्थ खर्च (रु.अर्बमा) | २०७९/८० को संशोधित अनुमान (रु.अर्बमा) | पुससम्मको यथार्थ खर्च (प्रतिशत) |
|---|---|---|---|---|
| चालु खर्च | ११८३.२ | ४५५.१ | १०२१.९ | ३८.५ |
| पुँजीगत खर्च | ३८०.४ | ५३.५ | ३१३.९ | १४.१ |
| वित्तीय व्यवस्था | २३०.२ | ६७.८ | २१४.२ | २९.४ |
| **कुल** | **१७९३.८** | **५७६.३** | **१५५०.०** | **३२.१** |

*स्रोत : अर्थ मन्त्रालय ।*

आर्थिक वर्ष २०७९/८० मा संघीय सरकारले कुल रु.१४ खर्ब ३ अर्ब राजस्व संकलन गर्ने लक्ष्य राखेकोमा २०७९ पुस मसान्तसम्ममा रु.४ खर्ब ८४ अर्ब राजस्व संकलन भएको छ । उक्त रकम विनियोजित रकमको ३४.५ प्रतिशत हो । नेपाल सरकारले बजेटको अर्धवार्षिक समीक्षामा वार्षिक राजस्व संकलन लक्ष्यलाई संशोधन गरी कुल रु.१२ खर्ब ४५ अर्ब कायम गरेको थियो ।

**तालिका ८.२ : आर्थिक वर्ष २०७९/८० को राजस्व संकलनको अर्ध-वार्षिक प्रगति विवरण**

| शिर्षक | २०७९/८० को बजेट रकम (रु.अर्बमा) | पुससम्मको यथार्थ राजस्व (रु.अर्बमा) | २०७९/८० को संशोधित अनुमान (रु.अर्बमा) | पुससम्मको यथार्थ राजस्व (प्रतिशत) |
|---|---|---|---|---|
| कर | १२९५.४ | ४०५.३ | ११०४.५ | ३१.३ |
| अन्य राजस्व | १०७.८ | ४७.४ | १०५.३ | ४४.० |
| विविध प्राप्ति | - | ३१.१ | ३५.० | - |
| **कुल** | **१४०३.१** | **४८३.८** | **१२४४.८** | **३४.५** |

*स्रोत : अर्थ मन्त्रालय ।*

आर्थिक बर्ष २०७९/८० कुल प्रादेशिक बजेट रु.३ खर्ब ५ अर्ब विनियोजन भएकोमा समिक्षा अवधिमा १६.२ प्रतिशत अर्थात् रु.४९ अर्ब ५० करोड खर्च भएको छ । जसमध्ये चालु खर्च २१.७ प्रतिशत र पुँजीगत खर्च १२.५ प्रतिशत भएको छ । यसरी संघीय सरकारका अतिरिक्त प्रदेश सरकारहरुको पुँजीगत बजेट खर्च गर्ने क्षमता पनि कमजोर रहेको छ ।


### तालिका ८.२ : आर्थिक वर्ष २०७९/८० को प्रदेशगत बजेटको अर्ध-वार्षिक प्रगति विवरण

| प्रदेश | बजेट रकम (रु.अर्बमा) | | | खर्च रकम (रु.अर्बमा) | | | खर्च (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत |
| कोशी | ३९.७ | १६.७ | २३.० | ९.९ | ५.५ | ४.४ | २४.९ | ३२.६ | १९.३ |
| मधेश | ४६.९ | २०.९ | २६.० | ५.१ | २.५ | २.७ | १०.९ | ११.७ | १०.२ |
| बागमती | ७०.९ | २७.१ | ४१.८ | ११.२ | ६.२ | ४.४ | १५.८ | २३.० | १०.५ |
| गण्डकी | ३५.९ | १३.३ | २२.१ | ६.० | २.९ | ३.१ | १६.६ | २१.९ | १३.८ |
| लुम्बिनी | ४२.७ | १७.९ | २४.७ | ७.९ | ४.२ | ३.६ | १८.४ | २३.५ | १४.७ |
| कर्णाली | ३२.६ | १३.२ | १९.४ | ४.३ | २.५ | १.८ | १३.० | १८.९ | ९.१ |
| सुदुर पश्चिम | ३६.७ | १२.३ | २४.२ | ५.२ | २.६ | २.६ | १४.३ | २१.३ | १०.९ |
| **जम्मा/समग्र** | **३०५.५** | **१२१.४** | **१८१.३** | **४९.५** | **२६.३** | **२२.६** | **१६.२** | **२१.७** | **१२.५** |

*स्रोत : महालेखा नियन्त्रक कार्यालय*

आर्थिक वर्ष २०७९/८० मा सबैभन्दा बढी बागमती प्रदेशमा रु.७० अर्ब ९४ करोड बजेट विनियोजन भएको थियो भने कर्णाली प्रदेशमा सबैभन्दा कम रु.३२ अर्ब ६२ करोड बजेट विनियोजन भएको थियो । खर्चतर्फ कोशी प्रदेशमा सबैभन्दा बढी कुल विनियोजनको २४.९ प्रतिशत र मधेश प्रदेशमा सबैभन्दा कम कुल विनियोजनको १०.९ प्रतिशत खर्च भएको छ ।

### चार्ट ८.१ : आर्थिक वर्ष २०७९/८० को प्रदेशगत बजेटको अर्ध-वार्षिक प्रगति




*स्रोत : महालेखा नियन्त्रक कार्यालय*

## ८.२ प्रदेशगत कार्यान्वयन भएका कार्यक्रमहरु

**आर्थिक वर्ष २०७९/८० का लागि प्रदेश सरकारहरुले बजेटमा प्रस्ताव गरेका मुख्य-मुख्य नीति तथा कार्यक्रमहरुको विवरण तपसिल बमोजिम रहेका छन् ।**

**कोशी प्रदेश**

कृषि विकासका कार्यक्रमहरु सञ्चालन गर्न प्रदेशको आगामी दश वर्षे कृषि विकासको रणनीति तर्जुमा गरी कार्यक्रमहरु सञ्चालन गर्ने । खाद्य सुरक्षाका लागि उत्पादन तथा उत्पादकत्व बढाउन उन्नत बिउ बिजनमा कृषकको पहुँच अभिवृद्धि गर्ने । रासायनिक मलको परनिर्भरतालाई क्रमशः कम गर्न प्राङ्गारिक मल उत्पादन गर्ने । व्यावसायिक कृषिको अवलम्बन, स्वरोजगारीको साधन भन्ने ध्येयका साथ कृषि तथा पशुपन्छीजन्य वस्तु उत्पादन गरी स्थानीय तहमै स्वरोजगार हुन चाहने युवाका लागि तरकारी, च्याउ र मह उत्पादन तथा पशुपन्छी पालन व्यवसाय सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गर्ने । नवप्रवर्तन कृषि कार्यक्रम अन्तर्गत उपलब्ध गराइने कर्जामा ब्याज अनुदानको व्यवस्था गर्ने । जडिबुटीको प्रमाणीकरण गर्न अन्तर्राष्ट्रिय स्तरको प्रयोगशाला निर्माणको परियोजना प्रतिवेदन तयार गर्ने । आगामी वर्ष झापा, मोरङ, सुनसरी र उदयपुरमा एकीकृत सेवा केन्द्र स्थापना गर्ने । बहुमूल्य जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारको पकेट, ब्लक र जोनको रुपमा व्यापक खेती विस्तार र प्रशोधन गरी निर्यात प्रवर्द्धन गर्ने । प्रदेशको औद्योगिक प्रोफाइल तयार गर्ने । उद्योग तथा वाणिज्य फर्म दर्ता, नविकरण लगायतका कार्यहरुलाई प्रभावकारी बनाउन घरेलु तथा साना उद्योग कार्यालयहरुबाट प्रदान गरिने सेवालाई अनलाइन प्रणालीमा आवद्ध गर्ने । विराटनगरमा प्रदेश विपद् व्यवस्थापन केन्द्रको स्थापना गर्ने ।

**मधेश प्रदेश**

कृषि तथा पशु सेवा क्षेत्रमा अध्ययन गरेका स्नातकोत्तर वा स्नातक तहको एक/एक जना जनशक्तिको व्यवस्था प्रत्येक स्थानीय तहहरुमा मिलाइने । विभिन्न रोग तथा कीरा रोकथाम गर्न सबै कृषि तथा पशु सेवा ज्ञान केन्द्रहरुमा दक्ष प्राविधिक सहायता कक्षको स्थापना गरी हटलाईन सेवा उपलब्ध गर्ने । प्रदेशलाई दुग्ध र मासु उत्पादनमा आत्मनिर्भर बनाउन दुग्ध तथा मासु मिसन कार्यक्रम लागु गर्ने । “सिँचाई मे लगानी किसान के खुशहाली” नारालाई सार्थक बनाउन डिप टयुबेल, स्यालो टयुबेल तथा साना सिँचाई आयोजनाहरुको व्यवस्थापन गर्ने । जडिबुटी विशेषता र उपलब्धताको आधारमा जडिबुटी प्रशोधन उद्योग स्थापना गरिने । प्रादेशिक लगानी सेवा केन्द्रको गठन गर्ने, चार्जिङ्ग स्टेशन निर्माण गर्ने । विद्युतीय सवारी साधनको लागि छुट्टै सवारी साधन करको दररेट निर्धारण गर्ने ।

**बागमती प्रदेश**

वास्तविक किसानलाई सहयोग पुऱ्याउने उद्देश्यले घुम्तीकोष स्थापना गर्ने । बाँझो एवं उपयोगविहीन खेतीयोग्य जमिन किसानलाई लीजमा उपलब्ध गराउने व्यवस्था मिलाउने । डेरी एक्सेलेन्सी सेन्टर स्थापना गर्ने । व्यावसायिकताका आधारमा किसानहरुको वर्गीकरण गरी किसान परिचयपत्र वितरण गर्ने । प्रदेशभित्र निर्माणाधिन दश वटा शीत भण्डार आगामी वर्ष सम्पन्न गरिने । एक वडा एक पशु स्वास्थ्य क्लिनिक तथा कृषि प्राविधिकको व्यवस्था गर्ने । निर्माणाधीन उद्योग ग्राम सम्पन्न गर्न तथा सिन्धुली जिल्लाको हरिहरपुरगढी र मकवानपुर जिल्लाको मनहरीमा नयाँ औद्योगिक क्षेत्रको निर्माण गर्ने । आर्थिक वर्ष २०७९/८० लाई घुमफिर वर्षको रुपमा घोषणा गरी कार्यान्वयन गर्ने । तामाकोशी, भोटेकोशी, त्रिशुली, नारायणी लगायतका नदीहरुमा जल पर्यटनको विकास गर्ने । गोसाईकुण्ड एकीकृत विकास परियोजना तथा रुबी भ्याली एकीकृत विकास कार्यक्रम अगाडि बढाउने । प्रदेशभित्र नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको शहरी विकास र वातावरण विशिष्टिकृत अनुसन्धान केन्द्र स्थापना गर्ने । मुख्यमन्त्री सीप विकास तथा रोजगार कार्यक्रममार्फत्

प्रदेश भित्रका दश हजार युवालाई स्वदेश मै स्वरोजगारमूलक सीप दिने । कम्तीमा ५० बेडको सुविधा सम्पन्न प्रदेशस्तरीय सरुवा रोग अस्पताल स्थापना गर्ने तथा हेटौडा अस्पताललाई दुई सय बेडको अस्पतालमा स्तरोन्नति गर्ने । निर्माणाधिन गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको काम अघि बढाउने । भैंसे-भिमफेदी सडक खण्ड दुई लेनमा स्तरोन्नति गर्ने ।

**गण्डकी प्रदेश**

आत्मनिर्भताको लागि कृषि उत्पादन कार्यक्रम कार्यान्वयन गर्ने । विभिन्न बालीका प्रमाणित बीउ उत्पादनका आधारमा र दूध उत्पादनका आधारमा प्रोत्साहन अनुदान उपलब्ध गराउने । स्याउमा आत्मनिर्भर हुन स्याउ विशेष र शितोष्ण फलफुल विकास कार्यक्रमलाई निरन्तरता दिने । प्रमुख तालहरुको कनेक्सन ट्रेलको विकास गर्ने । एक स्थानीय तह एक प्रमुख पर्यटकीय पदमार्ग निर्माण गर्ने । होमस्टेमा स्थानीय उत्पादनमा आधारित खाद्यान्न प्रयोगलाई अनिवार्य बनाई एग्रो पर्यटन प्रवर्द्धन गर्ने । प्याराग्लाईडिङ्गको वैकल्पिक स्थानको खोजी गरी थप पर्यटकीय गतिविधि बढाउने । एक स्थानीय तह एक उद्योग ग्राम स्थापना र सञ्चालनलाई निरन्तरता दिने । नेपाल सरकारसँगको साँझेदारीमा धौवादी फलाम खानी सञ्चालन गर्ने । गण्डकी प्रदेशमा ५० बेडको मुटु रोग अस्पतालको सम्भाव्यता अध्ययन र मृगौला प्रत्यारोपणका लागि उपकरण खरिद गर्ने । गोरखाको आरुघाट हुँदै तिब्बत जोड्ने रुइला नाकासम्म पुग्ने बाँकी सडकको सम्भाव्यता अध्ययन गर्ने । पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलबाट पोखराको लेकसाइड र लेखनाथसम्म पुग्न सक्ने वैकल्पिक मार्ग सम्बन्धमा अध्ययन गर्ने । प्रदेशमा डाटा सेन्टर स्थापना गरी सञ्चालनमा ल्याउने । कृषि क्षेत्रमा प्रदान गरिने अनुदानलाई लक्षित वर्गसम्म पुऱ्याउन सूचना प्रणालीमार्फत् अनलाइन आवेदन माग छनोट र अभिलेखीकरण गर्ने सफ्टवेयर प्रणालीको व्यवस्था गर्ने ।

**लुम्बिनी प्रदेश**

दाङ्गको देउखुरीमा रहेको राप्ती उपत्यकामा राजधानी व्यवस्थापन, लुम्बिनी प्राविधिक विश्वविद्यालय, लुम्बिनी प्रादेशिक अस्पताल र पाल्पाको रामपुरदेखि रोल्पाको पातिहाल्ना सम्मको सडकलाई प्रादेशिक गौरवका आयोजनाको रुपमा कार्यान्वयन गर्ने । एक स्थानीय तह एक वन नर्सरी कार्यक्रम कार्यान्वयन गर्ने । एक स्थानीय तह, एक नमुना उत्पादन नीति अनुसार बाली वस्तु प्रवर्द्धन कार्यक्रम कार्यान्वयन गर्ने । यस वर्ष प्रदेशलाई गहुँ बीउमा आत्मनिर्भर हुने गरी बीउ उत्पादन कार्यक्रम कार्यान्वयन गर्ने । लुम्बिनी प्रादेशिक अस्पताललाई प्रादेशिक मेडिकल कलेजमा स्तरोन्नति गर्न पहल गर्ने । थारु समुदायमा हुने रगतजन्य वंशाणुगत रोगको स्क्रिनिङ, रोकथाम तथा उपचारका लागि रु.३ करोड ३० लाख विनियोजन गरिएको । प्रदेशस्तरीय ज्येष्ठ नागरिक ग्राम निर्माण गर्ने । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नजिक प्रर्दशनी एवम् बिक्री कक्ष (कोशेली घर) सञ्चालन गर्ने । कपिलवस्तुमा कपिल कागज उद्योग स्थापनाको कार्य अगाडि बढाउने । बुटवल धागो कारखाना र नवलपरासीको चिनी मिल पुनःसंरचना गरी सञ्चालनमा ल्याउन र खजुराको कपास खेतीलाई विस्तार गर्न सम्भाव्यता अध्ययन गर्ने । मायादेवी मन्दिरको उत्तरतर्फ माइक्रो रेल सञ्चालनको लागि परियोजना प्रतिवेदन तयार गर्ने । मुख्य सडक र सार्वजनिक स्थलहरुमा सौर्य बत्ती जडान गर्ने । प्रदेशका प्रमुख शहर जोड्ने रुटहरुमा विद्युतीय बस सेवा सञ्चालन गर्ने । एक स्थानीय तह एक खेलकुद संरचनाको नीति अनुरुप पालिकास्तरीय खेलकुद पूर्वाधारको निर्माण गर्ने । रोजगारदाता र बेरोजगारहरु बीचको सम्पर्क प्लेटफर्मको रुपमा मोबाइल एप तयार गर्ने । डिजिटल प्रदेश बनाउने अभियानलाई अगाडि बढाउन सूचना प्रविधि नीति तथा डिजिटल प्रदेश गुरुयोजना तयार गरी डाटा सेन्टर स्थापना गरी सञ्चालनमा ल्याइने ।

**कर्णाली प्रदेश**

पर्यटकीय सडकको रुपमा रहेका जुम्ला एयरपोर्ट-उर्थुखाली-न्याउरीघाट-बुलबुले र कालिकोट लालु-लैफु - कोटवाडा-रुप्सा हुँदै सुदूरपश्चिम प्रदेशको रामारोशन जोड्ने सडक निर्माण कार्य अगाडि बढाउने । प्रदेश राजधानी वीरेन्द्रनगरमा कर्णाली बस पार्क निर्माण गर्ने । कर्णाली प्रदेशका सम्पूर्ण नागरिकलाई कोभिड-१९ विरुद्धको खोप लगाउने व्यवस्था गर्ने । प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको स्थापना गरी सञ्चालन गर्ने । दैलेख जिल्लाको राकम कर्णालीमा ट्रमा सेन्टर स्थापना गर्ने । प्रदेश अस्पताल सुर्खेतलाई स्वास्थ्य विज्ञान प्रतिष्ठानको रुपमा विकास गरी ५०० शैयाको बनाउने । सुर्खेत जिल्लाको छिन्छुमा प्रदेशस्तरीय सरुवा रोग अस्पताल स्थापना गर्ने । निर्माणधीन प्रदेश रङ्गशालामा दशौं राष्ट्रिय खेलकुद आयोजना गर्न निर्माण कार्यलाई तिब्रता दिने । कृषि प्राविधिक स्वरोजगार प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिई थप २०० जना कृषि प्राविधिकलाई स्वरोजगार बनाउने । दुग्ध उत्पादन वृद्धि गर्न औपचारिक क्षेत्रमा दूध विक्री गरेमा कृषकलाई प्रति लिटर रु.१० वा रु.५ का दरले अनुदान दिने । बर्दियाको ठाकुरद्वाराबाट सुर्खेतको तेलपानी रानीघाट हुँदै दैलेखको पञ्चकोशीसम्म पर्यटकीय सर्किटको रुपमा विकास गरी धार्मिक पर्यटन प्रवर्द्धन गर्ने । समृद्ध कर्णालीको आधार: सूचना तथा सञ्चार प्रविधिको विस्तार अभियान अन्तर्गत विद्युतीय शासन गुरुयोजना तयार गरी कार्यान्वयन गर्ने ।

**सुदुरपश्चिम प्रदेश**

धान मिल मोडलमा धान उत्पादन वृद्धिको विशेष कार्यक्रम सञ्चालन गर्ने । दार्चुला जिल्लामा प्राङ्गारिक अदुवा उत्पादन, व्यावसायिक फलफूल खेती तथा तरकारी, आलु र मसला खेती प्रवर्द्धन तथा विस्तार गर्ने । जुनोटिक रोग नियन्त्रणका लागि आवश्यक रणनीति तय गरी पशु खोप अभियान कार्यक्रम अन्तर्गत पशुमा खोप लगाउने व्यवस्था गर्ने । चिसापानी-राजकाँडा-पण्डौन-बजेडी-खैराला हुँदै खानीडाँडासम्म गुरिल्ला ट्रेल निर्माण गर्ने । खप्तड क्षेत्र, रामारोशन क्षेत्र, बडिकेदार क्षेत्र र बैद्यनाथ धाम क्षेत्रमा पर्यटन विकास कार्य गर्ने । पहाडी क्षेत्रका परम्परागत शैलीका घरलाई हेरिटेज होमस्टेका रुपमा विकास गरी पर्यटकीय सेवा विस्तारमा जोड दिने । एक जिल्लामा कम्तिमा दुई विशेषज्ञ चिकित्सक वर्षभरी नै सेवामा रहने व्यवस्था मिलाउने । कानुनी तथा संरचनात्मक व्यवस्था गरी प्रदेश प्राविधिक विश्वविद्यालय सञ्चालनमा ल्याउने । शान्ति सुरक्षा, सडक सुरक्षा, ट्राफिक व्यवस्थापनका लागि प्रमुख राजमार्गमा सि.सि.टि.भी. क्यामरा तथा लाइट जडान गर्ने ।

## परिच्छेद ९
# आर्थिक परिदृष्य

### ९.१ मूल्य स्थिति

खाद्यान्न, दुग्ध पदार्थ, घरायसी उपभोग्य वस्तु र आयातित वस्तुको मूल्य वृद्धि तथा अमेरिकी डलरसँग नेपाली मुद्रा कमजोर हुनुका कारणले मूल्य स्थितिमा केही चाप परेको छ । तथापि, अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य विस्तारै घट्दै जानु, रुस युक्रेन युद्धको कारण आपूर्ति श्रृखंलामा आएको असहजता विस्तारै सामान्यकरण हुँदै जानु, मल आपूर्तिमा आएको केही सहजताका कारण खाद्यान्न उत्पादनमा अपेक्षित वृद्धि हुनु लगायतका कारणले गर्दा मूल्यमा रहेको चाप क्रमशः कम हुँदै जाने देखिन्छ ।

### ९.२ कृषि उत्पादन

आर्थिक वर्ष २०७९/८० मा मौसमी अनुकूलता, प्रविधिमा आएको सुधार, उन्नत तथा हाईव्रिड वीउ विजनको सहज उपलब्धता, मलखादको उपलब्धता एवं प्रयोग, उत्पादनमा आधारित कृषि अनुदान जस्ता कारणले कृषि उत्पादन केही वृद्धि भएको छ । यद्यपि, वर्षको अन्त्यमा एल लिनो प्रभावका कारण धानको विउ समयमै राख्न नपाएको, मकैको उत्पादन घटेको र यस वर्षको मनसुनमा अपेक्षाकृत वर्षाको मात्रा कम हुन सक्ने अनुमानका आधारमा अघिल्लो वर्ष भन्दा आगामी अवधि (वर्ष) मा उत्पादनमा गिरावट आउने संभावना देखिन्छ ।

### ९.३ औद्योगिक उत्पादन

तरलतामा सुधार आएको, प्रतितपत्रमा नगद मार्जिनको व्यवस्था हटेको, स्वदेशी उत्पादनलाई प्रवर्द्धन र विस्तार गर्ने सरकारी नीति रहेको, बैंकको ब्याजदर घट्दै गएको, पेट्रोलियम पदार्थको मूल्यमा केही कमी आएको, विद्युत् उत्पादन तथा आपूर्तिमा सुधार आएका कारण आगामी अवधिमा स्वदेशी औद्योगिक उत्पादनमा केही सुधार हुने देखिएको छ ।

### ९.४ सेवा क्षेत्र

पर्यटक आगमन दर बढेको, आन्तरिक पर्यटनमा मानिसहरुको रुची बढेको साथसाथै नेपाल घुमौ, नेपाल चिनौ अभियान सञ्चालनमा ल्याइएको, वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिलाई उद्यमशीलता विकास गर्ने र रोजगारीमा आबद्ध गर्ने कार्यक्रम सञ्चालनमा ल्याइएको छ । पछिल्लो समय संचार पूर्वाधारको विकास, सूचना प्रविधि उद्योगको पवर्द्धन, विद्युत्को जडित क्षमता वृद्धि जस्ता कारणले गर्दा आगामी अवधिमा सेवा क्षेत्र विस्तार हुने देखिन्छ ।

### ९.५ पूर्वाधार क्षेत्र

विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय प्रभाव मूल्यांकन, जग्गा प्राप्ति लगायत पूर्ण प्रक्रिया सम्पन्न भई साइट क्लियरेन्स सुनिश्चित भएका तथा खरीद योजना स्विकृत भएका आयोजनालाई मात्र सम्झौता गर्ने व्यवस्थाले बजेटले घोषणा गरेका पूर्वाधारहरु सम्पन्न हुने आपेक्षा गरिएको छ । यसैगरी विद्युत् प्रशारण लाइन विस्तार हुँदै गएको तथा विभिन्न सडकलाई स्तरोन्नति गर्ने कार्य सुरु भएको, केही नयाँ जलविद्युत् आयोजना सुचारु भएको, सुरुङमार्ग निर्माण कार्य अघि बढेकोले पनि आगामी अवधिमा पूर्वाधार क्षेत्रको विस्तार हुने सम्भावना रहेको छ ।

### ९.६ बाह्य क्षेत्र

विप्रेषण आप्रवाह वृद्धि भएको, पर्यटन क्षेत्रमा सुधार भएको, पेट्रोलियम पदार्थको मूल्यवृद्धिमा क्रमशः कमी आएको लगायतका कारणले चालु खाता घाटा तथा शोधनान्तर स्थितिमा सुधार भएको र आउँदा दिनमा पनि यो सुधारको प्रवृत्ति कायम रहने देखिन्छ ।

* * *